सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १६ ● अंक ३० ● काठमाडौं, शुक्रबार, पुस २, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 17, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-



# पारसलाई बन्दुक किन प्यारो ?

● अश्विनी कोइराला ●

पटक-पटक गोलीकाण्डमा बद्नाम हुँदै आएका पारसले यसअघि एभरेस्ट होटलमा गोली चलाएका थिए। मदिरा पिएर गार्डलाई कुटेको थाहा पाएपछि तत्कालीन युवराज्ञी हिमानी पारसलाई लिन त्यहाँ पुगेकी थिइन्। त्यतिबेला आफ्नो पार्टीमा श्रीमतीले हस्तक्षेप गरेको रिसमा पारसले जथाभावी गोली प्रहार गरेको बताइएको थियो। उक्त गोली प्रहारबाट कोही घाइते नभए पनि होटलले करिब पाँच लाख रुपैयाँ बराबरको क्षति बेहोर्नुपरेको थियो। त्यसको केही समयअघि बुवा ज्ञानेन्द्रका व्यवसायिक साझेदार प्रभुशमशेरका छोरा सिद्धार्थ राणालाई पनि त्यही होटलको ग्यालेक्सी डिस्कोमा मदिरा पिएको अवस्थामा कुटपिट गरेको कुरा बाहिर आएको थियो।

संसद्बाट राजतन्त्रको औपचारिक बिदाइको घोषणा भएको केही महिनापछि बिरक्तिएर नेपाल छाडेका पूर्वयुवराज पारस लगातार चर्चामा छन्। सिंगापुरमा वीरेन्द्रको वंश नाश हुनुमा दीपेन्द्र मात्र होइन, स्वयं राजा वीरेन्द्र दोषी रहेको अन्तर्वार्ता दिएर सार्वजनिक चर्चामा आएका पारस वैवाहिक जीवनको खटपटीपछि फेरि चर्चामा आए। हिमानीको नेपाल बस्ने तथा पारसको नेपाल नबस्ने विवादले उग्ररूप लिूदा हिमानी-पारस सम्बन्ध पारपाचुकेको अवस्थासम्म पुगेको बताइयो। यद्यपि पारिवारिक हस्तक्षेपपछि पारस सिंगापुर छाड्न राजी भए। बाहिर देखिएअनुसार पारस नेपाल फर्कनेबित्तिकै उनको वैवाहिक सम्बन्ध पुनः सामान्य भयो।

पारस शाह नेपाल फर्किएको केही समयपछि पूर्वयुवराज्ञी हिमानीको नाममा ट्रस्ट खुल्यो। जसलाई कतिपयले पूर्वराजा ज्ञानेन्द्र राजनीतिमा सक्रिय हुन खोजेको रूपमा लिए। यद्यपि यसको भित्री आशय पारसको छवि उजिल्याउनु नै थियो। प्रारम्भमा दोलखा जिल्लाका केही गाविसमा खानेपानी तथा स्वास्थ्यसम्बन्धी काममा हिमानी सक्रिय भए पनि पारस योजनामुताबिक क्रमशः सक्रिय हुन थाले। राजवादीहरूकै सल्लाहअनुसार पारस विभिन्न धार्मिक कार्यक्रममा सरिक भए। मुस्ताङदेखि जनकपुर हुँदै विभिन्न धार्मिक कार्यक्रममा सक्रिय हुन थालेका पारसले अचानक चितवनको टाइगर टप्स रिसोर्टमा परराष्ट्रमन्त्री सुजाता कोइरालाका ज्वाइँ रुबेल चौधरीको कञ्चटमा रिभल्बर राखेर सुट गर्ने धम्की दिएपछि छवि उजिल्याउने ती सबै योजना भताभुङ्ग भएका छन्।

पारस प्रहरीको घेरामा परे। पहिले सुरक्षा दिन खटिने प्रहरीले गृहमन्त्रीको आदेशपछि पारसलाई नियन्त्रणमा लियो। उनलाई सुरक्षा दिइरहेका प्रहरी एवं सेनालाई फिर्ता बोलाइयो। बितेका दुई दिन टाइगर टप्स रिसोर्टमा भएको भनिएको विवाद एवं हवाई फाइरिङका बारेमा सोधपुछ गरिएको थियो। गत मंगलबार उनीमाथि चितवन प्रहरी कार्यालयमा परराष्ट्रमन्त्री सुजाता कोइरालाका ज्वाइँ पारस शाहमाथि ज्यान मार्ने उद्योग गरेको एवं अवैध हतियार राखेको गरी दुईवटा मुद्दा दर्ता भएका छन्। नेपालको इतिहासमा राजपरिवारसँग सम्बन्धित व्यक्तिविरुद्ध मुद्दा दर्ता भएको यो पहिलो घटना भएको छ। हवाई फाइरिङ काण्डपछि पोखरा पुगेका पारसलाई यही घटनाको बयान लिन प्रहरीले चितवन ल्याएको थियो। समाज सेवा गर्न गत साता काठमाडौंबाट हिँडेका पारस अन्ततः अभियुक्तमा परिवर्तन भए।



पटक-पटक गोलीकाण्डमा बद्नाम हुँदै आएका पारसले यसअघि एभरेस्ट होटलमा गोली चलाएका थिए। मदिरा पिएर गार्डलाई कुटेको थाहा पाएपछि तत्कालीन युवराज्ञी हिमानी पारसलाई लिन त्यहाँ पुगेकी थिइन्। त्यतिबेला आफ्नो पार्टीमा श्रीमतीले हस्तक्षेप गरेको रिसमा पारसले जथाभावी गोली प्रहार गरेको बताइएको थियो। उक्त गोली प्रहारबाट कोही घाइते नभए पनि होटलले करिब पाँच लाख रुपैयाँ बराबरको क्षति बेहोर्नुपरेको थियो। त्यसको केही समयअघि बुवा ज्ञानेन्द्रका व्यवसायिक साझेदार प्रभुशमशेरका छोरा सिद्धार्थ राणालाई पनि त्यही होटलको पृष्ठ ७ मा जारी

## को हुन् रुबेल चौधरी ?



बंगलादेशी नागरिक रुबेल चौधरीको मुख्य बसोबास बेलायत हो। आमा-बुवाबाहेक उनका परिवारका अधिकांश सदस्य बेलायती नागरिक हुन्। उनको प्रारम्भिक शिक्षा बंगलादेशमा भए पनि उच्च शिक्षा बेलायतमै भएको थियो।

बेलायतको कलेजमा अध्ययन गर्दागर्दै सुजाताकी छोरी मेलानीसँग उनको चिनजान भएको थियो।

तीनवर्षे चिनजानपछि रुबेल र मेलानीबीच पाँच वर्षअघि विवाह भएको थियो। विवाहअघि उनले आफू बंगलादेशको सबैभन्दा धनी एवं बंगलादेशको राजनीतिमा गहिरो प्रभाव पृष्ठ ७ मा जारी

## ● क्यासेट ●

### ओ माया




विधा : पप
गायन : बुद्ध एन श्रेष्ठ
गीत/संगीत : जीवेस पाण्डे, सुरज माली, जीवन तथा बुद्ध एन श्रेष्ठ, रत्नमान डंगोल, लक्ष्मण गुरुङ, डीआर थापा, शेखर बोगाटिया
गीत संख्या : सात
उत्पादक : लिमिटेड अडिसन

### सहमति...



विधा : पप/आधुनिक
शब्द, संगीत तथा स्वर : शम्सेर गहतराज (प्रकट)
गीत संख्या : दस
उत्पादक : भ्वाइस इन्टरनेशनल

### सुनन...




विधा : पप
गायन : किरण श्रेष्ठ
गीत/संगीत : किरण, बाला, शैलेन्द्र सिंह, उर्गेन लामा
गीत संख्या : छ
उत्पादक : युवा रेकर्डस्

## ● रंगमञ्च ●

### महिला हिंसाविरुद्ध सडक नाटक



महिला हिंसाविरुद्ध राष्ट्रिय अभियानअन्तर्गत पाल्पाको ग्रामीण भेगमा महिला हिंसाविरुद्ध सडक नाटक प्रदर्शन भएको छ।

सामाजिक स्रोत विकास केन्द्र नेपालको नाट्य समूहले महिला हिंसाका स्वरूपका विषयमा जानकारी गराउन सडक नाटक प्रस्तुत गरेको हो। महिला हिंसाविरुद्धको १६ दिने राष्ट्रिय अभियान सफल पार्न भैरवस्थान, हुमिन, रामपुर, तानसेन आदि स्थानमा महिला हिंसाविरुद्धको सडक नाटक प्रदर्शन गरिएको कलाकार पीताम्बर बस्यालले बताए।

### प्रमुख अतिथि निदाएपछि

गरिबीमा हुर्किएकी गाउँकी एक सोझी युवतीलाई बेच्नका लागि दलालहरू गाउँ-गाउँमा छ्यास-छ्यास्ती घुमिरहेका थिए। आमा-बुबाले पढ्न नदिएर घाँस काटनका लागि जंगल गएकी सुनितालाई दलालहरूले बेच्नका लागि फकाइरहेका थिए, त्यत्तिकैमा मन्त्री झसङ्ग भएका थिए। सुनसरीको हासपोसा-२ तरहरास्थित जनसहयोग उच्च माविको स्वर्ण महोत्सवका अवसरमा देखाइएको चेलिबेटी बेचबिखनसम्बन्धी सन्देशमूलक नाटकको अवधिभर नै कार्यक्रमको प्रमुख अतिथि शान्ति तथा पुनर्निर्माणमन्त्री रकम चेम्जोङ निदाइरहे। नाटकमा अभिनय गरिरहँदा प्रमुख अतिथि नै निदाएपछि नाटकका कलाकारहरू मुखामुख गर्दै अभिनय गरिरहेका थिए। यद्यपि मन्त्री चेम्जोङको निद्रा खुल्न सकेन, नाटकमा रहेका मुख्य दृश्य आउँदा जब दर्शकहरू जोडले चिच्याउँथे, तब मात्र मन्त्री चेम्जोङका आँखा घरिघरि खुल्थे। मन्त्री बारम्बार निदाउन थालेपछि सभापति बनेका महोत्सव व्यवस्थापन समितिका संयोजक मणिराम गिरीले उद्घोषकसँग आग्रह गरी नाटकलाई बीचमै रोकेर स्वागत मन्तव्य व्यक्त गरे। झन्डै आधा घण्टा लामो उक्त नाटकमा एउटा ग्रामीण क्षेत्रमा हुर्किएकी सोझी युवतीलाई परिवारका सदस्यहरूले दिएको मानसिक चिन्ताका कारण सहर गएको दृश्य देखाइएको थियो। परिवारका सदस्यहरूले दिएको पीडा सहन नसकेपछि युवा-युवतीले जे पनि गर्न सक्छन् भन्ने सन्देश उक्त नाटकको थियो। नाटक विद्यालयको कक्षा-१० मा अध्ययनरत मन्दिरा घिमिरेले लेखेकी थिइन् र उनी नै नाटकको प्रमुख पात्र थिइन्। नाटकका अन्य कलाकार किरण बुढाथोकी, पिनकला राउत, अनिल धमला, प्रमिला कार्की आदि थिए।

## ● लाइभ ●

### कुमार कान्छा सहयोग साँझ

**आयोजक** : नम्रता श्रेष्ठ
**उद्देश्य** : अस्वस्थ गायक कुमार कान्छालाई सहयोग जुटाउनु
**आकर्षण** : रामकृष्ण ढकाल, हेमन्त राना, मल्लिका कार्की, सुरेश कुमार, धर्मेन्द्र सेवान, श्रेया सोताङ, द युनिटी आदि।
**स्थान** : पाटन म्युजियम, मंगलबजार
**मिति** : पुस ३ गते, शनिबार, **समय** : साँझ ६ देखि ९ बजे।
**टिकट दर** : रु. १५००/- ड्रिङ्स् तथा स्न्याक्सका साथ।

### वार अफ डिजे अडिसन पार्टी

**आयोजक** : टीएच इभेन्टस्
**विशेषता** : डिजेहरूको प्रतिस्पर्धाको शुभारम्भ
**आकर्षण** : विभिन्न डिजेहरूको सेलेक्सन गरिने
**स्थान** : कर्नर बार, र्‍याडिसन होटल, लाजिम्पाट
**मिति** : पुष २ गते, शुक्रबार, **समय** : साँझ ६ बजे

### रिदम नाइटस् टुर २०१०

**व्यवस्थापक** : पार्टी नेपाल
**विशेषता** : स्टेपअप डान्स प्रस्तुति र डान्स पार्टी
**आकर्षण** : वार अफ डिजेका विजेताका साथ कोरियोग्राफर रिनेशा राई र भिजे मानवी ढकाल आदि।
**स्थान** : क्लब प्याराडिसो, पोखरा/ ग्लोबल होटल, नारायणघाट/होटल ड्रिमल्याण्ड, बुटवल
**मिति** : पुस २ गते (पोखरा), ३ गते (नारायणघाट) तथा ५ गते (बुटवल)

## ● ग्यालरी ●

### लेटस् टक अवाउट आर्ट बेबी


आज साँझ सिद्धार्थ आर्ट ग्यालरीमा कलाकार सुजन चित्रकारको एकल चित्रकला प्रदर्शन 'लेटस् टक अवाउट आर्ट बेबी'को प्रदर्शनी सुरु हुँदैछ। चलचित्र नायिका मनीषा कोइराला तथा १९७४ एडी संगीत समूहले संयुक्त रूपमा उदघाटन गर्ने उक्त प्रदर्शनी माघ १३ गतेसम्म जारी रहनेछ।

### सम्मिश्रण तीन

नौजना कलाकारको सामूहिक चित्रकला प्रदर्शनी हिजो बिहीबार काठमाडौंको दरबार मार्गस्थित द आर्ट सपमा प्रारम्भ भएको छ। कलाकारहरू ज्वाला शाह, गोविन्दसिंह डंगोल, सुरेन्द्र प्रताप सिंह, उत्तम नेपाली, झसेन्द्र विक्रम राणा, एरिना ताम्राकार, आशा डंगोल, सुदर्शन राणा तथा सुनिता राणाका कलाकृतिहरूको उक्त प्रदर्शनीको शीर्षक 'सम्मिश्रण तीन' राखिएको छ।

## ● पुस्तक ●

### मरुस्थलको यात्रा




मानवअधिकारकर्मी कृष्ण पहाडी यसपटक ११ वटा लघु सडक नाटकको संग्रह मरुस्थलको यात्रा लिएर पाठकमाझ आएका छन्। नेपालमा राजनैतिक चेतनाको विकास तथा विस्तारमा सडक नाटकको ठूलो भूमिका छ। यसैकारण पहाडीले आफ्नो साहित्यिक गतिविधिलाई पनि सडक नाटककै क्षेत्रमा केन्द्रित गरेका छन्। राजनैतिक चेतना एवं विषयवस्तुमा केन्द्रित यो नाटक संग्रहले समसामयिक नेपाली राजनीतिलाई उद्घाटित गरेको छ। रामेश्वर नेपाल तथा भोला भट्टराईद्वारा प्रकाशित यो संग्रहको मूल्य २ सय रुपैयाँ छ।

## ● सहरको स्वाद ●

### चिकेन साँधेको



जाडोमा अमिलो र पिरो मिश्रित परिकारले शरीरमा तापक्रम बढाएर चिसो कम गर्छ भन्ने विश्वास छ। त्यही भएर होला, पुरानो बानेश्वर तथा तीनकुनेस्थित सिद्धार्थ कटेज रेस्टुराँको एउटा स्न्याक्स चिकेन साँधेको ग्राहकहरूको पहिलो रोजाइ बनेको छ। कुखराको मासुलाई उसिनेर त्यसमा मरमसला, लसुन, प्याज, अमिलो आदि मिश्रण गरेर साँधिने यो स्न्याक्स विशेषगरी मदिरासँग लिइए पनि चिया-कफी पिउन आउने ग्राहकहरूले पनि चिकेन साँधेको अर्डर गर्ने गरेका छन्।

**मूल्य : रु. १६०/- (प्रति प्लेट)**

## ● सहरमा सिनेमा ●

**भगवान् सबैको** : विश्वज्योति, जमल/गंगा, बालाजु/गोपीकृष्ण, चावहिल/ गुण, ग्वार्को/बाराही, भक्तपुर
**धर्मा** : कुमारी, कमलपोखरी/गुण, ग्वार्को/बाराही, भक्तपुर/गोपीकृष्ण, चावहिल
**नार्निया** : क्युएफएक्स सेन्ट्रल सिनेमा, सिभिल मल/जयनेपाल, हात्तिसार
**ब्याण्ड बाजा बारात** : क्युएफएक्स सेन्ट्रल सिनेमा, सिभिल मल/गोपीकृष्ण, चावहिल



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

पुस २ गते : मोक्षदा एकादशी, ३ गते : शनि प्रदोष व्रत, अन्तर्राष्ट्रिय प्रवासी दिवस, ४ गते : संयुक्त राष्ट्रसंघीय दक्षिण-दक्षिण सहयोग दिवस, ५ गते : पिशाच मोचन तीर्थ श्राद्ध, अन्तर्राष्ट्रिय मानव एकता दिवस, ६ गते : धान्यपूर्णिमा, योमरी पूर्णे, उधौली पर्व, घनेश्वर मेला, ७ गते : कोका कौशिकी संगम, विष्णुपादुका श्राद्ध प्रारम्भ।

### मेष

मान सम्मान पाइनेछ। पहिलो भेटमै सहयोगका हात अघि बढ्नेछन्। प्रेम गर्ने अवसर पनि जुट्नेछ। अरूको मन जित्न सकिनेछ। धन आर्जन हुनसक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। घरेलु सहयोग तथा आफन्तहरूको सद्भाव बढ्नेछ। खर्चको गति तीव्र हुने तथा झूटा आरोप लाग्न सक्ने भएकाले सजगता अपनाउनुहोला।

### मिथुन

काममा सफलता एवं मान-सम्मान पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता पाउनुहोला। अध्ययन एवं आम्दानीमा क्रमशः सुधार आउनेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### सिंह

सानातिना उल्झन आए पनि लक्ष्य पूरा हुनेछ। भाग्यले साथ दिनेछ भने सोच्ने शक्ति पनि बढ्नेछ। मन प्रसन्न रहनेछ। धन आर्जन हुनेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने सम्भावना छ। बिहीबार घरेलु समस्याले सताउनुका साथै अनावश्यक विवादले काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। स्वास्थ्य गडबड हुन सक्छ।

### तुला

मान-सम्मान प्राप्त हुनेछ। काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर पनि जुट्नेछ। अरूको मन जित्न सकिनेछ। जोस एवं जाँगर बढ्नेछ। आइतबार र सोमबार नैराश्यता, उदासीनता बढ्नुका साथै काममा बाधा उत्पन्न हुनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। झूटाआरोप पनि लाग्न सक्छ।

### धनु

मन प्रसन्न रहनेछ। नसोचेको काममा सफलता पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। साताको अन्त्यमा स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने, मन अशान्त हुने तथा कुरा काट्नेहरूले सताउने देखिन्छ।

### कुम्भ

समय राम्रो छ। पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। काममा सफलता हात पर्नेछ। कुरा काट्नेहरूले पनि विश्वास गर्न थाल्नेछन्। समयले साथ दिनेछ। धन-मान आर्जन हुनका साथै भेटघाटमा मन रमाउनेछ। नोकरी तथा राजनीतिमा गरेका प्रयासहरू प्रशंसनीय हुनेछन्।

### वृष

धनमाल हराउन सक्छ। विश्वास गरेकाहरूले धोका दिनसक्छन्। मन चञ्चल रहनेछ। घरेलु समस्याले पनि सताउनेछ। आइतबारदेखि काममा सफलता मिल्नुका साथै नोकरी तथा राजनीतिमा वर्चस्व कायम गर्न सकिनेछ। अधुरा काम पूरा हुनेछन्। भाग्यले साथ दिनेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कर्कट

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग मिल्नेछ। भाग्यले साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। नोकरी तथा राजनीतिमा गरेका प्रयासहरू प्रशंसनीय साबित होलान्। मंगलबार र बुधबार विवादको सामना गर्नुपर्ला। गलत विचार तथा चिन्ता पनि बढ्न सक्छ।

### कन्या

स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। गलत विचारले सताउन सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ भने भाग्यले पनि साथ दिनेछ। अरूको मन जितेर अगाडि बढ्न सकिनेछ।

### वृश्चिक

विवाद तथा चिन्ताले सताउन सक्छ। स्वास्थ्य कमजोर रहनेछ। सानो काममा पनि सफलता पाउन निकै प्रयास गर्नुपर्नेछ। नैराश्यता एवं उदासीनता बढ्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। समय अनुकूल रहनेछ। रोकिएका कामहरू पूरा हुनेछन्।

### मकर

काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। यात्रामा हुने भेटघाटले मनोबल बढाउनेछ। नोकरी तथा राजनीतिमा सोचेजस्तै सफलता पाउनुहोला। बुधबार स्वास्थ्य गडबड हुनेछ भने काममा अवरोध आउन सक्छ। लेनदेनमा विवादको सामना गर्नुपर्ला।

### मीन

बोलीको प्रभाव बढ्नेछ। अरूको मन आफूतर्फ आकर्षित हुनेछ। प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ। वैदेशिक कार्यमा सफलता पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। घरजग्गाको बन्दोबस्त हुनसक्छ। स्वास्थ्य गडबड हुने भएकाले खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।




# भारत र पूर्वी एसियादेखि राजधानीसम्म / लागूपदार्थको रहस्यमय कारोबार

**जितेन्द्र साह**

काठमाडौं- एक भारतीय नागरिकलाई गत मंसिर ९ मा राजधानीको बल्खुबाट १२ लाख ३० हजार रुपैयाँ मूल्य बराबरको २ हजार १ सय बुप्रिनर्फिन तथा २ हजार थान डाइजेपामको एम्पुलसहित प्रहरीले पक्राउ गऱ्यो । यसअघि कोटेश्वर जडिबुटीबाट गत कात्तिक २४ मा ३५/३५ बुप्रिनर्फिन र डाइजेपामको एम्पुलसहित एक नेपाली पक्राउ परेका थिए ।

यसैगरी गत असोज अन्तिम साता प्रहरीले लगातार मारेको छापामा चाबहिल, क्षेत्रपाटी ढल्को, शंखमुलस्थित बाग्मती खोला किनार, मण्डिखाटार सिडी कोलोनी, बल्खु तथा धोबीखोलाबाट ६ पुरुष र २ महिलालाई १२ लाख ७८ हजार ५ सय रुपैयाँ बराबरको याबा तथा ३३ लाख २७ हजार २ सय रुपैयाँ बराबरको टिडीजेसिक सुईसहित पक्राउ गरिएको थियो ।

यीमध्ये याबा एक प्रकारको मनोदीपक लागूऔषध हो । यो मेटाफेटामिन र क्याफिनको मिश्रणबाट बनेको हुन्छ । सामान्यतः यो रातो र हरियो सानो चक्कीका रूपमा पाइन्छ । यसको उत्पादन म्यानमार र लाओसमा हुने बताइन्छ । भारतमा यसलाई भुलभुलैया भनिन्छ भने इन्डोनेसिया, फिलिपिन्स र जापानमा साबु भनिन्छ । यसको सेवन हुक्काको माध्यमबाट, सामान्य औषधि सेवन गरेजस्तै वा इन्जेक्सनको माध्यमबाट गरिन्छ । यसको प्रयोगले केश झर्ने, कलेजो र मिर्गौला खराब हुने, स्मरणशक्ति कम हुने, जीउ काँप्ने, भोक कम लाग्ने एवं झर्किने जस्ता असर देखिन्छन् ।

दुव्यर्सनीलाई लक्षित गरेर कारोबारीहरूले भारत र पूर्वी एसियाका अन्य मुलुकबाट भित्र्याउने औषधीजन्य लागूपदार्थहरू बरामद भएका यी केही घटना त उदाहरण मात्र हुन् । लागू औषध नियन्त्रण कानुन कार्यान्वयन एकाइले सन २०१० मा उपत्यकाबाट मात्र १२ हजार ५ सय १७ वटा बुप्रिनर्फिन, १२ हजार १ सय ६५ डाइजेपाम, १२ फेनार्गन एवं २ सय ५२ ग्रामभन्दा बढी 'याबा एम्फेटामाइन' बरामद गरेको छ । त्यसैगरी उक्त अवधिमा मुलुकभरि ३३ हजार १० बुप्रिनर्फिन, २१ हजार ६ सय ९१ डाइजेपाम तथा १७ हजार ७ सय २९ थान अन्य औषधीजन्य लागूपदार्थ बरामद भएको देखिन्छ ।

मान्यताप्राप्त चिकित्सकको सिफारिसमा मात्र ती औषधी प्रयोग गर्न मिल्छ । सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर हेरोइन, चरेस र कोकिनसहित थुप्रै यस्ता औषधीलाई नियन्त्रणको सूचीमा राखेको छ । लागूऔषध ऐन, २०३३ मा स्पष्ट उल्लेख भएकाबाहेकका प्राकृतिक वा कृत्रिम तथा मनोदीपक पदार्थलाई नियन्त्रित औषधीको सूचीमा राखिदै आएको छ । ऐनमा ती औषधीको दुरुपयोगलाई रोक्न कारोबारीहरूलाई२ देखि १० वर्षसम्म कैद र १ लाखदेखि २० लाख रुपैयाँसम्म जरिवानाको प्रावधान छ ।

डाईजेपाम, बुप्रोनर्फिन, फेनार्गन, न्युरोफेन, फेन्सिडिल, स्पासप्रोक्सियल, टिडिजेसिक, एलएसडी, एलिसिया, जुबान, इरिक्स, बरालगन, एभिल, नाइट्रोजेपाम, कोडिन, मर्फिन, ग्लुथेमाइड, पेन्टाजोसाइन तथा बार्बिटोनजस्ता औषधी लागूपदार्थका रूपमा सबैभन्दा बढी दुरुपयोग भएको एकाइको अनुसन्धानमा उल्लेख छ ।

यी अधिकांश औषधीजन्य सामग्रीहरू भैरहवा र वीरगन्जबाट नेपाल भित्रिने गरेको छ । पूर्व क्षेत्रमा यो विराटनगर र काँकडाभिट्टाबाट पुग्छ । सार्वजनिक यातायातबाट राजधानी भित्रिने ९० प्रतिशत हेरोइन वीरगन्जबाट आएको खुलासा भएको प्रहरीले बताएको छ । प्रहरीले उपत्यकाका कालीमाटी, टेकु, शोभाभगवती, एकान्तकुना, सातदोबाटो, ग्वार्को तथा चाबहिललाई यसको कारोबारको मुख्य गढका रूपमा लिएको छ ।

'अधिकांश यस्ता औषधी चिकित्सकले शारीरिक पीडा वा मानसिक रोगका लागि सिफारिस गर्छन्,' एकाईका डिएसपी दिवशराज उदास भन्छन्, 'कारोबारीहरूले खैरो हेरोइनको विकल्पका रूपमा दुव्यर्सनीसम्म यसलाई पुऱ्याइरहेका छन् ।' प्रतिग्राम ४ हजार रुपैयाँमा पाइने खैरो हेरोइन र ती औषधीको असर एउटै हुने भएकाले शहरी क्षेत्रमा यसको प्रयोग तथा कारोबार बढ्दो छ । भारतीय बजारमा न्यूनतम २२ रुपैयाँ ४० पैसा प्रतिगोटामा पाइने बुप्रोनर्फिन र डाइजेपामको दुई एम्पुलको मूल्य दुव्यर्सनीसम्म पुग्दा ६ सय रुपैयाँसम्म पुग्छ ।

गत वर्ष उपत्यकामा ४ हजार ४ सय १८ बुप्रिनरफिन र ४ हजार ३ सय ३८ थान डाइजेपाम तथा मुलुकभरि ९ हजार ३ सय ४९ डाइजेपाम, ९ हजार ९० बुप्रिनफिन तथा १६ हजार ६ सय ५ कोडिन बरामद भएको थियो । गत वर्षको तुलनामा यो वर्ष यसको कारोबार धेरै गुणाले बढेको हो । सहज उपलब्धता, बोक्दा कम जोखिम तथा शारीरिक एवं मानसिक रूपले चाँडो असर पारेर शिथिल बनाउने हुनाले यसको प्रयोग बढेको हो । तीव्र असरले गर्दा हेरोइनको तुलनामा यी औषधीजन्य लागूपदार्थले चाँडै मृत्यु हुन्छ । हेरोइनको विकल्प र अभावमा प्रयोग हुने ती औषधीहरू धेरै सुईमार्फत र थोरै चक्कीका रूपमा सेवन गरिन्छ । अनुसन्धान अधिकृतहरूका अनुसार एउटै सुईको पटक-पटक प्रयोग गर्ने दुव्यर्सनीमा एचआईभी एड्स र हेपाटाइटिसको रोगसमेत देखिएको छ ।

अधिकृतहरूका अनुसार कम्पनीबाटै सेतो लेवल टाँसिएको बुप्रोनर्फिन र सेतोमा रातो लेवल भएको डाइजेपामको एम्पुललाई प्रहरी, कारोबारी एवं दुर्व्यसनीले 'पानी' उपनाम दिएका छन् । प्रहरीका अनुसार सीमावर्ती भारतीय बजारका पसलहरूमा अवैध बेचबिखन हुने यी औषधी कारोबारीहरूमार्फत सहजै नेपाली बजारमा भित्रिन्छन् । कारोबारीहरूले भारतीय औषधी फयाक्ट्रीबाट सीधै ल्याएर समेत बेच्ने गरेको पाइएको प्रहरीले जनाएको छ । यी औषधीसहित पक्राउ पर्नेहरूमा अधिकांश भारतीय हुने गरेको प्रहरीले जनाएको छ ।

सरकारले कानुनी रुपमा ती औषधीको आयात एवं बेचबिखनको बाटो अपनाएको हुनाले यसको दुरुपयोग र अवैध व्यवसायलाई निरुत्साहित गर्न सुरक्षाकर्मीलाई निर्देशन दिएको छ । यसको कारोबारको प्रवृत्ति एवं प्रकृतिमाथि प्रहरी बढी केन्द्रित भएको डिएसपी उदासले बताए । औषधी व्यवस्था विभागले ती औषधीजन्य लागू पदार्थलाई 'नार्कोटिक्स' र मनोदीपक समूहमा विभाजन गरी त्यसमा निकै कडाइ गरेको दाबी गरेको छ ।

'निकै कडा खालका पीडानाशक नार्कोटिक्स ड्रग्स अस्पतालबाट मात्र दिने व्यवस्था मिलाइएको छ,' विभागका निर्देशक राधारमण प्रसादले भने, 'मस्तिष्कलाई सुस्त र शिथिल बनाउने डाइजेपामजस्ता मनोदीपक औषधीहरू रेकर्ड राखेर पसलहरूले बेचन पाउँछ ।' लाइसेन्समा मनोदीपक औषधी बेच्च पाउने/नपाउने उल्लेख गरिएको हुन्छ । मर्फिन, कोडिन, मेथाडिन तथा ब्युप्रिनर्फिन जस्ता औषधीलाई नार्कोटिक्स ड्रग्स मानिन्छ ।

## दुर्व्यसनदेखि कारोबारसम्म युवा सञ्जाल

हालसालै १ सय ३० ग्राम हेरोइनसहित बसुन्धराबाट पक्राउ परेकी बिदुरकी १८ वर्षीया एक युवती पुर्पक्षका लागि केन्द्रीय कारागार पुगेकी छिन् । अध्ययनका लागि राजधानी आएकी उनी विद्यालय पढ्दापढ्दै हेरोइनको दुर्व्यसनमा परिन् । उनले त्यसपछि हेरोइन किन्न बेला-बेलामा यौन व्यवसायसमेत अँगालिन् । त्यसबाट पनि नपुगेपछि उनी दुई वर्षदेखि हेरोइनको कारोबारसमेत गरिरहेकी थिइन् । अनुसन्धान अधिकृतहरूका अनुसार दुर्व्यसनीहरू आफ्नो आवश्यकता पूरा गर्न यौन व्यवसाय र लागूपदार्थको बेचबिखनमा लागेका देखिएको छ । सरकारले २०६३ सालमा सार्वजनिक गरेको तथ्यांकअनुसार मुलुकभरि ३ हजार ३ सय ५६ महिला गरी ४६ हजार ३ सय ९ दुर्व्यसनी छन् । तीमध्ये उपत्यकामा मात्र १७ हजार ७ सय ५८ दुर्व्यसनी छन् । यो संख्यामा बर्सेनि १५ प्रतिशतले वृद्धि भैरहेको अधिकारीहरू बताउँछन् । अधिकारीहरूका अनुसार प्रतिग्राम ४ हजार रुपैयाँ पर्ने हेरोइन किनेर खाने आर्थिक क्षमता अधिकांश दुर्व्यसनीमा हुँदैन ।

लागूऔषध नियन्त्रण कानुन कार्यान्वय एकाइका अनुसार, युवा पुस्तालाई लक्षित गरेर लागूऔषध कारोबारीहरूको सञ्जाल चलिरहेको हुन्छ । हालसम्म यसको कारोबारमा पक्राउ परेकामध्ये ४० प्रतिशत ३० वर्षमुनिका भएको एकाइका डिएसपी दिवसराज उदासले बताए । एकाइले उपलब्ध गराएको तथ्यांकअनुसार सन् २०१० को मेसम्म यो कारोबारमा १ हजार १ सय ४० पक्राउ परिसकेका छन् । उनीहरूबाट झन्डै २ हजार ८ सय ९२ किलो गाँजा, करिब ४ सय ९४ किलो चरेस तथा १६ किलोभन्दा बढी हेरोइन बरामद भएको छ । छापा मार्ने क्रममा फेला पर्ने दुर्व्यसनीलाई नसिहत र परामर्श दिएर परिवारको जिम्मा लगाइने गरेको प्रहरीले जनाएको छ । हेरोइन, चरेस र अन्य लागूऔषधसहित पक्राउ परेकाहरूलाई कारबाहीका लागि अदालतमा उपस्थित गराइन्छ ।










● सम्पादकीय ●

# अनर्थ लाग्ने उद्गार

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) को अठारौं राष्ट्रिय सम्मेलनको उद्घाटन गर्ने क्रममा नेकपा (एमाओवादी) का अध्यक्ष पुष्पकमल दाहालले मुलुकका विश्वविद्यालय र क्याम्पसजस्ता शैक्षिक संस्थाहरूलाई जुन शैलीमा ब्यारेकमा बदल्ने उद्घोष गरेका छन्, त्यसले मुलुकको राजनीतिमा नयाँ तरंग सिर्जना गरेको छ। दस वर्ष लामो सशस्त्र संघर्षपछि एउटा सम्झौतामार्फत् शान्तिपूर्ण राजनीतिमा अवतरण गरी संविधानसभा निर्वाचनमार्फत् मुलुकको सबैभन्दा ठूलो राजनैतिक दलमा रूपान्तरण भएको राजनैतिक शक्तिका नेताले शान्ति र सिर्जनाका कुराभन्दा विद्रोह र विध्वंसका कुरा गर्नु आफैंमा उदेकलाग्दो छ। जतिबेला नेपाली जनता मुलुकमा दिगो शान्ति, द्रुतगामी आर्थिक नीति, सकारात्मक राजनीति र सम्मुनत समाजको कल्पना गरिरहेका छन्, त्यति बेला मुलुकको शक्तिशाली पदमा आसीन भैसकेका व्यक्तिले शैक्षिक प्रतिष्ठानहरूलाई विद्रोहको ब्यारेकमा बदल्नेजस्ता गैरजिम्मेवारीपूर्ण कुरा गर्नु सम्बन्धित राजनैतिक दलको मर्यादाविपरीत पनि हो। विद्यार्थीहरू जहाँ पनि र जहिल्यै पनि सिर्जनात्मक शक्तिका स्रोत मानिन्छन्। विद्यार्थीहरूलाई आफ्नो क्षणिक राजनैतिक स्वार्थका लागि प्रयोग गर्ने कुनै पनि राजनैतिक शक्ति संसारमा कतै पनि दीर्घजीवी हुन सकेका छैनन्। यो कुराको हेक्का माओवादी र पुष्पकमल दाहाल स्वयंले पनि राखेको हुनुपर्छ।

विद्यार्थीहरू भविष्यका राष्ट्र निर्माता हुन्। मुलुकका लागि आवश्यक सबैखाले जनशक्तिको स्रोत भनेकै विश्वविद्यालयलगायतका शैक्षिक प्रतिष्ठानहरू हुन। त्यस्ता शैक्षिक प्रतिष्ठानबाट राष्ट्रले समाजको चौतर्फी विकासका लागि आवश्यक मानव संसाधनको अपेक्षा गरेको हुन्छ। त्यस्ता शैक्षिक प्रतिष्ठानलाई नै मुलुकको मियो मान्ने विकासविद्हरूको पनि यो संसारमा कुनै कमी छैन। संसारमा जति पनि सिर्जनात्मक प्रतिभा, श्रमजीवी, उद्योगी तथा व्यापारीहरू उत्पादन भएका छन्, ती सबैको स्रोत भनेकै शैक्षिक प्रतिष्ठानहरू हुन्। त्यस्ता शैक्षिक प्रतिष्ठानलाई सर्वत्र राजनैतिक हस्तक्षेपबाट मुक्त राखेर मुलुकको भविष्य निर्माणको आधारका रूपमा विकास गरिएको हुन्छ। यस्ता तथ्यहरूलाई बिर्सेर माओवादीका अध्यक्ष पुष्पकमल दाहालले जुन परिस्थितिमा आमनेपाली जनता झस्किने गरी आफ्नो अभिव्यक्ति सार्वजनिक गरेका छन्, त्यसले अध्यक्ष दाहाललाई आन्तरिक दलगत राजनीतिमा लाभ वा हानि जे भए पनि सिंगो नेपाली समाजको शिर भने लज्जाबोधले निहुरिएको छ। कुनै पनि समाजको शिर झुक्ने गरी बोल्ने राजनैतिक दल वा नेताले प्राप्त गर्ने उपलब्धि वा बेहोर्नुपर्ने हानिले कसैको पनि हित गर्दैन।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।



## नेताहरूको अपरिपक्व चरित्र

● चिठीपत्र ●

कमजोर मानसिकता, निर्णयको अभाव, अपरिपक्वता तथा आ-आफ्नो हठका कारण नेताहरू कुहिरोभित्र कागजस्तै हराइरहेका छन्। विदेशीलाई चलखेल गर्ने खुला मैदान बनाइदिएर वैदेशिक हस्तक्षेप बढ्यो भनेर गोहीको आँसु चुहाउँदै हिँडेको देख्दा हामी सर्वसाधारण जनतालाई लाजै मर्नु हुन्छ।

हामी आफ्नै स्वविवेक र बुद्धिले आफ्नो देशको समस्या समाधान गर्न असक्षमता प्रकट गरिरहेका छौं। साझा सहमति र एकताको संस्कार भुलेर आफ्नो एकाधिकार लाद्ने रणनीति र चलखेलमा कतै नेपथ्यमा राजनैतिक तानावाना बुनिँदै छन् कि भन्ने आशंका पनि छ। वैदेशिक हस्तक्षेप र चलखेल निम्त्याउने कारक तत्त्व को हो त ? निश्चय पनि हामीले मौका र ठाउँ नदिएको भए यस्तो गति हुने थिएन। आमनेपाली जनताले शान्ति र विकासको चाहना गरिरहेका बेला अशान्ति र अनिश्चय बढ्दै गएको छ।

अब त देशमा केही हुन्छ कि भन्ने आशाको त्यान्द्रोमा तुर्लुङ्ग झुन्डिएर कष्टप्रद जीवन बाँचिरहेका नेपाली जनताको आशा मर्न लागिरहेको छ। कुन राजनैतिक पार्टीको एजेन्डालाई कति महत्त्वपूर्ण रूपमा उठान गर्नेभन्दा पनि राष्ट्रको हितको कुरालाई राजनैतिक एजेन्डामा कसरी उठाउन सकिन्छ भन्ने सोचमा अगाडि भएको भए सायद हामी निकै अघि बढिसकेका हुने थियौं। हाम्रा सभासदहरू नारा-जुलुसमा हराइरहेका छन्। आफू-आफूमा जुधिरहेछन्। खासमा कुनै प्रभावकारी एजेन्डा र विकासको खाका कोर्ने सपना बुन्न सकिरहेका छैनन्। वर्तमानमा देखिएको परिदृश्यको अवलोकन गर्दा यस्तै-यस्तै नाटक मञ्चन भएझैं लाग्छ अनि त्यसमा अनेक पात्रले भूमिका निर्वाह गर्दै जाँदा कतै दलदले हिलोमा देश डुब्ने हो कि भन्ने चिन्ता पनि छ।

नेपाली जनताले नयाँ नेपालको सपना बुन्दै आन्दोलन छेडेकै हुन्। आफ्नो जीवनस्तर उकासिने, आफ्नो गाउँ-ठाउँमा सडक, स्कुल, पुल, पुलेसा, औषधीमूलोको सुलभ रूपमा उपभोग गर्न पाइने अतृप्त सपना बोकी बारम्बार आन्दोलनको भुमरीमा आफैंलाई होमेको इतिहास त्यति पुरानो भैसकेको छैन। हुम्ला, जुम्ला, मुगुका जनता नुन खान नपाई संघर्षपूर्ण जीवन जिउन बाध्य छन्। कति नेपाली जनता कुहिएका खाद्यान्न खाएर आफ्नो सास अडाउने विवशता झेलिरहेका छन्। आम गरिब जनताको पक्षमा ठोस रूपमा छिट्टै समाधान निक्लने कुनै उपाय सोचेर त्यसको कार्यान्वयन गर्न किन ढिला गरिएको ?

अविवेकी, अदूरदर्शी र केटाकेटीहरूले भाँडाकुटी खेलेजस्तै राजनैतिक दलहरू आफैं अनिश्चय र अनिर्णयको खोचमा डुबिरहने हो भने हामीले अझ कति गरिबी र पीडाको थाङ्नामा सुतिरहनुपर्ने हो ? राजनैतिक दलहरू आफैं मिलेर देश बनाउने कार्यमा आँधी-हुरी ल्याउनु त कता हो कता, आ-आफैं कुकुर-बिरालासरह जुधेर समय बर्बाद गरिरहेछन्। आफ्नो समस्या आफैं समाधान गर्नुको साटोमा कहिले भारत, कहिले चीन, कहिले अमेरिका गुहार्ने हाम्रै राजनैतिक दलहरू हुन्। उनीहरूलाई नेपाली राजनैतिक मैदानमा रेफ्रीको भूमिका निर्वाह गर्न लगाउने हाम्रै नेताहरू हुन्। अहिले उनीहरू आफ्नो कमजोरी ढाक्न एकले अर्कालाई वैदेशिक हस्तक्षेप बढाएको आरोप-प्रत्यारोप लगाउन व्यस्त देखिन्छन्।

विवेकपूर्ण ढङ्गले साझा सहमतिमा एकढिक्का भएर राष्ट्रविकास र राष्ट्रियताको सवालमा कुनै सम्झौता नगरी स्वार्थरहित भावनामा अघि नबढे देश अरू बढी वैदेशिक हस्तक्षेपको भुमरीमा फस्ला भन्ने चिन्ता पनि सबैमा छ। एउटा नागरिकको हैसियतले के अनुरोध गर्न सकिन्छ भने देश इराक, रुवान्डा, सुडान वा अफगानिस्तान नहोस्। देश फेरि गृहयुद्धको चपेटामा नफसोस्। परिपक्व राजनैतिक सहमति एवं दीर्घकालीन शान्ति र विकासको योजना लिएर एउटा नयाँ आन्दोलन थाले के होला ?

लोडसेडिङको मारबाट उम्कने खास योजना ल्याउने, देशका सबै जिल्लामा छिटोभन्दा छिटो सडक विस्तार गरी सिङ्गो राष्ट्रलाई जोड्ने, सहरी इलाकामा मोनो ट्रेन, दुर्गम र पहाडी इलाकामा केबुलकारको व्यवस्था गर्नुका साथै गरिबीको प्रतिशत घटाउँदै लाने प्रयत्न किन नगर्ने ? राजनैतिक दलका नेताहरूले निःस्वार्थ सोचको खुला मैदानमा आउन सक्नुपर्छ, अकर्मण्यता प्रकट गरी लाछीपन देखाउनु हुँदैन। कुनै पनि बहानामा देशलाई खण्डित गर्ने र पछाडि धकेल्ने काममा लाग्नु हुँदैन।

**–रेशमकुमार सुनवार**

● तीतो सत्य ●

● अरूले गिज्याएको सहन नसक्ने मानिस पूर्ण मानिस हुन सक्दैन।

● गलत साथीको संगतभन्दा सही शत्रुको संगत ठीक हुन्छ।

**मनीष राई**

● जुन चीज जसको हुनुपर्ने हो उसको नभए पछि अरू कसैको पनि हुँदैन।

**रामेश्वर सिलवाल**

● बलियो दासभन्दा कमजोर स्वतन्त्र नै फलदायी हुन्छ।

● आफ्नो भलो चाहनेले अरूको सेवा गर्न सक्नुपर्छ, आफू पुज्य हुन अरूको सम्मान गर्न सिक्नुपर्छ, अरूलाई रुवाउनु खोज्नेले आफू रुन सक्नुपर्छ र यदि परिवर्तन ल्याउनु छ भने अरूलाई सिकाउनुको साटो आफैंले सुरुवात गर्नुपर्छ।

**सुदर्शन चौधरी**

● चोट दिनेलाई रमाइलो लाग्छ, चोट पाउनेलाई पीडा हुन्छ।

**उदीर्ण केसी**

● राजनीति फोहोरी खेल हो, तर राजनीतिबिना कुनै पनि कार्य सफल हुँदैन।

● आफ्नो रगत र पसिना देख्ने, तर अरूको नदेख्ने मानिस महान् हुन सक्दैन।

**विकल सुनुवार**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

● मोडल वाच ●

## च्यालेन्जमा दीक्षा कुँवर



मौसमले 'च्यालेन्ज गरिरहेको थियो, तर दीक्षा कुँवरलाई त्यसको कुनै वास्ता थिएन। दुई चलचित्रकी नायिका भैसकेकी तथा म्युजिक भिडियोमा अफरको ताँती लागिरहेको बेला उनलाई सेलिब्रेटी हुने भूत चढ्नु अस्वाभाविक पनि होइन। त्यसैले दीक्षाले 'कुल मौसममै 'हट तस्बिर खिचाइन्।

टिनएज पार गर्नै लागेकी दिक्षा ग्ल्यामरस हुन मन पराउँछिन्। यो मामिलामा धेरै नायिकाले व्यक्त गर्ने 'कथाले मागेसम्म एक्सपोज हुन्छु।' भन्न पनि उनी चुक्दिनन्। उनले कुरा घुमाउँदै भनिन्- 'आफूलाई जस्तो पहिरन म्याच गर्छ त्यही लगाउने हो, त्यतिसम्मै खुल्ने हो।' कसैले डेटिङको प्रस्ताव राख्यो भने नि ? 'एक-अर्काको भावना साटासाट गर्न कसैले असल नियतले प्रस्ताव राख्छ भने नकार्ने कुरै छैन', दीक्षाले बताइन्। प्रेम र यौन ? दीक्षा खुलेरै प्रस्तुत भइन्, 'प्रेमविनाको यौन र यौनविनाको प्रेमको कुनै अर्थ हुँदैन।' + २ अध्ययनरत दीक्षालाई प्लेब्वाइ र कलंक (भोजपुरी) चलचित्रमा देख्न पाइनेछ।

मिलन के राउत

● सहर चर्चा ●



## बीस वर्षमै स्टेसन म्यानेजर

पाको उमेरमा धेरै अनुभव सँगाली रेडियोको प्रमुख दायित्व बहन गर्नु ठूलो कुरा भने पक्कै होइन, तर थोरै अनुभव र कम उमेरमै रेडियोको प्रमुख दायित्व बहन गर्नुचाहिँ पक्कै ठूलो कुरा हो। २० वर्षको कलिलो उमेरमै रेडियोको स्टेसन मेनेजर बन्न सफल बाग्लुङकी योजना शर्मा स्नातक द्वितीय वर्षमा अध्ययनरत छिन्। उनी पर्वतको कुस्मा बजारमा महिलाहरूद्वारा सञ्चालित सामुदायिक रेडियो दिदी बहिनी एफएमकी स्टेसन म्यानेजर हुन्। बाग्लुङको धौलागिरि एमएममा समाचार वाचनमार्फत रेडियोमा प्रवेश गरेकी शर्माले दुई वर्षमै यति ठूलो सफलता हात पारेकी हुन्।

उनी रेडियोको प्रमुख जिम्मेवारी बहन गर्ने काममा मात्र नखटिई समाचार-लेखनदेखि कार्यक्रम सञ्चालनसम्मको काम आफैंले भ्याउँछन्। त्यसो त धौलागिरि अञ्चलमा उनको कार्यक्रम सुनेर फोन नगर्ने तथा प्रशंसा नगर्ने कमै भेटिन्छन्। सहर-बजारमा मात्र नभएर गाउँमा समेत उनको सुरिलो आवाजको चर्चा हुने गरेको छ।

● मुखाले ●

सरकार निर्माणको टुंगो क्षणभरमै लगाउन सक्छु।

**सभामुख सुवासचन्द्र नेम्वाङ**

दबाबमा झुक्दिनँ, बरु पद छाड्छु।

**सुशील कोइराला**

मेरो अभियान पार्टीमा गुट बढाउन होइन, एकता गराउन हो।

**शेरबहादुर देउवा**

दलहरूबीचको प्रतिस्पर्धाका कारण संविधान नै बन्न नसक्ने अवस्था आउन सक्छ।

**झलनाथ खनाल**

विश्वविद्यालय र क्याम्पसलाई ब्यारेकमा परिणत गर्छौं।

**पुष्पकमल दाहाल**

अहिले २०४७ को संविधान ब्युँताउने षड्यन्त्र भैरहेको छ।

**डा. बाबुराम भट्टराई**

नीति नमिले पार्टी विभाजन हुन्छ।

**मोहन वैद्य**

जनवादी गणतन्त्रले अधिनायकवाद जन्माउँछ।

**रामचन्द्र पौडेल**

प्रचण्डको नेतृत्वमाथि प्रश्नचिह्न उठेको छ।

**सीपी गजुरेल**

संविधानसभाभन्दा माथि राजनैतिक दल छन् भन्ने व्यवहारले लोकतन्त्रमाथि प्रहार गर्छ।

**नीलाम्बर आचार्य**

संविधान-लेखनको म्याद पुनः थपिन सक्छ।

**शंकर पोखरेल**

गोर्खा भूतपूर्व सैनिक संघ (गेसो) का केन्द्रीय सभापति पदमबहादुर गुरुङ। गोर्खाली सेनाले पनि बेलायतीले सरह हक-अधिकार र सुविधा पाउनुपर्ने मागसहित करिब दुई दशकअघि थालिएको आन्दोलन अझै रोकिएको छैन। आन्दोलनकै क्रममा बेलायती उच्च अदालतले गोर्खाली सेनाप्रति भेदभाव गर्न नहुने निर्णय सुनाइसकेको छ। सैनिकको पेन्सनमा वृद्धि आवासीय भिसालगायतका सुविधा आन्दोलनका महत्त्वपूर्ण उपलब्धि हुन्, तर गोर्खाली सेनालाई पनि कमनवेल्थ मुलुकका नागरिकसरह सुविधा दिने बेलायत सरकारको नीति भने कार्यान्वयनमा आउन सकेको छैन। पारित नीति कार्यान्वयन गराउन अब निर्णायक लडाइँको तयारी भैरहेको चर्चा चलिरहेका बेला गेसो केन्द्रीय सभापति गुरुङसँग साप्ताहिकका हङकङ प्रतिनिधि निर्मल श्रेष्ठले गरेको कुराकानी :

# अब निर्णायक लडाइँ लड्छौं



गेसो केन्द्रीय सभापति, पदमबहादुर गुरुङ

**गेसो निर्णायक लडाइँको तयारीमा छ भन्नुहुन्छ, यो कस्तो लडाइँ हुनेछ ?**

गेसोको आन्दोलन समान पेन्सन र आवासीय भिसाका लागि मात्र नभएर मानवअधिकार प्राप्तिका लागि पनि हो। उनीहरूको सेनामा भर्ती हुँदा नेपाललाई भएको आर्थिक, सामाजिक, भौतिक तथा मनोवैज्ञानिक क्षतिको समेत हरहिसाब दिनुपर्छ भन्ने हाम्रो माग छ। नेपाल गरिब मुलुक भएकाले बेलायतले हामीलाई सहयोग गरेको भन्ने कदापि होइन, त्यो उसको आवश्यकता थियो। त्यसो नभए त्यतिबेला हजारौं गोर्खाली सैनिक भर्ती गर्ने बेलायतले अहिले किन केही सय मात्र भर्ती गर्छ। बेलायत सरकारले गोर्खालीहरूलाई रोजगारी दिने नाउँमा २ सय वर्षसम्म बन्दी बनाएको छ। विगतका लडाइँमा कुन ठाउँमा कति गोर्खा मरे ? बाबुबाजे लडेर सहिद भएबापत तिनका सन्तानले के पाए ? यावत् कुरालाई समेत अघि सारेर हामी निर्णायक लडाइँको तयारीमा छौं।

**वर्ष दिनअघि आन्दोलन सकिएको घोषणा भएको थियो। अहिले एकाएक कसरी यस्तो निर्णय गरियो ?**

बेलायत सरकारले गोर्खाहरूलाई कमनवेल्थ मुलुकका नागरिकसरहको सुविधा दिने नीति ल्याएको एक वर्ष बितिसक्दासमेत कार्यान्वयनमा आउन सकेको छैन। यो नीतिपछि गोर्खाली सैनिकले पनि बेलायतीसरह पेन्सन पाउँछन् भन्ने हाम्रो बुझाइ थियो। आन्दोलनमा माग गरिएका बुँदाहरूमध्ये सबै पूरा हुने भएपछि गेसोको आन्दोलन सकियो भनियो, तर बेलायत सरकारले आफैंले गरेको घोषणा कार्यान्वयन नगरेपछि हामी निर्णायक लडाइँको तयारीमा जुटेका हौं।

**कस्तो तयारीमा हुनुहुन्छ ?**

आन्दोलनको वास्तविक उद्देश्य प्रस्ट्याउनुका साथै विविध मागसहित गत साउन २१ गते गेसोले २८ बुँदे श्वेतपत्र जारी गरेको छ। आन्दोलनलाई विश्वव्यापी बनाउन गेसोका पाँच प्रतिनिधि 'युवा तथा विद्यार्थीहरूको १७ औं विश्व सम्मेलन' मा सहभागी हुँदैछन्। करिब १ सय ५५ मुलुकको सहभागिता रहने उक्त सम्मेलनमा बेलायत सरकारले गोर्खालीहरूलाई रोजगारी दिने नाउँमा २ सय वर्षसम्म बन्दी बनाएको कुरा उठाउनेछौं। यो गोर्खाहरूमाथि बेलायत सरकारको अन्याय, अत्याचार र थिचोमिचो विश्वसामु प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसर हुनेछ। जोहानेसवर्ग सम्मेलन गेसोको निर्णायक लडाइँको पहिलो उद्घोष हो।

**बेलायत सरकारले पेन्सनमा भेदभाव गर्नुको कारण के हो ?**

गोर्खा सैनिकको सेवालाई मान्यता नदिइएका कारण यसो भएको हो। त्यसकारण हामीले गोर्खा सैनिकको सेवालाई बेलायतीसरह मान्यता दिलाउनु आवश्यक छ। हामी विश्व सैनिक कानुन र मानवअधिकार विज्ञहरू सम्मिलित एउटा समिति बनाउने तयारीमा छौं। उक्त समितिको निर्णयकै आधारमा हामी काम गर्नेछौं। कि बेलायतले विश्वसामु गोर्खा सिपाहीहरूका लागि मानवअधिकारको व्याख्या फरक छ भन्न सक्नुपर्छ। होइन भने समान व्यवहार गर्नैपर्छ।

**पछिल्लो समय गेसोमा भ्रष्टाचारको विषयले निकै चर्चा पायो नि ?**

ती सबै आधारहीन कुरा हुन्, जसका पछाडि नेपाल र बेलायत सरकारसमेत लाग्यो। आन्दोलनको २० वर्षको अवधिमा जम्माजम्मी १७ करोड उठेको छ। महाधिवेशनमार्फत विभिन्न जिल्लाका प्रतिनिधिहरूको रोहबरमा वासलात देखाइसकिएको छ। त्यसमाथि ५३ करोड भ्रष्टाचार गर्‍यो भन्नु तुक नभएको कुरा हो। मैले भ्रष्टाचार गरेको भए पक्राउ गरेर किन कारबाही गर्दैनन् त ? काठमाडौं जिल्ला प्रशासनले जासुस पठाएर गेसोका सदस्यहरूको घरमा गोप्य छानबिन गर्‍यो, तर केही भेटेन। सरकारले गर्नुपर्ने काममा हामी अघि सरेका छौं तर आर्थिक सहयोगका लागि हात फैलाएका छैनौं। हामीमाथि नै छानबिन हुनु लज्जास्पद कुरा हो। भ्रष्टाचारसम्बन्धी आरोपको कुरा बेलायती संसद्मा पनि उठेको

पृष्ठ ७ मा जारी


के तपाई Math, Science/ Test नदिई S.L.C. तथा १ वर्षमा +2 पास गर्न चाहानु हुन्छ ?

यदि चाहनु हुन्छ भने NIOS Board मा Oct. 2011 को लागि Admission खुल्यो !

- 5 Subjects पढे पुग्ने । Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
- नेपाल तथा world wide equivalent
- नेपालीबाट पनि Exam दिन पाईने ।
- SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
- 6/6 महिनामा Exam दिन पाईने ।

Milu Shrestha 78% in Mgt.(+2) 92 in Business

WISDOM EDUCATION FOUNDATION
PH. 4238086
Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

SLC/+2 फेल? A Level फेल ?
www.himalayan.edu.np
९ महिनामै +2 तथा Science/Math नपढी SLC पास गर्न Delhi Board को 12th Batch र
American +2
3-6 महिनामै 6th Batch Best for pilot course & abroad study
Best option for piloting and abroad study
Rojina Kandel Nepal Top-2009
Lhakpa R. Sherpa Pilot Course American +2
Himalayan Open College कक्षा शुरु भैसकेको छ । अन्तिम भर्ना
Old Baneshwor- 4476685
9721404481
(काठमाण्डौमा हाम्रो अरु शाखा छैन)

तालिमको अवसर

Valley Banquet Training Center मा Cook, Helper, Banquet Manager, Reservation Manager, Waiter, Waitress, Storekeeper र Utility Supervisor को तालिम दिइरहेको हुँदा सम्बन्धित तालिम लिन इच्छुक महानुभावहरुलाई तुरुन्त सम्पर्क गर्न अनुरोध गरिन्छ ।

यहाँ तालिम पछि रोजगारीको पनि व्यवस्था छ ।

VALLEY Banquet Training Center
9851085519
सातदोबाटो, ललितपुर
(यातायात कार्यालयको अगाडि)

आवश्यकता

Multinational Project (Infotech Nepal) लाई Basic Computer जानेका निम्न कर्मचारीहरुको आवश्यकता परेको हुँदा बायोडाटा सहित सम्पर्क गर्नुहोला ।

| पद | संख्या | तलब | योग्यता |
| --- | --- | --- | --- |
| Computer Operator | 10/10 | 23,900 | TEST/SLC Above |
| Phone Operator | 7/7 म./पु. | 10,500 | 10+2 |
| Waiter | 4 | 4,500 (Transportation Free) | SLC |

सम्पर्क: महाराजगञ्ज
अमेरिकन एम्बेसीको ठीक अगाडि
फोन: ४७२०१७७
९८४९१५२०४७, ९८०३७८१६४२






# पढ्दा अन्तै डुल्ने मन



विद्यार्थीहरू सधैं परीक्षामा हुन्छन्। विद्यार्थीलाई के लाग्छ भने यो परीक्षा भन्ने कुरा पनि सधैं आइरहन्छ, कहिल्यै सकिने होइन। विद्यार्थीहरू जति-जति परीक्षा सकिँदै गएको अनुभूति गर्छन्, त्यति नै परीक्षाले उनीहरूलाई पछ्याइरहेको हुन्छ। विद्यार्थीहरू एकातिर परीक्षासँग डराइरहेका हुन्छन् भने अर्कातिर परीक्षा आइसक्यो भनेर पढ्न त बस्छन् तर मन अन्तै पुग्छ। विद्यार्थीहरू पढ्न बसेको समयमा आफ्नो मनलाई भने 'कोर्स' सँग असम्बन्धित क्षेत्रमा डुलाइरहेका हुन्छन्। उनीहरू आफ्नो मनलाई पढाइमा केन्द्रित गर्ने प्रयास त गर्छन् तर थाहा नपाइ आफ्नो 'चुलबुले' मनलाई नियन्त्रण गर्न भने सकिरहेका हुँदैनन्।

अध्ययनका बेला मनलाई डुलाउने पक्ष धेरै हुन्छन्। यसमा अहिलेको प्रविधिको पनि ठूलै हात छ। पढिरहेको समयमा आफ्नो सेल फोनमा कुनै साथीको फोन आयो अनि काटियो (मिस कल आयो) अनि त्यही कल फर्काउने ध्याउन्नमा केही समय पढाइबाट ध्यान बाहिर जान्छ। साथी वा अरू कसैले 'एसएमएस' गर्‍यो भने त्यही म्यासेजमा एकछिन भुल्यो अनि त्यसको 'रिप्लाइ' आफ्नो सेल फोनमा भए नभएको 'चेक' गर्‍यो, नभए आँफैंले कुनै उपयुक्त म्यासेज सिर्जना गर्‍यो अनि पठायो। यो प्रक्रिया एकै पटकमा सकिन सक्छ वा तीन/चार पटक पनि चल्न सक्छ। अन्तमा आफ्नो पढाइ 'डावाँडोल' भएको अनुभव गरेर उनीहरू फेरि पढ्न बस्छन्, तर एकैछिनमा फेरि अरू कसैको म्यासेज आइसकेको हुन्छ वा मिसकल।

विद्यार्थीहरूको मन डुलाउने अर्को पक्ष 'सिग्नेचर' पनि हो। जब-जब विद्यार्थीहरू पढ्ने क्रममा लेखेर 'प्राक्टिस' गर्न थाल्छन्, केही बेरमै आफ्नो 'सिग्नेचर' गर्न थाल्छन्। पढाइको एउटा कुरा लेखेर सकिन नपाउँदै विद्यार्थीहरूले 'सिग्नेचर' गरेर आफ्नो कापी भरेको प्रशस्तै पाइन्छ। 'लोड' परिरहेको समयमा यस्तो कार्यले आनन्द पनि प्रदान गर्छ। जब उनीहरू 'सिग्नेचर' ले आफ्नो कापी भर्छन्, तब आफ्नो 'सिग्नेचर' को मोडलबाट असन्तुष्ट हुँदै आफूलाई फिट हुने कुनै नयाँ 'सिग्नेचर' को डिजाइनतर्फ लाग्छन्। यद्यपि यो प्रक्रिया धेरै समय चल्दैन, विद्यार्थीहरू सतर्क भैहाल्छन् र अनावश्यक कार्य नगरी पढ्नुपर्ने कुरालाई आत्मसात गर्न खोज्छन् तर यो कुरालाई आत्मसात गर्नुअघि नै मन पढाइबाट अन्तै बहकिइसकेको हुन्छ।

त्यस्तै विद्यार्थीहरू परीक्षा मुखमा आएको समयमा चित्रहरू पनि सिर्जना गर्छन्। पढिरहेको समयमा कलम समायो अनि नानाथरीका चित्र बनायो अनि त्यसैमा हाँगा-बिँगा थप्यो। यस्ता चित्र पढाइसँग कमै सम्बन्धित हुन्छन्। विद्यार्थीहरूले आफैंलाई वा आफूलाई मन पर्ने कसैलाई कल्पना गरी त्यसलाई चित्रमा उतार्ने प्रयास गर्छन् अनि आफूलाई कोही मन पर्दैन भने त्यो व्यक्तिलाई नराम्रो देखाउने खालका चित्र कोर्न पनि उनीहरू तल्लीन हुन्छन्। जे होस्, विद्यार्थीले पढाइको समयमा पुस्तकबाट केही समय टाढा रहेर सन्तुष्टि प्राप्त गर्ने वा असन्तुष्टि पोख्ने प्रयत्न गरिरहेका हुन्छन्।

विद्यार्थीहरू परीक्षाको समयमा आफ्नो 'टेक्स्ट बुक' बाहेकका अन्य पुस्तक पढ्न पनि मन पराउँछन्। परीक्षा नजिकिँदै जाँदा कविता, कथा, उपन्यास तथा निबन्धका पुस्तकहरू पढ्न विद्यार्थीले विशेष रुचि राखेको पाइन्छ। खासमा यस्ता पुस्तक कहिल्यै नपढ्ने, पढ्न मन नपराउनेले समेत परीक्षाको समयमा मन पराउने र पढ्ने गरेको देख्न सकिन्छ। परीक्षा 'बोझ' सरह लागिरहेको स्थितिमा यस्ता पुस्तक निकै 'इन्ट्रेस्टिङ' लाग्ने विद्यार्थीहरू बताउँछन्। जे-जसरी होस्, विद्यार्थीहरू अध्ययनको 'लोड' बाट केही रिलिफ लिने प्रयत्न गर्दै अन्य कुराप्रति आफ्नो मन डुलाइरहेका हुन्छन्।

विद्यार्थीहरू परीक्षा नजिकिएको समयमा आफ्नो पढाइबाट केही टाढा जाने प्रयास गरिरहेका हुन्छन्। उल्लेखित कुराबाहेक विद्यार्थीहरू मन बहलाउने साधनका रूपमा टेलिभिजन, कम्प्युटर आदि पनि प्रयोग गर्छन्। उनीहरू कुनै कुरामा योजना बनाएर नै लाग्छन् भने कुनैमा थाहा नपाइ पनि लागिरहेका हुन्छन्। विद्यार्थीहरू पढाइ बिग्रन्छ भनेर यस्ता कुराबाट सतर्क नै हुन्छन्, तर कहिलेकाहीं थाहा नपाएर लामो समय 'किल' पनि हुन सक्छ। परीक्षाको समयमा मन अलिअलि चुलबुल हुनु स्वभाविक हो, यदि चुलबुले मनलाई आफ्नो नियन्त्रणमा राख्न सकियो भने आशातीत प्रगति गर्न सकिन्छ।

# उत्कृष्टता कसरी हासिल गर्ने ?

नियमित अध्ययन गर्ने विद्यार्थीले परीक्षाको समयमा अत्तालिनु पर्दैन। विषयगत पाठ्यक्रमको तालिका बनाएर अध्ययन गर्नु राम्रो हुने शिक्षकहरू बताउँछन्। आफूलाई अप्ठ्यारो लाग्ने विषयमा बढी मेहनत गर्नुपर्ने भए पनि सजिलो लाग्ने विषयलाई बेवास्ता गर्नु हुँदैन। कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले केही महिनापछि एसएलसी परीक्षा दिनेछन्।

सेन्टअप परीक्षालाई एसएलसीको पूर्वअभ्यासका रूपमा लिने गरिएको छ। एसएलसी मात्र होइन, विद्यार्थीका लागि हरेक परीक्षा उत्तिकै महत्त्वपूर्ण र संवेदनशील हुन्छ। यद्यपि विद्यार्थीहरू एसएलसी परीक्षालाई बढी नै गम्भीरतापूर्वक लिन्छन्। यसले उनीहरूमा एक किसिमको भय उत्पन्न गरिदिन्छ। एसएलसी परीक्षालाई 'फलामे ढोका'का रूपमा अथ्र्याउने गरिएकाले पनि विद्यार्थीहरू यो परीक्षादेखि बढी नै आतंकित भएको पाइन्छ। विद्यार्थीले एसएलसीलाई पनि अन्य नियमित परीक्षाकै रूपमा हेर्नुपर्छ र सहज भएर परीक्षा दिनुपर्ने शिक्षकहरूको सुझाव छ। लिटल एन्जल्सका प्रिन्सिपल मुकुन्दराज शर्मा भन्छन्- 'हरेक परीक्षा विद्यार्थीका लागि उत्तिकै महत्त्वपूर्ण हुन्छ।'

कतिपय विद्यार्थी जसरी भए पनि एसएलसीमा बढी अंक हासिल गर्ने सोच राख्छन्। परीक्षामा धेरै अंक हासिल गर्नु राम्रो हो, तर अध्ययनबिना हासिल गरेको अंकको कुनै अर्थ हुँदैन। कतिपय विद्यार्थीले एसएलसीमा ८५ प्रतिशतसम्म अंक हासिल गरेर पनि उच्च शिक्षाका लागि प्रवेश परीक्षामा अनुत्तीर्ण भएको उदाहरण पाइन्छ। त्यसैले धेरै अंक हासिल गर्ने दौडमा लाग्नुभन्दा आफूले पढ्नुपर्ने विषय बुझेर अध्ययन गर्नु उपयुक्त हुन्छ। पढ्नुपर्ने विषयलाई बुझेर मौलिक जवाफ दिन सक्नुपर्छ।

पाठ घोकेको भरमा हुबहु जवाफ दिएर परीक्षा त उत्तीर्ण गर्न सकिन्छ, आफ्नो बौद्धिक क्षमताको विकास गर्न सकिँदैन। अतः बौद्धिक क्षमता नभए जतिसुकै अंक हासिल गरे पनि व्यावहारिक जीवनमा सधैं फेल भइन्छ। शर्मा भन्छन्- 'विद्यार्थीले परीक्षामा हासिल गरेको अंकले उनको बौद्धिकता मापन गर्छ भन्ने छैन।' त्यसैले उच्च अंक प्राप्त गर्ने उद्देश्यले मात्र होइन, पढेको पाठलाई ग्रहण गर्ने गरी अध्ययन गर्नुपर्छ। यसरी अध्ययन गर्ने विद्यार्थीका लागि कुनै पनि परीक्षा 'फलामे ढोका' बन्दैन।

### केही जानकारी

- रुटिन बनाएर अध्ययन गर्ने।
- अप्ठ्यारा मात्र होइन, सजिला विषयलाई पनि महत्त्व दिने।
- लेख्दै अध्ययन गर्ने।
- अध्ययन गरेको कुरा कति ग्रहण गरियो, मनन गर्ने।
- आफैंले आफ्नो परीक्षा लिने।
- सम्बन्धित विषयमा केन्द्रित रहेर साथीहरूसँग छलफल गर्ने।
- पाठ्यपुस्तक मात्र होइन, अन्य स्रोतबाट पनि ज्ञान आर्जन गर्ने।

कुनै पनि पाठ पढिसकेपछि कति ग्रहण गरियो भनेर आफैंले परीक्षण गर्न सकिन्छ। परीक्षा दिएकै शैलीमा आफैंले प्रश्नहरू बनाएर अध्ययन गरेको पाठको जवाफ दिने अभ्यास गर्नु निकै राम्रो हुने नोबल एकेडेमीका अध्यक्ष सुरेन्द्र श्रेष्ठ बताउँछन्। 'अध्ययनको यो प्रभावकारी शैली हो,' श्रेष्ठ भन्छन्- 'पढेको भन्दा लेखेको कुरा छिटै ग्रहण गर्न सकिन्छ।' लेख्ने अभ्यासले परीक्षामा निकै सहयोग पुग्छ। यसैबेला छिट्टै लेखन र अक्षर सुधार्न सकिन्छ। एकचोटि ध्यान दिएर पाठ पढ्ने, पढेको पाठबाट आफैंले प्रश्न बनाउने र त्यसको जवाफ दिने अभ्यास गर्नु लाभदायक हुने शिक्षकहरूको सुझाव छ। कुन-कुन विषयलाई कति समय दिने हो, सोहीअनुसार रुटिन बनाए पढ्न सजिलो हुन्छ। यसले विद्यार्थीमा समयको महत्व पनि बोध हुन्छ।

कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले प्रि-टेस्ट अगाडिदेखि नै रुटिन बनाएर पढ्नुपर्ने शिक्षकहरू बताउँछन्। गणित, ऐच्छिक गणित, विज्ञान तथा अर्थशास्त्र विषयमा गर्नुपर्ने हिसाबको अभ्यास राति गर्न सकिन्छ। सुत्नुअघिको समयमा खासै हतार नहुने भएकाले धेरै समय लाग्ने यस्ता विषयहरू अध्ययन गर्नुपर्छ। हिसाब गर्दा मस्तिष्क सक्रिय हुने भएकाले अल्छी र निद्रा लाग्ने समस्या पनि हुँदैन। धेरैजसो विद्यार्थी अप्ठ्यारा विषयमात्र अध्ययन गर्ने र सजिलो लाग्ने विषय नहेर्ने खालका हुन्छन्। यसरी सजिलो विषयलाई बेवास्ता गर्नु राम्रो नहुने शिक्षकहरू बताउँछन्। सजिलो लाग्ने विषय अध्ययनका लागि पनि समय निकाल्नुपर्छ।

अध्ययन गर्दा अनावश्यक तनाव लिनुहुँदैन। मानसिक तनाव झेलिरहेका बेला अध्ययन गरेको कुरा ग्रहण गर्न सकिँदैन। यसले समयको बर्बाद मात्र हुन्छ। शिक्षकहरूका अनुसार बाह्य तनावबाट मुक्त भएर मस्तिष्कलाई खुला राखेर अध्ययन गर्न बस्नुपर्छ। पाठमा मात्र ध्यान केन्द्रित गर्नुपर्छ। यसका लागि अध्ययन कोठा पनि अनुकूल हुनुपर्छ। होहल्ला एवं दुर्गन्धयुक्त कोठामा बस्दा पाठमा ध्यान लगाउन सकिँदैन। त्यसैले अध्ययनका लागि छुट्टै कोठा बनाउनु राम्रो हुन्छ। छुट्टै कोठा नहुनेहरूले पनि अध्ययन गर्ने कोठामा आफूलाई बाधा पुग्ने वस्तुहरू राख्न हुँदैन।

दुई वा तीन जना विद्यार्थी बसेर छलफलको शैलीमा अध्ययन गर्ने विधिलाई पनि प्रभावकारी मानिन्छ। यसले एक-अर्कामा भएको ज्ञान आर्जन गर्न सकिन्छ। पाठ्यपुस्तक मात्र ज्ञानको स्रोत होइन, त्यसैले पाठ्यपुस्तकमा मात्र सीमित भएर होइन, अन्य स्रोतबाट पनि सम्बन्धित विषयको अध्ययन गर्नुपर्छ। पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा विज्ञहरू ज्ञानका स्रोत हुन्। आफ्नै सहपाठीहरूको ज्ञान पनि आदान-प्रदान गर्न सकिन्छ। अध्ययन गर्ने विद्यार्थीले कुनै पनि कुरामा खुम्चिएर होइन, खुला रूपमा ज्ञान आर्जन गर्नु उपयुक्त हुन्छ। यसरी आर्जन गरिएको ज्ञानले एउटा परीक्षामात्र पार गराउँदैन व्यावहारिक जीवनमै पनि सघाउ पुर्‍याउँछ।


सदाबहार शक्ति
यौन दुर्वलता, अधिक यौनशक्ति र सदाबहारको लागि
शिघ्रपतनले असन्तुष्ट जोडीको लागि
जाँड-रक्सी
र चुरोटको कुलत थाहै नदिई छुटाउन
लिङ्ग लामो, मोटो, बनाउन, यौनी टाईट गर्न
चाहे अनुसार स्तन बढाउन, घटाउन र टाईट गर्न
१२ Kg. सम्म मोटोपना बढाउन तथा तौल घटाउन
100% Herbal, No side effect
01-6911487, 9849221974, 9841124747
बागडोल पट्टीपा चोक, ललितपुर

विशेष छुटमा !
होटल तालिम
100 % रोजगारमूलक
कुक/वेटर
● 5 Star होटलका प्रशिक्षकबाट तालिम
● विदेश जानेहरुका लागि विशेष कक्षा
कामना, कोटेश्वर
फोन नं.: ४६०१८७८/४६००३३५

उद्घोषण
प्रतिष्ठित NGO को सहयोगमा सिमित सिटका लागि
मात्र रु.१,५००।- मा
उद्घोषण तालिम
साथसाथै ४५ दिने Radio Technician तालिम
(Job Guarantee)
फोन नं.०१-४२४६१५५, ०१-२२९६४५७
Echo Media अद्वैतमार्ग,पुरानो बसपार्क

ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स।
• रोजगारीको ग्यारेण्टी।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरुद्वारा तालिम दिईने।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एडभान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

तालिम
ब्यूटिसियन, सिलाई र कटाई, फेसन डिजाईन, बुनाई, प्याचवर्क, इम्ब्रइदरी तथा बिभिन्न तालिम दिइन्छ।
ब्युटिसियन बेसीक कोर्ष नि:शुल्क तालिम दिईन्छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाडौं : ४२३ १०३०
(खुल्ने समय: बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म)
शुक्रबार महिलाहरूलाई नि:शुल्क कपाल काटिन्छ।

MOBILE तालिममा
Special छुट !
किन नि ?
MICROLINK
स्थापनाको 8 वर्षको शुभ-उपलक्ष्यमा
साथै Free Tools
Free Software पनि
सिप सिकौं, आर्जन गरौं
Grab the opportunity
'यो मौका फेरि आउँदैन है'
फोन नं.: ०१-४२६७९०४

तु: आवश्यकता
France का सफल व्यक्तित्व Lady Mount को विचार र सिद्धान्तद्वारा संचालित यस कम्पनीको लागि थप कर्मचारी आवश्यकता।
योग्यता-S.L.C. or PCL Above
संख्या -13 Ladies & Gents
तलब -13,000/-
सम्पर्क:
UAI 2292363, 9841747489, 9808902932 मित्रपार्क चोक चाबहिल
USI 9841691218 9808750968 कलंकी, खशीबजार
नोट: Urgent परेको हुँदा Document सहित तु: सम्पर्क राख्नुहोला।

# पारसलाई बन्दुक किन प्यारो ?

पृष्ट १ बाट जारी

ग्यालेक्सी डिस्कोमा मदिरा पिएको अवस्थामा कुटपिट गरेको कुरा बाहिर आएको थियो । दरबार हत्याकाण्डको एक वर्ष नबित्दै पारसको गाडी गौशालास्थित होटल द्वारिकाजअघि दुर्घटनाग्रस्त भएको थियो । उनी त्यसबेला भर्खरै युवराज घोषित भएका थिए । त्यसो त दरबार हत्याकाण्डअघि नै पारसको गाडीले संगीतकार प्रवीण गुरुङलाई किचेको थियो । उक्त गाडी तत्कालीन अधिराजकुमार पारसले अत्यधिक मदिरा पिएर चलाएको आरोप लागेको थियो । उक्त दुर्घटनामा संगीतकार गुरुङले ज्यान गुमाएका थिए । गएका एक दशकको रेकर्ड हेर्ने हो भने पारसले आधा रातमा अनियन्त्रित रूपमा गाडी चलाउने, पटक-पटक गाडी दुर्घटना गराउने, उनको गाडीलाई साइड नदिने चालकलाई हिर्काउने, आफूलाई नचिन्ने प्रहरीलाई बन्दुक तेर्साउने गरेका घटना बारम्बार सार्वजनिक भैरहेको देखिन्छ ।

**बन्दुक नै किन प्यारो ?**

दरबार हत्याकाण्डपछि विभिन्न आयोगले दरबारका तत्कालीन पदाधिकारीहरूलाई बन्दुकबाट टाढा राख्न सुझाव दिएको थियो । हुन पनि करिब २ हजार १ सय सैनिकको घेरामा बसेको तत्कालीन राजपरिवारका लागि बन्दुक सजिलै प्राप्त गर्न सकिने हतियार थियो । सानैदेखि बन्दुक पड्काएको देख्ने राजपरिवारका पुरुष



सदस्यले १८ वर्षको उमेरमा सैनिक तालिम लिएपछि बन्दुक बोक्न पाउँथे । राजपरिवारमा विवाहित महिलाहरूले पनि पेस्तोल बोक्न पाउने अधिकार थियो । मानिस मार्दा पनि कानुन नलाग्ने तत्कालीन परिवेशमा बन्दुक उनीहरूका लागि खेलौनाजस्तै मानिन्थ्यो । त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा पारसले तत्कालीन युवराज दीपेन्द्रसँगको संगतमा सानैदेखि मदिरा एवं अन्य नसालु पदार्थ खान सिकेको दाबी दरबारनिकटहरूको छ ।

दीपेन्द्रले रक्सी र ड्रग्स सेवनकै अवस्थामा आफ्ना अभिभावक एवं भाइ-बहिनीको हत्या गरेको अहिलेसम्मका अनुसन्धानहरूले देखाएका छन् । पारस एवं तत्कालीन युवराज दुवै मिलेर नाम नखुलेको कालो पदार्थ (ड्रग्स) खाने गरेको तत्कालीन दरबारका कर्मचारीहरूले दरबार हत्याकाण्डको सिलसिलामा लिइएको बयानमा बताएका थिए । हुन पनि चारैतिर बन्दुक र नसाको बिगबिगी भएको दरबारमा उनलाई यी वस्तु सहज उपलब्ध थिए । बन्दुक र नसाको लतमा परेका पारसले सानैदेखि आफू कानुनभन्दा माथि पाए ।

दरबार हत्याकाण्डपछि केही समय हतियारबाट टाढा राखिएका पारसले युवराजधिराज घोषणा भएपछि फेरि बन्दुक बोक्ने अधिकार पाए । जीवनका ४० वसन्त यही परिवेशमा हुर्किएका पारस गणतन्त्र आएपछि पनि बन्दुकको मोहबाट टाढा हुन सकेनन् । नागरिक भैसकेका पारसले खरखजना ऐनअन्तर्गत बन्दुक बोक्न पाउँदैनन् । उनले बन्दुक बोक्ने लाइसेन्स पनि लिएका छैनन् । यद्यपि सानैदेखि बन्दुकसँग खेल्न अभ्यस्त पारसको कमजोरी तीव्र ड्राइभिङ, मदिरा एवं बन्दुक मानिन्छ । एक दशकयता पारसले जति पनि सडक वा बन्दुक दुर्घटना गराएका छन्, ती सबै घटनामा उनले मदिरा सेवन गरेको पाइएको छ ।

अरू बेला शान्त एवं भलाद्मी व्यवहार गर्ने तत्कालीन युवराज पारस मदिरा सेवनपछि भने अनियन्त्रित हुने, तीव्र सवारीसाधन चलाउने एवं दुर्घटना गराउने गरेको पाइन्छ । मदिरा सेवन गरेकै अवस्थामा एभरेस्ट होटलमा उनले गोली चलाएका थिए भने त्यही अवस्थामा उनको सडक दुर्घटना पनि भएको थियो । उनले पाँचतारे होटलका विभिन्न पार्टीमा धेरैलाई हातपात गरेका थिए । मदिरा खाएकै अवस्थामा भएका ती घटनालाई पीडितहरूले मात्र होइन, सरकारी संरचनाहरूले नै ढाकछोप गर्थे । परराष्ट्रमन्त्री सुजाता कोइरालाको ज्वाइँ रुबेल चौधरीमाथिको आक्रमण पनि त्यही प्रवृत्तिको निरन्तरता थियो । यद्यपि देशमा गणतन्त्र आएका कारण पहिलोपटक यो घटनाले ठूलो रूप लिएको छ ।

अत्यधिक धूमपान एवं मध्यपान सेवन गरेकै कारण युवा अवस्थामै पारसलाई मुटुको रोग लागेको छ । मुटुमा अत्यधिक पीडा भएपछि दुई महिनाअघि पारस नर्भिक अस्पताल भर्ना भएका थिए । चिकित्सकहरूले उनलाई धूमपान छाड्न र मदिरा कम पिउन सल्लाह दिएका थिए । यद्यपि न त उनले धूमपान छाडे न त मध्यपान नै कम गरे । अन्ततः पारसले रुबेल चौधरीको कञ्चटमा पेस्तोल राखे । उनले बंगलादेशी नागरिक रुबेलमाथि मार्ने धम्की मात्र दिएनन्, चार राउन्ड हवाई फायरसमेत गरे ।

रुबेलले राजतन्त्र र राजपरिवारका सदस्यको आलोचना गरेपछि आफूले सहन नसकी हवाई फायर गरेको प्रेस विज्ञप्तिमार्फत बताएका छन् । यद्यपि प्रहरीलाई दिएको बयानमा आफूले गोली नचलाएको एवं आफूसँग कुनै हतियार नभएको बताएका छन् । उनले आफ्ना सहयोगी वकिलहरूको सल्लाहमा बयान फेरेको अनुमान गरिएको छ । यता रुबेलले भने आफूलाई बन्दुक तेर्साएको, स्वर्गीय नेता गिरिजाप्रसाद कोइरालालगायत आफ्नी सासू सुजाता कोइरालाई जथाभावी गाली गरेको बयान प्रहरीलाई दिएका छन् । परराष्ट्रमन्त्री सुजाता कोइरालाको मण्डीखाटारस्थित घरमा प्रहरीलाई दिएको बयानपछि पारसमाथि दुईवटा मुद्दा दर्ता भएको बताइएको छ । देशमा कानुनको शासन छ भन्ने देखाउन पनि सरकारले पारसलाई केही न केही कारबाही गर्ने अनुमान गरिएको छ ।

# को हुन् रुबेल चौधरी ?

पृष्ट १ बाट जारी

पार्ने परिवारको सदस्य भएको बताएका थिए । मेलानीसँग विवाह गर्नकै लागि उनले बेलायतबाट निस्कने एउटा पत्रिकामा आवरण तस्बिर प्रकाशित गराएर मेलानीमार्फत कोइराला परिवारका सदस्यहरूलाई बाँडेका थिए । नेपालको राजनीतिको केन्द्रमा रहेको कोइराला परिवारलाई प्रभावमा पार्न उनले आफूलाई युरोपमा ठूलो बिजनेस हाउसको प्रमुख सेयर होल्डरका रूपमा प्रस्तुत गरेका थिए तर ती सबै झूटको पोल त्यसबेला खुल्यो जब उनको विवाहमा रुबेलमा बुवा-आमा सामेल भए । पारिवारिक सदस्यहरूको कुराकानीमा चौधरी दम्पतीले आफूहरू ढाकाको मध्यमबर्गीय परिवार भएको र छोरालाई दुःख गरेर लन्डन पठाएको कुरा बताएका थिए । त्यसलगत्तै पत्रिकामा प्रकासित रुबेलको आवरण तस्बिर नक्कली भएको कुरा रहस्योद्घाटन भयो । उनले त्यसबेला चर्चित पत्रिकाको मास्क हेड प्रयोग गर्दै आवरण पृष्ठ डिजायन गरेर स्टोरी तयार पारी त्यसको फोटोकपी कोइराला परिवारलाई उपलब्ध गराएको अनुमान स्वयं कोइराला परिवारका सदस्यहरूको छ किनभने कुनै पनि हैसियत नभएका रुबेलको तस्बिर कभरमा छापिनुपर्ने कुनै कारण थिएन । वास्तविक कुरा बुझ्न केही समयपछि ढाका पुगेका कांग्रेस नेता लक्ष्मण बस्नेतले पनि मेलानीसँग विवाह गर्नकै लागि रुबेलले आफ्नो हैसियत बढाएर प्रस्तुत गरेको जानकारी पाएको बताइन्छ ।

'यति हुँदा-हुँदै पनि रुबेलसँग मानिसलाई आफ्नो बनाउने विशेष गुण छ ।' रुबेलसँग लामो समय बिताएका एक सदस्यले भने, 'प्रेम पाउन र शक्तिशाली पारिवारको साथ पाउन केही झूट बोल्नु सामान्य हो । व्यवहारमा उनी असल मानिस हुन् ।' विवाहको केही समयपछि नै नेपाल बस्न थालेका रुबेल त्यसयता आफ्नो 'ठूलो बिजनेस' गर्न बेलायत फर्किएका छैनन् । बरु उनी विगत ४ वर्षदेखि पासपोर्ट रिन्यू गर्दै मण्डिखाटारस्थित सासू सुजाताको घरमा बस्दै आएका छन् । बेलायत वा बंगलादेश किन नफर्किएको भनेर सोध्नेहरूलाई उनी हाँसी-हाँसी एक्ली सासूलाई आफूजस्तो छोराको खाँचो भएकाले नेपालमै बसेको जबाफ दिन्छन् । जानकारहरूका अनुसार उनी कहिलै ज्वाइँका रूपमा व्यवहार गर्दैनन् बरु कांग्रेस कार्यकर्ताझैं कोइरालाको घरमा आएका पाहुनासँग चिसो-तातो तथा नजिकका कार्यकर्तासँग खर्च-पानीको समस्या सोधपुछ गर्छन् । मेलानी सुत्केरी भएयता उनी आमा सुजातासँगै बस्न थालेका कारण पनि रुबेल श्रीमतीको साथ लागेर मण्डीखाटार सरेको बताइन्छ ।

कोइराला परिवार लगातार शक्तिमा रहेका कारण रुबेलले नेपाल नछाडेको अनुमान गरिन्छ । रुबेलले परराष्ट्रमन्त्री सुजाता कोइरालाको शक्तिकै आधारमा रातो पासपोर्ट बोक्ने गरेको आरोप पनि छ । यद्यपि त्यसको स्वतन्त्र पुष्टि हुन सकेको छैन । ३६ वर्षीय रुबेलमाथि नेपाल प्रहरीको सामग्री खरिद प्रकरणमा भएको भ्रष्टाचारमा सहयोग गरेको आरोप लाग्दै आएको छ । त्यसैगरी विभिन्न ठेक्कापट्टा मिलाउने काममा पनि उनको रुचि भएको बताइन्छ । कालो कलरको किया स्पोर्टेज गाडी चढ्ने रुबेलको आम्दानीको स्रोतमाथि शंका गर्नेहरू पनि उत्तिकै छन् । नेपालमा उनी सुष्मा कोइराला मेमोरियल ट्रस्टको सल्लाहकारका हैसियतमा रहँदै आएका छन् ।

# अब निर्णायक लडाइँ लड्छौं

पृष्ट ५ बाट जारी

हो, तर छानबिनपश्चात् प्रधानमन्त्री गोर्डन ब्राउन स्वयंले संसद्मा गल्ती स्वीकार गरे । नेपालका सिडियोले समेत 'सरी' भनिसकेका छन् ।

**हावै नचली पात हल्लेछ त ?**

गोर्खाविरोधी तत्वहरूले गेसोलाई समाप्त पार्न विभिन्न लाञ्छना लगाउने काम छाडेका छैनन् । यो सबै हामीलाई कमजोर पार्न गरिएको दुष्प्रचार हो । १० वर्षअगाडि समेत मलाई ४५ करोड उठाएर खाएको आरोप लगाइएको थियो, जुन बेला कोषमा २ लाख पनि थिएन । पैसा उठाएर माओवादीमा लगानी गर्‍यो, आतंककारीसँग मिलोमतो छ पनि भने, तर पुष्टि भएन । अधिकांश रकम कानुनी परामर्शदाता गोपाल शिवाकोटी 'चिन्तन' तथा वकिल फिल साइमरको पारिश्रमिकबापत खर्च भएको छ । बेलायत सरकारबाट कानुनी सहायता प्राप्त भएपछि पनि हामीसँग रकम लिइएको छ । यो कुरासमेत छानबिन हुनुपर्ने माग श्वेतपत्रमा उठाएका छौं, तर यिनैले हामीलाई अन्धकारमा राखेर पेन्सनसम्बन्धी मुद्दा दायर नगर्ने भन्ने कुरा सम्बन्धित निकायमा पुर्‍याएका रहेछन् । त्यसमा हाम्रो सहमति छैन । अन्तर्राष्ट्रिय रूपमा हाम्रो सेवालाई मान्यता दिलाई गोर्खालीहरूलाई पनि समान पेन्सन दिन बेलायत सरकारलाई बाध्य पार्नेछौं ।

**गेसोको अहिलेसम्मका उपलब्धि के-के हुन् ?**

गेसो आन्दोलनकै सफलताका कारण १ हजार ७ सय रुपैयाँ पेन्सन बुझ्ने सिपाहीले २३ हजार रुपैयाँ पाएका छन् । हजारौंलाई आवासीय भिसा सुविधा मिलेको छ। अर्बौं रुपैयाँ रेमिटान्स नेपाल भित्रिएको छ । लाहुरेहरू आफ्नो अधिकारप्रति सचेत भएका छन्, यो सानो उपलब्धि होइन ।


हेटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ ।
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

९ महिना मै +2/SLC
➲ कक्षा ७,८,९,१० फेल भएपनि Math/Science/Test नदिई ५ बिषय मात्र पढेर ९ महिनामै S.L.C. पास गर्न चाहानुहुन्छ ?
➲ +2/A Level फेल भएपनि ५ बषय मात्र पढेर +2 पास गर्न चाहानुहुन्छ ?
➲ विश्वभर मान्यता प्राप्त-गृहिणी/जागिरे/व्यावसायीले घरैमा बसी पढ्न सकिने ।
➲ पास गन सकिने ।
बिगत १० वर्ष देखि संचालित
पाथ फाईन्डर ग्लोबल एजुकेशन
पुतलिसडक (रिपोटर्स क्लबको अगाडि)
2005077, 9841787602
www.pathfinder.edu.np

६ महिना मै +2
प्राईभेट Test/SLC-2067
(आठै बिषयका नियमित कोचिङ्ग कक्षाहरू)
रेगुलर/एक्जाम्टेड (Tuition, Coaching Classes)
उपत्यका बाहिरबाट (SLC दिनेहरुलाई विशेष तयारी कक्षा)
SLC Preparation Class (Maths, Opt. Maths, Science, English etc.)
तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)
Arts Commerce Science
अन्तिम भर्ना !!
+2, 'A'Level तथा PCL फेल भएता पनि ६ महिना पढेर एक वर्ष मै +2 पास गर्न सकिने, ११ को नपढी सिधै १२ को मात्रै पढेर Exam दिन पाईने, कक्षा ८, ९ Test फेल भएता पनि Test नै नदिईकन SLC दिन पाईने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, पास गर्न सजिलो, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने ।
बाहिर बाट आएकाहरुलाई होस्टेलको व्यवस्था ।
Free internet facility for NIOS Students
२ वर्ष मै BA, BBS पास
अंग्रेजी Japanese, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु, भाषाहरु साथै Tution for SLC, +2, CBSE, 'A' Level, BA, BBS, BBA, TOEFL, IELTS & All Computer Courses.
ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावहिल: 4460091, 9851085823
नयाँ बानेश्वर (ओरियन साकुरा): 4484634
orion_academy2003@yahoo.com
डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437
diplomatic_education@asia.com

$72,000 Student Scholarship
✱Scholarship in: USA $72,000, $48,000, $16,000, Australia $23,000, UK £15,000, Canada $20,000, Nepal Rs. 4,00,000, New Zealand $20,000, Ireland €19,000 ✱100% free education: Finland, Germany, Norway, Sweden✱No fee: China, India, Japan, Pakistan, Singapore, Philipines, Thiland... ✱ Special class: IELTS, TOEFL, SAT, GMAT, GRE, LSAT, language
✱Workshop on: writing, speaking, presentation, conversation, pronunciation, memory power
Hi ! Students ! Welcome to
ISTS 9849544747 9741232602
Beside Bibhor Hospital Bagbazar, Ktm
Way to Old Buspark to Shankerdev Campus

होटेल तथा पर्यटन तालिम
रोजगारीको राम्रो मौका
Target Together: 'Tourism Year 2011'
Cook, Waiter/ess, Bartender, Housekeeping
* Travel & Tourism (Level-I) - 40 hrs
* English for Tourism (Level-I/II) - 38/43 hrs
* Marketing (Introductory) - 30 hrs
* Customer Service (Level-II) - 75 hrs
* Call Center Operations (New) - 40 hrs
Int'l Certificate from UK
LCCI London Chamber of Commerce & Industry International Qualifications
Indreni Tourism & Hotel Training Centre
Indreni Complex, New Baneshwor, Ph: 4783361

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus, Galileo & IATA)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क:- सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
✆4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

# मौसम भ्रमणको

शेखर ढकाल

भनिन्छ, मानिसले गर्ने हरेक काम मौसम अनुकूल हुनुपर्छ अनि मात्र उक्त कामको उपलब्धि राम्रो हुन्छ। मानिसले गर्ने हरेक काम मौसमद्वारा निर्धारित हुन्छन्। किसानको खेतीदेखि विद्यार्थीको परीक्षासम्मको कार्यतालिका मौसमअनुसार नै बनेको हुन्छ।

समाज विकसित र परिर्वतित हुँदै जाँदा मानिसका आवश्यकता पनि थपिँदै जान्छन्। मानिसहरू बढीभन्दा बढी सुविधा उपभोग गर्न चान्छन्। रमाउन चाहन्छन्, खुसी





हुन चाहन्छन्। व्यस्त समयबाट अलिकति फुर्सद निकालेर रमाउन मानिसहरू आफूलाई मन लागेका कार्य गर्छन्। कतिपय परिवारमा बसेर रमाइलो गर्छन, कतिपय मीठा-मीठा खानेकुरा खाएर, कतिपय चलचित्र हेरेर त कति पुस्तक पढेर पनि रमाइ रहेका पाइन्छन्, तर धेरैजसो मानिस रमाउनका लागि विभिन्न ठाउँको भ्रमण जान्छन्।

हिजोआज भ्रमण फेसनजस्तै भएको छ। अझ यो मौसम त भ्रमण गर्नेहरूका लागि एउटा उत्सवजस्तै हो। नेपालका विभिन्न रमणीय ठाउँमा विभिन्न संघ-संस्था, विद्यालय, समूह वा पारिवारिक भ्रमणमा निस्किएकाहरूको जमघट बाक्लो छ। वनभोज होस् वा अध्ययन, अवलोकन होस् वा अनुसन्धान, धार्मिक होस् वा शैक्षिक यस्ता धेरै प्रकारका बहानामा मानिसहरू भ्रमणमा निस्किएका पाइन्छन्।

यतिबेला विद्यार्थीहरूलाई शैक्षिक भ्रमणमा लाने क्रम पनि निकै बढेको छ। विभिन्न कृषक समूह, सरकारी कार्यलय, बचत तथा ऋण सहकारी संस्थाहरू, अन्य विभिन्न संघ-संगठन र सामाजिक संस्थाहरूसमेत यस्ता भ्रमणमा सहभागी हुँदै आएका छन्। यतिबेला पूर्वमा धनकुटाको भेडेटार, पाख्रीबास कृषि अनुसन्धान केन्द्र, सुनसरीको धरान, विजयपुर, बहारक्षेत्र, तातलैया, कोसी टप्पु वन्यजन्तु आरक्ष, मोरङका बेतौना सीमसार क्षेत्र, चुली पोखरी, झापाका सतासीधाम, दोमुखा, जामुन खाडी, इलामका कन्याम, फिक्कल आदि क्षेत्रमा नेपालभरिका मानिसहरू विभिन्न किसिमका भ्रमण लिएर पुगेका पाइन्छन्। पूर्वबाट पनि दैनिक दर्जनौं समूह जनकपुर, हेटौंडा, चितवन, पोखरा, मनकामना, नगरकोट, लुम्बिनी आदि क्षेत्रको भ्रमणमा निस्कनेहरू उत्तिकै भेटिन्छन्।

बाहिरको वातावरणमा रमाइलो गर्दै आनन्द लिनुको छुट्टै मज्जा भएको भ्रमणमा सहभागीहरूको अनुभव छ। शारीरिक अशक्तहरूको समूहसँग भर्खरै भेडेटार, धनकुटालगायत सुनसरीका विभिन्न धार्मिक एवं पर्यटकीय क्षेत्रको भ्रमण गरेर फर्किएका मोरङ अमरदहका सन्तोष कार्की भन्छन्- 'भ्रमण र यात्राले मानिसलाई रमाइलो मात्र दिँदैन, काम गर्ने ऊर्जासमेत प्रदान गर्छ।' यस्तै सहकर्मी समूहको भ्रमणमा सहभागी सुनसरीको पकलीका विकास दाहाल पनि यात्रा एवं भ्रमणले मानिसमा जोस-जाँगर र ऊर्जा थप्ने भएकाले वर्षमा एक-दुई पटक भ्रमणमा सहभागी हुँदै आएको बताउँछन्।

**यतिबेला पूर्वमा धनकुटाको भेडेटार, पाख्रीबास कृषि अनुसन्धान केन्द्र, सुनसरीको धरान, विजयपुर, बहारक्षेत्र, तातलैया, कोसी टप्पु वन्यजन्तु आरक्ष, मोरङका बेतौना सीमसार क्षेत्र, चुली पोखरी, झापाका सतासीधाम, दोमुखा, जामुन खाडी, इलामका कन्याम, फिक्कल आदि क्षेत्रमा नेपालभरिका मानिसहरू विभिन्न किसिमका भ्रमण लिएर पुगेका पाइन्छन्।**

झापाको दोमुखा तथा जामुनवाडी आदि क्षेत्रमा विद्यार्थीलाई भ्रमणका लागि लिएर गएका अरनिको विद्यालय मोरङका प्रिन्सीपल पुष्पमणि भारतीले विद्यार्थीहरूलाई शिक्षासँगै विभिन्न ठाउँको रहन सहन, भोगौलिक एवं सांस्कृतिक वातावरण तथा प्रकृतिक सम्पदाका बारेमा जानकारी गराउन भ्रमणमा निस्किएको बताए। विद्यार्थीलाई यस्ता कार्यमा सहभागी गराउँदा उनीहरूमा पनि छुट्टै किसिमको ऊर्जा उत्पन्न हुने भारतीको धारणा थियो।

यसरी विभिन्न बहानामा भ्रमणमा निस्कनेहरूले कत्तिकदेखि पुसको पहिलो सातासम्मको समयलाई रोज्ने गरेका छन्। मौसम र विभिन्न कारणले यो समय भ्रमणका लागि अनुकूल भएको भ्रमणमा सहभागीहरूले बताएका छन्। 'यो मौसममा पानी पर्ने सम्भावना पनि हुँदैन अनि जाडो पनि त्यति धेरै छैन,' धनकुटाका एक गाडी विद्यार्थीसहित भेटिएका झापा चन्द्रगढीको प्रज्ञा एकेडेमीका शिक्षक अशोक पुडासैनीले भने- 'मौसमको अनुकूलता र प्रायःजसो सबै विद्यालय यही समयमा शैक्षिक भ्रमण जाने भएकाले हामीले पनि यसैलाई छान्यौं।'


रूपन्देहीबाट पूर्वी नेपालको भ्रमणमा निस्किएको सप्तकोसी बचत तथा ऋण सहकारीका पदाधीकारीहरू यो मौसममा भ्रमण गर्दा अरू समयको भन्दा आनन्द आउने बताउँछन्। यो समयमा बिना झन्झट यात्रा गर्न पाइने उनीहरूको भनाइ छ।

प्रा. डा. टंक न्यौपाने पनि पानी नपर्ने र जाडो पनि धेरै नभएकाले भ्रमण अनुकूल भएरै धेरै मानिसले यो समयलाई उपयुक्त मान्ने गरेका बताउँछन्। डा. न्यौपाने भन्छन्- खेतीका मानिसले अन्न थन्क्याएर फुर्सद पाएका छन्। अरू मानिसहरूका लागि पनि यो समय उपयुक्त छ। त्यसैले पनि यो समय भ्रमणको समय बनेको छ।

यस्ता भ्रमणले एकातिर सहभागीहरूलाई रमाइलो र आनन्द दिन्छ भने अर्कातर्फ ती ठाउँहरू जहाँ भ्रमणका लागि गइन्छ उक्त ठाउँको विकासमा समेत सघाउ पुऱ्याउँछ। सरकारले पर्यटन वर्ष घोषणा गरेको सन्दर्भमा त झन् यस्ता भ्रमणले आन्तरिक पर्यटनमा समेट टेवा पुऱ्याउने वास्तविकता कसैले नकार्न सक्दैन।

## नुवाकोट दरबारलाई संग्रहालय बनाइने

नुवाकोट घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकको भ्रमण अब थप स्मरणीय हुने भएको छ। लामो समयदेखि बन्द रहेको नुवाकोटको सातत्ले दरबार पर्यटन वर्षलाई ध्यानमा राखेर सर्वसाधारणका लागि खुला गरिने भएपछि यहाँ आउनेहरूको भ्रमण रमाइलो हुने भएको हो। तीन वर्षदेखि सर्वसाधारणलाई प्रवेश निषेध गरिएको सातत्ले दरबारको प्रवेश खुला गरिने पुरातत्त्व विभागले जनाएको छ। नुवाकोटको प्रमुख नेपाली नागरिकका लागि २० रुपैयाँ, सार्क मुलुक र चिनियाँ नागरिकका लागि ५० एवं तेस्रो मुलुकका नागरिकका लागि १ सय रुपैयाँ प्रवेश शुल्क लिने निर्णय भएको छ। जिल्लाको महत्त्वपूर्ण सम्पदाका रूपमा रहेको राजा पृथ्वीनारायण शाहद्वारा निर्मित २ सय ५० वर्ष पुरानो दरबारलाई गणतन्त्रको घोषणालगत्तै तीन वर्षदेखि प्रवेश निषेध गरिएको थियो। दरबारमा संग्रहालय स्थापना गरेपछि पृथ्वीनारायण शाहसँग



ऐतिहासिक, पर्यटकीय एवं पुरातात्त्विक महत्त्व बोकेको सातत्ले दरबारको प्रवेश निषेध नेपाल पर्यटन वर्ष-२०११ सुरु हुनुभन्दा दुई दिनअघिदेखि नै हटाउन लागिएको पुरातत्त्व विभागका महानिर्देशक विष्णुराज कार्कीले बताए। 'नुवाकोट घुम्न आउनेहरूको यात्रा खल्लो नहोस् भनेर दरबार क्षेत्रलाई व्यवस्थित गरी खुला गर्न लागिएको हो,' महानिर्देशक कार्कीले भने। दरबार अब दरबार मात्र नरहेर संग्रहालयमा परिणत हुने भएको छ। दरबारलाई नुवाकोट संग्रहालयका रूपमा विकास गर्ने काम सुरु भएको प्रमुख जिल्ला अधिकारी गोविन्दमणि भुर्तेलले बताए। 'दरबारमा पृथ्वीनारायण शाहकालीन हतियार, पुराना सन्धि-सम्झौताका पत्रहरू, पुराना परम्परागत सामानहरू संग्रहित गर्ने काम पनि भैरहेको छ,' प्रजिअ भुर्तेलले बताए।

सशुल्क अवलोकन गर्न पाइने दरबारमा विद्यार्थीका लागि शुक्रबार र शनिबार निःशुल्क तथा अन्य दिन १० रुपैयाँ लिने व्यवस्था गरिएको छ। नयाँ व्यवस्थाअनुसार सम्बन्धित सामग्रीहरू ल्याएर राखिने विभागले जनाएको छ। यसैगरी नुवाकोट सम्पदा मञ्चले भैरवी मन्दिरअगाडि स्थापना गरेको संग्रहालयलाई थप व्यवस्थित गरेर दरबारमा सार्ने भएको छ।

दरबारदेखि पूर्वको बस्तीमा जान पछाडिपट्टि बाटो निर्माण गरिने भएको छ। संग्रहालय बनेपछि अहिलेको दरबार अगाडीको बाटो बन्द गरिने दरबार परिसरको दुइटा मन्दिरमा स्थानीयवासीहरूले हरेक दिन विहान पूजा-अर्चना गर्छन्। वि.सं. १८१९ मा निर्माण गरिएको दरबार सबैका लागि खुला हुने भएपछि स्थानीयवासीहरू पर्यटक आउने कुराले खुसी छन्। अब नुवाकोट आउने आन्तरिक तथा बाह्य पर्यटकहरू दरबार प्रवेश गर्न नपाई निराश भएर फर्कनुपर्नेछैन। प्यागोडा शैलीमा निर्माण गरिएको दरबार काष्ठकलाका लागि पनि प्रसिद्ध छ। दरबार क्षेत्रमा रंगमहल, गारदघर, तलेजु भवानीको दरबार, भैरवी मन्दिर आदि सम्पदा छन्।

**नवदीप अजनवी**

# राजारानीमा होमस्टे

**आन्तरिक पर्यटक आकर्षित गर्न राजारानीमा पिकनिक स्पटको समेत व्यवस्था गरिएको छ। पिकनिक खान आउनेहरूलाई मध्यनजर गरेर गत वर्ष उक्त स्पट तयार गरिएको हो। वनभोज खान आउनेहरूलाई खानेपानी एवं अन्य सुविधा प्रदान गर्न सो स्थानको व्यवस्था गरिएको हो।**

पर्यटन वर्षको पूर्वसन्ध्यामा उत्तरी मोरङवासी पर्यटक भित्राउन आफ्नो गाउँमा होमस्टे विकास गर्न लागिपरेका छन्। उत्तरी मोरङको राजारानीवासीले पर्यटक आकर्षित गर्न यस्तो योजना अगाडि सारेको हो। मोरङको लेटाङबाट ४ किलोमिटर उत्तरमा अवस्थित राजारानीवासीले पर्यटकलाई लक्षित गरी आफ्नै घरमा पर्यटकलाई बस्ने व्यवस्था मिलाउन लागेका हुन्। यहाँ आउने पर्यटकले स्थानीय परिकारको स्वादसँगै स्थानीय संस्कृतिका बारेमा जानकारी पनि पाउनेछन्। होमस्टेका लागी स्थानीयवासीले घरका कोठा पनि छुट्याउन थालेका छन्।

चुरे पहाडमा अवस्थित राजारानीमा पुरातात्त्विक महत्वका तीन पोखरी, एक मन्दिर तथा एक धिमाल ग्रामथान छ। पूर्वी तराईमा बसोबास गर्ने धिमाल जातिको उत्पत्तिस्थल मानिने राजारानीमा हाल भने मगर समुदायका मानिसहरू बसोबास गर्छन्। ४२ घर रहेको राजारानीमा अति लोपोन्मुख प्रजातिको सुनाखरी पाइन्छ। त्यहाँ जंगली धान, जंगली सुन्तला र लोपोन्मुख वन्यजन्तुको बास छ। आसपासमै रहेको झरना राजारानीको थप आकर्षण हो। राजारानी पोखरी संरक्षण समितिका अध्यक्ष दलबहादुर मगरका अनुसार राजा पोखरीमा नौका विहार गर्न बाँध निर्माण गरिएको छ। जिल्ला विकास समिति तथा स्थानीयवासीको सक्रियतामा पर्यटकीय क्षेत्र विस्तार गर्न उक्त बाँध निर्माण गरिएको हो। अहिले त्यहाँ पोखरीको सरसफाइसमेत गरिएको छ।



प्रत्येक वैशाख महिनामा धिमाल जातिले उक्त स्थानमा मेला लगाउने गरेका छन्। धिमालको ठूलो चाड जात्री यहीबाट प्रारम्भ हुन्छ। लेटाङबाट राजारानीसम्म पुग्ने सडकको ट्र्याक खोलिएपछि उक्त ठाउँमा पुग्न सहज भएको छ। सडक बनेपछि सो ठाउँमा यातायातका साधन सञ्चालन हुन थालेका छन्।

आन्तरिक पर्यटक आकर्षित गर्न राजारानीमा पिकनिक स्पटको समेत व्यवस्था गरिएको छ। पिकनिक खान आउनेहरूलाई मध्यनजर गरेर गत वर्ष उक्त स्पट तयार गरिएको हो। वनभोज खान आउनेहरूलाई खानेपानी एवं अन्य सुविधा प्रदान गर्न सो स्थानको व्यवस्था गरिएको हो। आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न स्थानीयवासीले गरेको कार्यलाई थप सहयोग गरी उक्त ठाउँको उचित प्रचारप्रसार गर्न सके पर्यटकीय क्षेत्र विकासमा थप टेवा मिल्थ्यो कि ?

**अर्जुन काफ्ले**

## ग्याँस हिटर

आइग्याज हिटर टर्कीको ब्रान्ड हो । यो ग्याँस हिटर दुईवटा मोडलमा उपलब्ध छ, सी-४२ र सी-४३ । यसमा तीनवटा हिटर प्यानल छ । एक सिलिन्डर ग्याँसले तीनवटै प्यानललाई ७२ घण्टासम्म बाल्न सक्छ । त्यस्तै दुई तथा एक प्यानल मात्र ८० घण्टाभन्दा बढी समय बाल्न सकिन्छ । हालको ग्याँसको मूल्यअनुसार यो हिटरको तीनवटै प्यानल बाल्दा प्रतिघण्टा १८ रुपैयाँ खर्च हुन्छ । यो ग्याँस हिटरले ६ सय वर्गफुटको कोठालाई दुई घण्टामा न्यानो बनाउन सक्छ । हिटरको भित्री भागमा ग्याँस सिलिन्डर राख्ने स्थान छ, जसले गर्दा यसलाई सुरक्षित तरिकाले चलाउन सकिन्छ । हिटरमै रेगुलेटर जडान गरिएकाले यसलाई चलाउन पनि निकै सजिलो छ । आइग्याज ग्याँस हिटरको मूल्य १० हजार ४ सय रुपैयाँ छ ।



# चिसोमा हिटर

**चिसो बढ्दैछ । चिसोका कारण रुघा, खोकीजस्ता समस्याले सताउन सक्छ । शरीरमा तापक्रमको आवश्यक व्यवस्थापन गर्न नसक्दा स्वस्थ्यमा प्रतिकूल असर पर्ने सम्भावना हुन्छ । वातावरणीय चिसोबाट जोगिन न्याना लुगा लगाउन मात्र होइन, बस्ने कोठालाई नै न्यानो बनाउन हिटरको प्रयोग गरिन्छ । बजारमा विभिन्न ब्रान्डका हिटर उपलब्ध छन् । विद्युतीय हिटर धेरैले प्रयोग गर्ने गरेका छन्, तर लोडसेडिङले यसका प्रयोगकर्ताहरू हैरान देखिन्छन् । त्यसैले यस्तो बेला ग्याँस हिटर उपयुक्त हुन सक्छ । अहिले बजारमा विभिन्न मूल्य तथा ब्रान्डका ग्याँस हिटर पाइन्छन् । प्रस्तुत छ, युनाइटेड वर्ल्ड ट्रेड सेन्टरस्थित न्यू इलेक्ट्रोनिक ट्रेड कन्सर्नले उपलब्ध गराएका केही हिटर :**

## ग्याँस तथा विद्युतीय हिटर



निकाई ब्रान्डको यो हिटर जापानिज प्रविधिमा आधारित छ । यो दुबईमा बनेको हो । निकाई ब्रान्डको यो हिटरमा ग्याँस तथा विद्युत् दुवै प्रयोग गर्न सकिन्छ । लोडसेडिङको मार खेपिरहेका नेपाली उपभोक्ताका लागि निकाई ब्रान्डको यो हिटर निकै उपयोगी हुन सक्छ । यो हिटरभित्रै ग्याँस सिलिन्डर राख्ने स्थान छ । एक सिलिन्डर ग्याँसले ८० घन्टाभन्दा बढी समय हिटर बाल्न सकिन्छ । यसमा पनि तीनवटा हिटर प्यानल छ । ग्याँस प्रयोग नगर्दा ५ सयदेखि १ हजार ५ सय वाटसम्म विद्युत् खपत हुन्छ । यो हिटरको मूल्य १३ हजार ९ सय रुपैयाँ छ ।




## इलेक्ट्रिक चुल्हो

अहिले भान्सामा समेत विद्युतीय सामग्रीको प्रयोग बढ्दै गएको छ । चलाउन सजिलो तथा छिटो हुने भएकाले यस्ता सामग्रीको बजार फैलँदै गएको हो । अहिले बजारमा इलेक्ट्रिक चुल्हो आएको छ । एक तथा दुईवटा हट प्लेट भएको यो चुल्होमा इलेक्ट्रिबाट रोटी पोल्नदेखि खाना पकाउनसमेत सकिन्छ । यसमा आवश्यकअनुसार तापक्रम दिन सकिन्छ । इलेक्ट्रिक चुल्होले २५ सय वाट विद्युत् खपत गर्छ । यो चुल्होको बजार मूल्य ४ हजार ९ सय रुपैयाँ छ ।



## हलोजिन हिटर

यो हिटर निकोन ब्रान्डको हो । सानो साइजमा पाइने भएकाले यसलाई प्रयोग गर्न सजिलो छ । यसमा रिमोट सिस्टम छैन । यसमा पनि तीनवटा हिटर प्यानल जोडिएको छ । टिकाउका दृष्टिले पनि यो हिटर तुलानात्मक रूपमा राम्रो हुन्छ । यसले ४ सयदेखि १ हजार २ सय वाटसम्म विद्युत खपत गर्छ । हलोजिन हिटरको मूल्य १ हजार ९ सय ५० रुपैयाँ छ ।




## एयर पट

यो एयर पटमा पानी तताउन तथा चिया र कफी बनाउन सकिन्छ । यो इलेक्ट्रिक भाँडो हो । यो पट छोटो समयमै पानी, चिया र कफी बनाउन उपयोगी हुन्छ । आवश्यकअनुसार यसमा तापक्रम दिन सकिन्छ । चिया र कफीसमेत बनाउन सकिने भएकाले यो पट घरायसी प्रयोगमा निकै प्रभावकारी हुन्छ । ४ लिटर क्षमताको एयर पटले ७ सय ५० वाट विद्युत् खपत गर्छ । यसमा पनि ६ घण्टा सम्म तातो रहन्छ । यो एयर पटको मूल्य ३२ सय ५० रुपैयाँ छ ।



## इलेक्ट्रिक केटली

यो फुल स्टिललेस केटली हो । यसमा इलेक्ट्रिकबाट पानी तताउन सकिन्छ । ४ लिटर क्षमताको यो केटलीले १५ सय वाट विद्युत् खपत गर्छ । यो इलेक्ट्रिक केटलीमा १० मिनेटमै ४ लिटर पानी तताउन सकिन्छ । यसको बजार मूल्य १९ सय ६० रुपैयाँ छ ।



## रिमोट हिटर

निकोनको हलोजिन हिटर धेरैले प्रयोग गरेको पाइन्छ । सानो साइजमा उपलब्ध हुने भएकाले प्रयोगका लागि यो निकै छरितो हुन्छ । निकोनको यो हलोजिन हिटर रिमोट सिस्टमले युक्त भएकाले प्रयोग गर्न पनि सजिलो छ । यसमा पनि तीनवटा हिटर प्यानल जोडिएको छ । यसले ४ सयदेखि १ हजार २ सय वाटसम्म विद्युत् खपत गर्छ । यो हिटरको मूल्य २३ सय ५० रुपैयाँ छ ।

## वायरलेस इलेक्ट्रिक केटली

बिनाझन्झट पानी तताउन वायरलेस इलेक्ट्रिक केटली उपयोगी हुन्छ । इलेक्ट्रिक स्टेनमा यो केटली राखेपछि पानी तात्छ । २ लिटर क्षमताको यो केटलीले २ सय २० देखि २ सय ४० वाटसम्म विद्युत् खपत गर्छ । यसमा ४ घण्टा सम्म पानी तातो रहन्छ । यो केटलीको बजार मूल्य २७ सय रुपैयाँ छ ।





## समाजसेवी नम्रता

गत शुक्रबार दरबारमार्गमा खुलेको नयाँ ब्युटी सैलुन हेयर स्टोरी एन्ड फेस ग्यालरीको उद्घाटनका क्रममा भेटिएका सेलिब्रेटीहरूलाई नायिका नम्रता श्रेष्ठ आफ्नो समाजसेवी छविका बारेमा जानकारी दिँदै थिइन्। थुप्रै निमन्त्रणा आए पनि रिबन काटेर उद्घाटन गर्न 'लाज लाग्ने' भएकाले हालसम्म एउटा पनि उद्घाटन कार्यक्रममा सहभागी नभएकी नम्रताले ब्युटिसियन सान्द्रा पुनकी दुई बहिनी भिस पुन तथा चन्द्रमा पुनले सञ्चालनमा ल्याएको उक्त पार्लरको रिबन काटेर उद्घाटन गरेकी थिइन्। दीपाश्री निरौला, राजबल्लभ कोइराला, नन्दिता केसी, सरिता ज्ञवाली आदि परिचित अनुहारमाझ नम्रताले मुम्बईमा उपचाररत गायक कुमार कान्छालाई सहयोग पुऱ्याउने उदेश्यले भोलि शनिबार एउटा कार्यक्रम आयोजना गर्न लागेको जानकारी दिइन्। नम्रताले भनिन्- 'यसमा मैले सबैको सहयोगको आशा गरेकी छु।'




## मनीषाको मुड अफ

नायिका बन्ने उमेर ढल्कँदै गएपछि मनीषा कोइरालालाई बलिउडमा कलात्मक चलचित्रबाट मात्र प्रस्ताव आइरहेका छन्। यस क्रममा उनले केही कलात्मक चलचित्रमा अभिनय गरेर दर्शकको मनसमेत जितेकी छिन्। यता नेपाली चलचित्रमा झन्डै २० वर्षपछि कम ब्याक गर्ने क्रममा उनले रोजिन् मसालेदार चलचित्र 'धर्मा'। चलचित्रको स्क्रिप्ट सुन्ने क्रममा आफ्नो भूमिकाप्रति मनीषा निकै उत्साहित थिइन्। अघिल्लो साता 'धर्मा' को प्रिमियर शोका क्रममा भने मनीषा निकै उदास देखिइन्। जय नेपाल हलमा सम्पन्न प्रिमियर शोको प्रारम्भिक क्षणसम्म मनीषा उत्साहित देखिन्थिन्। झन्डै एक घण्टा चलचित्र हेरिसकेपछि मनीषालाई खै के भयो कुन्नि, कसैलाई थाहै नदिई उनी हलबाट बाहिरिन्। पछि कारण बुझ्दा थाहा भयो, निर्मात्री डा. दुर्गा पोखरेलले छोरा संयोगलाई 'हिरो' बनाउन 'धर्मा' निर्माण गरेकी हुन्। चलचित्रमा मनीषालाई 'माइनस' गरिएकाले उनी पूरै चलचित्र नहेरी बाहिरिएकी थिइन्। 'सिनेमा हलबाट बाहिरिँदा मनीषाको मुड निकै अफ देखिन्थ्यो, एक जना फोटो पत्रकार भन्दै थिए– 'पक्कै पनि चलचित्रमा आफ्नो भूमिका कम पारिएकाले उनी निराश भएको हुनुपर्छ।'

## संगीतकारको खेती

सांगीतिक क्षेत्रमा कुनै संगीतकार संगीत सिर्जनामा व्यस्त भए भने उनलाई 'राम्रो खेती गरिरहेका संगीतकार' को उपाधि दिने चलन छ। यस अर्थमा नेपाली चलचित्रका प्रायः सबै संगीतकारको खेती अहिले सप्रिएको छ। यद्यपि यहाँ चर्चा गर्न लागिएको विषयचाहिं वास्तविक खेतीकै हो। संगीतकार आलोकश्री आफ्नो पुर्ख्यौली थलो गोरखाको पालुङटारमा खेतीपाती गर्न थालेका छन्। 'मैले हालसालै आर्गेनिक खेती थालेको छु,' गत साता गुञ्जन रेकर्डिङ स्टुडियोमा भेटिएका आलोकश्री भन्दै थिए– 'पालुङटारको खेत बाँझै थियो, सांगीतिक कर्मबाट बचेको समय खेतीपातीलाई नै दिने निर्णय गरेँ।' आलोकश्री आर्गेनिक खेतीमार्फत तरकारी उत्पादनलाई विशेष महत्त्व दिने बताए। 'तरकारीको मूल्य कहिले घटेको सुनिँदैन,' उनी भन्दै थिए- 'त्यही भएर मैले पनि तरकारी खेती गर्ने निर्णय गरेको हुँ। आलोकश्रीले पालुङटारको झन्डै २ सय रोपनी जग्गामा तरकारी खेती गर्दैछन्। 'तरकारी खेती सप्रियो भने त्यसलाई निरन्तरता दिनेछु,' आलोक भन्छन्– 'तर संगीत सिर्जना पनि जारी नै रहन्छ।'





## नायिकाको खोजी

निर्माता-निर्देशक आरबीके शरद नयाँ नायिकाको खोजीमा छन्। आफ्नो नयाँ चलचित्र 'नबोले नि हाँसिराख न' का लागि उनलाई एउटी नयाँ अनुहारको खाँचो छ। यसअघि चलचित्र 'नैना रेसम' निर्देशन गरिसकेका शरद बिल्कुलै नयाँ अनुहारलाई नायिकाका रूपमा स्थापित गर्न खोज्दैछन्। 'चलचित्रको सुरुदेखि अन्त्यसम्म नै सलवार-कुर्ता लगाउने नायिका चाहिएको छ,' शरदले साप्ताहिकसँगको भेटमा भने- 'साप्ताहिकको मध्यपृष्ठमा छापिएका सुन्दरीहरूमध्ये एक जनालाई लिनुपर्लाजस्तो छ।' नयाँ नायिकाका लागि शरदको एउटा सर्त छ। उनी भन्छन् – 'नयाँ नायिकाको जोडी नायक विराज भट्टसँग मिल्नुपर्छ।' शरदका अनुसार चलचित्रमा विराज भट्टबाहेक अन्य कलाकारको छनौट गर्न बाँकी नै छ। 'सबैभन्दा पहिले मुख्य नायिकाकै खोजी गर्दैछु, नायिका निश्चित भएपछि अन्य कलाकारको खोजी सुरु हुनेछ।'



## दीपाको रहर

हास्यकलाकार दीपाश्री निरौलाले पुनः चलचित्रमा नायिका बन्ने रहर सार्वजनिक गरेकी छिन्। नायिकाका रूपमा चलचित्र 'गाउँले' सफल भए पनि तौल बढ्दै गएपछि उनी नायिकाबाट हास्यकलाकारितातर्फ आकर्षित भएकी थिइन्। यतिबेला उनको तौल ६८ किलोग्राम छ। 'म आफ्नो तौल १३ किलोग्राम घटाउन चाहन्छु,' दीपाश्री भन्छिन्– '५५ किलोग्रामकी भएपछि नायिकाका रूपमा अभिनय गर्न मलाई गाह्रो हुनेछैन।' दीपाश्रीले तौल घटाउनैपर्ने बाध्यता भने हास्यश्रृंखला 'तीतो सत्य' ले नै सिर्जना गरेको हो। उक्त श्रृंखला निर्माण गर्ने समूहले निकट भविष्यमा एउटा चलचित्र निर्माण गर्ने तथा नायिकाका रूपमा उनलाई नै अभिनय गराउने भएकाले उनी आफ्नो तौल घटाउने अभियानमा जुटेकी हुन्।




## मोफसलका रोम

झापाको बितामोडमा चल्तीको सङ्गीतालय सञ्चालन गर्दै आफ्नो पाँचवर्षे कलायात्रालाई निरन्तरता दिँदै आएका रोम घिमिरे प्रमुख रहेको सरगम सङ्गीतालयले सय जनाभन्दा बढीलाई गायन, सङ्गीत, नृत्य एवं अभिनय सिकाइरहेको छ। त्यस्तै, सरगम फिल्म्स प्रालिले दुइटा ठूलो पर्दाको चलचित्र निर्माण गरिसकेको छ।

'झापामै बसेर पनि केही गर्छु भन्नेहरूको भविष्य उज्ज्वल छ', खुदुनाबारीका २५ वर्षीय नायक रोम भन्छन्, 'सङ्घर्षचाहिँ गर्नैपर्छ।' उत्कृष्ट अभिनय र कला देखाउन सके स्थापित हुन बेर नलाग्ने उनको ठम्याइ छ। सडक नाटकबाट कलाक्षेत्रमा उदाएका घिमिरे 'हाम्रो संघर्ष', 'क्षितिजपारिको मायालु' मेचे भाषाको 'जेन्नाई तेहान्नाई' (हारजित), 'तिमी जहाँ भए पनि' हुँदै प्रदर्शन भैरहेको 'बाटोमुनिको फूल' को अभिनयसम्म आइपुग्दा आफू सङ्घर्षरत रहेको बताउँछन्। घिमिरेको ब्यानर सरगम फिल्म्स प्रालिले निर्माण गरेको भोजपुरी तथा नेपाली भाषाको चलचित्र 'मोर दिल तोर धड्कन' (मेरो मन तिम्रो धड्कन) प्रदर्शनीको तयारीमा छ। 'मोर मन तोर धड्कन'मा घिमिरे पनि एक नायकका रूपमा देखा पर्नेछन्।



## ● लभ गुरु रेखा ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २२ वर्षीय अविवाहित युवक हुँ। सात वर्षअघि एक युवतीसँग मेरो प्रेम प्रारम्भ भयो। प्रेम गरेको लामो समयसम्म पनि हामीबीच कहिल्यै मनमुटाव भएन। हामी एक-अर्कालाई अत्यधिक सम्मान गर्थ्यौं। यसै क्रममा हामीबीच धेरै पटक शारीरिक सम्पर्क भयो, तर अप्ठ्यारो कुरा के भने ती युवती र मबीच केही नाता पर्छ। नाताका हिसाबले मैले उनलाई फुपू भन्नुपर्ने हुन्छ। यो कुरा हामीलाई थाहा हुँदाहुँदै पनि हामी एक-अर्कासाग नजिकियौं। हामीले मन्दिरमा गएर सँगै मर्ने, सँगै बाँच्ने कसमसमेत खाएका छौं। अहिले आएर उनी भन्छिन्– 'हामी नहिंड्ने बाटो त हिंडिसक्यौं, अब यसमा अघि बढ्नुको विकल्प छैन, तर हामीले विवाह गर्‍यौं भने आफन्त तथा इष्टमित्र सबैसँग टाढिनुपर्छ।' हामीले सानोतिनो काम खोजेर आफ्नो खुट्टामा उभिने भएपछि विवाह गर्ने निर्णय गरेका छौं। उनी अहिले २० वर्षकी भइन्। उनको घरमा विवाहको प्रस्ताव आइरहने हुनाले उनी मलाई तिमीबाहेक मेरो अर्को जिन्दगी मृत्यु हो भन्छिन्। यस्तो स्थितिमा हामीले के गर्नु उपयुक्त होला ?**

**साजन**

हाम्रो समाजमा विवाहले अत्यन्तै महत्त्वपूर्ण स्थान राख्छ। विवाहका लागि हाम्रो समाजमा केही निर्दिष्ट मान्यता छन्। ती मान्यताले कतिपय नाता सम्बन्धमा विवाह निषेध गरेको छ। खासगरी रगत सम्बन्धमा विवाह वर्जित छ। पहिले-पहिले हाम्रो समाजको यस्तो मान्यतालाई सामाजिक सम्बन्धमा सन्तुलन ल्याउन बनाइएको भनिन्थ्यो, तर अहिले विज्ञानले पनि रगत सम्बन्धमा वैवाहिक सम्बन्धलाई अनुचित प्रमाणित गरेपछि हाम्रा सामाजिक मान्यताहरूको जरो कतिसम्म दृढ रहेछ भन्ने कुरा प्रमाणित भएको छ। जहाँसम्म तपाईं र तपाईंकी फुपूबीचको सम्बन्धका बारेमा भन्नुपर्दा तपाईंको नाता सम्बन्ध कति नजिकको वा कुन हदसम्मको रगत सम्बन्धमा आधारित छ ? पत्रबाट खुल्दैन। तैपनि मलाई थाहा भएअनुसार बुबातर्फको सात पुस्ता सम्म र आमातर्फको पाँच पुस्तासम्मको रगत सम्बन्धमा विवाह गर्नु हुँदैन। यस्तो विवाहलाई हाम्रो समाजले मात्र नभै कानुनले समेत बन्देज लगाएको छ। यदि मैले भनेजस्तै स्थिति छ भने तपाईंको हकमा म के भन्न चाहन्छु भने अहिलेसम्म तपाईंहरू कथित प्रेममा जहाँसम्म पुग्नुभएको छ, त्यसलाई त्यही टुंग्याइदिनु तपाईं र तपाईंकी फुपू दुवैको हितमा हुनेछ।

## ● फिल्मी खबर ●



### चन्द्रावतीको छायांकन सम्पन्न

निर्देशक राजु गिरीको नयाँ चलचित्र 'चन्द्रवती' को छायांकन सम्पन्न भएको छ। राजेश हमाल, युना उप्रेती, आयुष रिजाल, शशि खड्का, कुशल थापा, एलिजा रिजाल आदि कलाकारले चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन्। २ सय वर्षअघिको बाइसे-चौबिसे राज्यको अवस्था तथा पुरानो इतिहासलाई चलचित्रले मुख्य विषय बनाएको छ। शिव शर्माको नृत्य एवं रोशन श्रेष्ठको द्वन्द्वमा निर्माण भएको यो चलचित्रका संगीत निर्देशक अर्जुन पोखरेल हुन्। चलचित्रको छायांकन काठमाडौं, पोखरा तथा रसुवाका रमणीय लोकेशन गरिएको छ।

यसैबीच 'चन्द्रावती' का छायांकनका क्रममा निर्देशक गिरी बन्दीपुरको भीरबाट खसेर घाइते भएका छन्। चलचित्रको गीतको छायांकनका गर्ने क्रममा उनी लडेका हुन्। अप्ठ्यारो भीरबाट खसे पनि रूख समात्न सकेकाले उनको ज्यान भने जोगिएको छ। गिरीलाई नायक आयुष रिजाल तथा छायांकार सञ्जय लामाले उद्धार गरेका थिए। छायांकन स्थल खोज्न जाने क्रममा उनी लडेको बताइन्छ। भीरबाट खसेका कारण शरीरका विभिन्न भागमा चोट लागे पनि उनको अवस्था भने सामान्य नै छ। गिरीद्वारा निर्देशित चलचित्र 'दिलमाया' हाल प्रदर्शनको तयारीमा छ।

### प्रीतिको फूल धमाधम

निर्देशक रेशराज आचार्य चलचित्र 'प्रितीको फूल' को निर्देशनमा व्यस्त छन्। गोपीकृष्ण मुभिजको ब्यानरमा निर्माण भैरहेको यो चलचित्रको अहिले काठमाडौंका विभिन्न स्थानमा छायांकन भैरहेको छ। चलचित्रमा राजबल्लभ कोइराला, युना उप्रेती, गरिमा पन्त, राजाराम पौडेल, दीपक अधिकारी, श्याम राई, निर्मल शर्मा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। काठमाडौंपछि चलचित्रको यूनिट छायांकनका लागि पोखरा जानेछ।

### शरदको नयाँ चलचित्र

पहिलो चलचित्र 'नैना रेशम' बाट सकारात्मक प्रतिक्रिया पाएका निर्देशक आरबीके शरदले नयाँ चलचित्र निर्माण गर्ने घोषणा गरेका छन्। 'नबोले नि हाँसिराख न' शीर्षकको उक्त चलचित्रको गीत रेकर्डिङ प्रारम्भ भएको छ। गत सोमबार गीतकार बाबुराम दाहालको शब्द तथा वसन्त सापकोटाको संगीत निर्देशनमा गायक राजेशपायल राईले चलचित्रको पहिलो गीत रेकर्ड गराएका हुन्। आगामी माघ ३ गतेदेखि छायांकन प्रारम्भ हुने यो चलचित्रमा नायक विराज भट्टले अभिनय गर्ने पक्का भएको निर्देशक शरद बताउँछन्।

### हङकङमा जय लिम्बुवान

नेपाली कथानक चलचित्र 'जय लिम्बुवान' हङकङमा प्रदर्शन भएको छ। आमा फिल्म्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यो चलचित्रमा आदिवासी जनजातिको हकअधिकार- आईएलओ महासन्धि १६९ र यूएनड्रिप तथा आत्मनिर्णयको अधिकार र स्वशासनसहितको लिम्बुवान स्वायत्त राज्यको मागलाई प्रस्तुत गरिएको छ। जय लिम्बुवान चलचित्रका प्रमुख कलाकार प्रेम सुब्बा, पुष्प श्रेष्ठ, सानुबाबा सुब्बा र मौसमी मल्ल आदि छन्। चलचित्रका निर्माता विशेन्द्र चेम्जोङ हुन भने निर्देशन अशोक चेम्जोङले गरेका छन्।

### दर्शक तानिए नेपाली चलचित्रमा

यतिबेला पोखराका तीनवटा सिनेमा हलमा नेपाली चलचित्र नै लागिरहेका छन्। भर्खर मात्रै धर्मा चलचित्र चलिरहेको विन्ध्यवासिनी सिनेमा हलमा दर्शकको चाप बढिरहेको हल सञ्चालक उत्तम द्वाले बताए। यसअघिका चलचित्रमा समेत दर्शकको भीड थामिनसक्नु थियो। दुई-तीन वर्षयता नेपाली चलचित्र हेर्ने दर्शक बढेका हुन्, एकसाथ तीनवटा हल सञ्चालन गरेका द्वाले भने, 'नेपाली सिनेमा कहिल्यै नहेर्ने दर्शक पनि हलमा आउन थालेका छन्।' मुलुकमा आएको राजनैतिक परिवर्तनसँगै सिनेमा निर्माणमा आएको बाढीले पनि हलवालाले राहतको अनुभव गरेका हुन्। मुस्किलले २० वटासम्म बन्ने नेपाली चलचित्र अहिले ७० को हाराहारीमा बन्न थालेपछि हलमा दर्शकको चापसँगै व्यापार पनि फस्टाएको छ। पहिले सिनेमा नपाउने हलसञ्चालकहरूलाई सिनेमा चलाउने एकै पटकमा एक दर्जन चलचित्रको बुकिङ आउन थालेको छ।


**अर्जेन्ट आवश्यकता**

नेपाल सरकारबाट मान्यता प्राप्त संस्थालाई कर्मचारीहरुको आवश्यकता। part time / full time job

तलब: 20500
योग्यता: SLC above र Basic computer जानेका
संख्या: १० पुरुष / १० महिला

सम्पर्क:
०१-२२९६९३०, ९७४१२५६०७०, ९८४१८६९३४६ बागबजार

नोट: विद्यार्थीलाई समय अनुकुल part time job को ब्यबस्था। शनिबार अफिस खुल्ला हुनेछ।

**फ्रि : वेटर / वेट्रेस**

दैनिक भत्ता रु १००-२००/-

तालिम पश्चात फ्रि - BARTENDER
5 STAR होटलमा Practical हुने उत्कृष्टलाई १०००० देखि १५००० सम्मको जागिरको व्यवस्था।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था।

WISDOM HOTEL TRANING
KALIMATI CHOWK 01-4277104 | CHABHIL CHOWK 01-6223587

**नि:शुल्क होटल तालिम**

हाउसकिपिङ्ग र केयर गिभर

CTEVT को सहयोगमा विशेष वर्गको लागि रू. ३०००।- देखि ९,०००।- सम्म छात्रवृत्तिको व्यवस्था छ। तुरुन्त-सम्पर्क गर्नुहोला।

KIHM
कुपण्डोल (थापाथली पुल नजिक)
हनुमानस्थान, ललितपुर
फोन: ५५२३६४८, २१११३४०

**कस्मेटिक सर्जरी**

- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी

नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

**VACANCY ANOUNCEMENT**

बिगत ८ बर्षदेखी संचालित यस बहुराष्ट्रिय कम्पनीको लागी निम्नलिखित योग्यता भएका कर्मचारीहरूको तु आवश्कता।

Qualification Required:
S.L.C,+2 Above 13 Gents / 9 Ladies (for project)
Under S.L.C 19 Gents /Ladies (for handicraft) तलब १७,३००

बुझ्न आउदा Document अनिवार्य लिएर आउनुहोला।

सम्पर्क कोटेश्वर महादेवस्थान मार्ग
९८४१०६४२०७ ९८४१२४४६३६
शनिवार पनि अफिस खुला रहनेछ।

**होटल तालिम होटल खुमजुङ्गमा**

छिटो अजि राम्रोसँग कुक, वेटर, हाउसकिपिङ्ग, लन्ड्री तथा सम्पूर्ण होटल तालिमहरुमा भर्ना लिइदैछ। साथै अंग्रेजी, जापानिज भाषाका कक्षाहरु पनि सञ्चालन गरिदैछ। विदेश जानेहरु, हाउसवाइफ, कुकिङ्ग र अंग्रेजी जान्दै नजान्नेहरुका लागि पनि Short Course को पनि व्यवस्था छ।

Hotel Khumjung Pvt. Ltd.
फोन नं. 4016111 र 4016194
महाराजगंज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
सिटी अफिस जमल रानी पोखरी
विश्वज्योती हलसंगै फोन नं. 4249576

**अनुहार**

को चाया पोतो डण्डिफोर १००% ग्यारेन्टीका साथ हटाउन, अनुहार गोरो बनाउन, चाउरीपन हटाउन, शरीरको उचाई बढाउन, स्तन बढ्ाउन/घटाउन, अनावश्यक रौंहरु हटाउन, सम्पुर्ण TV Shop का सामानहरुको लागि

Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
4168115,4168061, 9851014602

**तु चाहियो**

नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको टेलिसिरियल सुटिङ्ग भइरहेको ठूलो पर्दाको फिल्महरु सुटिङ्ग हुन गइरहेको विज्ञापनहरुको लागि मोडलहरु, नवनायक, नवनायिका, हास्य वालवालिकाहरु लगायत विवाहित महिला र अविवाहित महिलाहरु तु आवश्यकता।

तपाईमा प्रतिभा छ भने आएको ३ दिन भित्र नै खेलाउछौं। नजान्नेलाई तालिम दिएको ५ दिन भित्र ग्यारेन्टिका साथ खेलाइरहेकाछौं।

नेपालमा सबैभन्दा बढि अवसर दिने बृहस्पति फिल्मस Acting School, Bagbazar.

फोन: ९८४१३०४५६६, ९८०८२१०७६१

**RJ VJ MC — उद्घोषण तथा पत्रकारीता तालिम**

पत्रकारीताका विद्यार्थीलाई लक्षितपूर्ण प्रयोगात्मक तालिम

ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुंइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
विकास सुवेदी

रू १०००/ छुट

BIKALPA THE OPTION फोन: ०१-४२४१७०९, ०१-२२९०१६८
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)

विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी
उत्कृष्टलाई रोजगारीको ग्यारेण्टी

**आयुर्वेदिक पद्धतीद्वारा दिर्घरोगको अचूक उपचार**

| | |
|---|---|
| हाडजोर्नी तथा नसा | सबै किसिमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका, हड्डी खिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स |
| पेट सम्बन्धी | ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु |
| मानसिक | डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिंगटा, तनाव आदि |
| दिर्घरोगहरु | पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि |
| यौन | सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग नि:सन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ) |
| सुन्दरता | अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु |

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड, काठमाडौं
फोन: ४३७९०९६, ४३७४५४८

शाखा कार्यालय

पोखरा – ०६१-५३९१९४
बुटवल – ०७१-५४८८९३
भरतपुर – ०५६-५२०९६८
घोराही – ०८२-५६२९८३
हेटौंडा – ०५७-५२६०४६
सर्लाही – ०४६-५३०४८४
फतेपुर सप्तरी – ०३१-५५०११२
इटहरी – ०२५-५८४०८८
बिर्तामोड – ९८४२७५७६०३
धनगढी – ०९१-५२३१५७
सुर्खेत – ०८३-५२३८९२



## बोल्ड भूमिकामा रानी

लामो समयदेखि बलिउडको पर्दामा नदेखिएकी अभिनेत्री रानी मुखर्जी एउटा बोल्ड भूमिकामार्फत् सिल्भर स्क्रिनमा आउने भएकी छिन् । चलचित्र 'नो वन किल्ड जेसिका' मार्फत रानीको कमब्याक हुन लागेको हो । स्रोतका अनुसार यो चलचित्रमा मिरा बेदी नामकी टेलिभिजन रिपोर्टरको चरित्र निर्वाह गरेकी रानी मुखर्जीले आफूले वास्तविक महिला टेलिभिजन रिपोर्टरको जीवनशैली एवं उनीहरूको क्रियाकलापलाई प्रस्तुत गर्ने प्रयास गरेको बताएकी छिन् । चलचित्रको एउटा दृश्यमा रानीले आफ्नो हातको बीचको औंला सोझ्याएकी छिन् । उक्त दृश्यमा भारतीय सेन्सर बोर्डले आपत्ति जनाएको बताइन्छ ।




## नाटकको चाहाना

हलिउडकी चर्चित नायिका एनी हेथवेले मौका पाएको खण्डमा शेक्सपियर तथा हेनरिक इब्सनको एउटा नाटकमा अभिनय गर्न इच्छुक भएको बताएकी छिन् । एउटा वेबसाइटसँग कुराकानी गर्दै हेथवेले १६ औं शताब्दीका शेक्सपियरका नाटकमा मुख्य भूमिका निर्वाह गरेर आफ्नो अभिनय क्षमता परिक्षण गर्न चाहेको बताएकी छिन् । त्यसो त हेथवे १९ औं शताब्दीका चर्चित निर्देशक हेनरिक इक्बसको ठूलै प्रसंसक भएको बताउन पछि पर्दिनन् । हेथवेका अनुसार उनलाई शेक्सपियर तथा इब्सनका नाटक निकै मनपर्छन् । यदि कुनै नाट्यकर्मीले उनलाई यी दुई चर्चित व्यक्तित्वका नाटकमा अभिनय गर्ने प्रस्ताव राखे भने उनले तुरुन्तै स्वीकार्नेछिन् ।

## पुरुषसँग डराउने नायिका

हलिउड नायिका मिशा बार्टनले किशोरावस्थामा पुरुषसँग डर लाग्ने खुलासा गरेकी छिन् । एउटा वेबसाइटले जनाएअनुसार त्यसबेला उनी पुरुषलाई देख्ने बित्तिकै डराउँथिन् । वेबसाइटले वार्टको भनाइ उदृत गर्दै लेखेको छ– 'मैले कसैसँग पनि शारीरिक सम्बन्ध राखेकी थिइन्, म कुमारी थिएँ । त्यही उमेरमा मलाई पुरुष देख्ने बित्तिकै डर लाग्थ्यो ।' उनी सम्झन्छिन्– 'मलाई कुनै पनि युवकलाई चुम्बन गर्न हतार थिएन । मैले ब्वाइ फ्रेण्ड बनाउन पनि हतार गर्नु उचित छैन जस्तो लाग्थ्यो । किनभने एकपटक प्रेममा परियो भने पुनः स्वतन्त्र जीवन बाँच्न गाह्रो हुन्छ ।' अहिले उनी २४ वर्षकी भइन् । उनी ३१ वर्षीय अलीसँग खुसी छिन् । वार्ट भन्छिन्– 'अली मेरा लागि प्यारो छ र उ इमान्दार पनि छ । उ मेरा लागि जे गर्न पनि तयार छ ।'



## आइटम नम्बरमा श्वेता तिवारी

कुनै समय स्टार प्लसबाट प्रसारित हुने लोकप्रिय टेलिश्रृंखला 'कसौटी जिन्दगी' की प्रेरणा अर्थात् अभिनेत्री श्वेता तिवारीको नाम पनि बलिउडको आइटम गर्लको सूचीमा परेको छ । हालै मात्र श्वेताले चलचित्र 'वन एन्ड वन्ली' मा आइटम डान्स गरेकी हुन् । गाउँले परिवेशमा ढालिएको उक्त आइटम गीतमा श्वेताले अभिनेता चिराग पासवानसित कम्मर मर्काएकी छिन् । प्रायः साडी तथा कुर्तामा देखिने श्वेताको ग्ल्यामर उक्त आइटम डान्समा घाँघरा चोलीमा देख्न पाइनेछ ।






## हँसाउने प्रयासमा कंगना

वह लम्हे, ग्याङस्टर, लाइफ इन अ मेट्रो, फेसन आदि चलचित्रमा बोल्ड भूमिकामा प्रस्तुत भएकी अभिनेत्री कंगना रनावत अब भने दर्शक हँसाउने भूमिकामा पदार्पण भएकी छिन् । हास्य चलचित्रका लागि नाम कमाएका निर्देशक अनिस बाज्मीद्वारा निर्देशित चलचित्र 'नो प्रोब्लम' मा कंगना हास्य भूमिकामा प्रस्तुत भएकी हुन् । अनिल कपुर, अक्षय खन्ना, परेश रावल सहित कंगनाले नो प्रोब्लममार्फत कति हँसाइन्, त्योचाहिँ दर्शककै जिम्मा ।



## विदरस्पूलको बंगला

हलिउडकी लोकप्रिय नायिका रीज विदरस्पुन लस एञ्जलसमा एउटा आलिशान बंगला किनेर चर्चामा आएकी छिन् । विदरस्पुनले ७० लाख डलरमा उक्त सुविधासम्पन्न बंगला किनेकी हुन् । फिमेल फस्ट डट कम डट यूकले जनाए अनुसार विदरस्पुनको उक्त बंगला ब्रेन्टउडको पोश क्षेत्रमा छ । बंगलमा सात वटा बेड रुम छन् भने एउटा आकर्षक स्वीमिङ पुल पनि छ । विदरस्पुनको यो बंगला छ दशमलव बाह्र वर्ग मिटरमा फैलिएको छ । बंगलाभित्रै एउटा सुन्दर मन्दिर पनि छ । नयाँ बंगला किन्न सफल भएकोमा हलिउडकर्मीले उनलाई बधाई दिइरहेका छन् ।



● मेरो अनुभव ●

# हाइवे

## अमिर गौतम (नायक)

मलाई प्लेन चढ्नुपर्‍यो भने मन ढक्क फुकेर आउँछ। डर लाग्ने नै त होइन, कताकता सातो उड्न खोज्याजस्तो भने हुन्छ। फेरि प्लेनमा चढ्यो, उड्यो र केही मिनेटमै उत्रियो। के मज्जा भयो र ? कतै जानु छ भने म त हाइवेकै सहारा लिन्छु। मेरो घर हेटौंडा हो। मोडलिङको रहरले काठमाडौं आएँ। यद्यपि मेरो व्यापार हेटौंडामै छ। दर्जनौं म्युजिक भिडियोहरू खोलियो। हरेकपटक मलाई बोलाइन्थ्यो, अनि म बाइक वा गाडी हाँकेर काठमाडौं आइपुग्थेँ। काठमाडौं आउन हेटौंडाबाट तीनवटा हाइवे छन्। एउटा मुगलिङ-नारायणघाट हुँदै, अर्को पालुङ-दामन हुँदै र अर्को कुलेखानी हुँदै। सबै हाइवेमा मैले दर्जनौंपटक ड्राइभ गरिसकेँ। अहिले पनि म काठमाडौंमा छायांकन भैरहेको चलचित्र 'दिलमा सजाएँ तिमीलाई'मा नायक छु र त्यसैको सिलसिलामा कुलेखानी हुँदै छ पटक जति काठमाडौं आउने फर्कने गरियो। पहिले 'मिसन पैसा'मा काम गर्दा पनि त्यस्तै गरिएको थियो।

हाइवेमा गाडी हाँक्दा सजक भने निकै हुनुपर्छ। ट्राफिक नियम उल्लंघनका घटना निकै हुन्छन्, हाइवेमा। विशेषगरी भाडाका सवारीसाधनहरूमध्ये केहीले त हाइवे उनीहरूकै मात्र हो जस्तो पनि गर्छन्। नियममा बसेर सामान्य गतिमा गाडी चलाइयो भने दुर्घटना हुने सम्भावना निकै कम हुन्छ तर यहाँ कसले, कसको सुन्ने ? एकपटक म काठमाडौंबाट बाइकमा चितवन हुँदै हेटौंडा जाँदै थिएँ। मलेखु पार गरेपछि विपरीत दिशाबाट एउटा बस मेरो साइड मिचेर आयो, मैले आफूलाई सम्हाल्नै सकिनँ र लडेँ। केही बेर अचेत पनि भएछु। त्यतिबेला मैले बाइक किनारातिर नमोडेको भए, आज यो अनुभव सुनाउने अवस्थामा हुन्न थिएँ।

अहिले मलाई हाइवे दैनिक कामबाट घर जाने आउने बाटोजस्तो भएको छ। विशेषगरी कुलेखानीको बाटोले हामीलाई सजिलो बनाइदिएको छ। मेरो पिउने बानी त छैन, त्यसमा पनि हाइवेमा ड्राइभ गर्ने मानिसले पिएको मलाई मन पर्दैन। यद्यपि कुलेखानी पुगेपछि माछा र सुकुटी खान मज्जा हुन्छ। अनि एक-एक घण्टामा रोक्दै हाइवे किनाराका चिया पसलमा चिया पिउनुको बेग्लै रस हुन्छ।

# तपाईं केका लागि बाँच्नुहुन्छ ?

केवल १ प्रश्न



यो संसारमा भएका सबै सुन्दर चीजको मिठो अनुभव गर्नका लागि बाँच्छु। एक पटकको जुनीमा राम्रा-राम्रा चीजको मीठो अनुभव गरेर मर्न पाइयोस् भन्ने कामना छ।

**आलोकश्री (संगीतकार)**

हाँसो...म सबैभन्दा पहिले त आफ्नै लागि बाँच्छु। आफू बाँचेपछि मात्र अरूका लागि सबै कुरा गर्न सकिने भएकाले पहिला म आफ्नै लागि बाँच्छु, त्यसपछि श्रीमान्, छोरी, परिवार, साथीभाइ अनि सारा दर्शकका लागि बाँच्छु।

**झरना थापा (नायिका)**

मेरो विचारमा यो निकै गाह्रो प्रश्न हो। वास्तवमा म जीवनको हरेक रंग जिउनका लागि, हरेक भोगाइ भोग्नका लागि बाँचिरहेको छु।

**बाबुराम दाहाल (गीतकार)**

म केका लागि बाँच्छु ? गाह्रो प्रश्न हो। म कलाकारका रूपमा नाम कमाउन बाँच्छु। दर्शकहरूलाई मनोरञ्जन दिनका लागि बाँच्छु। सबैको मन जित्नका लागि बाँच्छु।

**महादेव त्रिपाठी (हास्यकलाकार)**

मानिसहरू बाँच्नका लागि संघर्ष गरिरहेका हुन्छन्। यो जीवनको यथार्थ पनि हो। मचाहिं जीवनमा केही गरौं भन्नका लागि बाँच्छु।

**विकास श्रेष्ठ (रक गायक)**



● अपोजिट सेक्स ●

## बेनिशा हमाल (नायिका)

**मनपर्छ**

**आँखा** : आर्यन अनुहार भएका केटाहरूको नशालु किसिमको आँखाले मलाई लठ्ठ पार्छ।

**ड्रेसअप सेन्स** : व्यक्तित्वअनुसार सुहाउने, समय र मौसम अनुरूपको फेसन गर्न जान्ने केटाहरू राम्रा हुन्छन्।

**रिजर्भ टाइपको** : मन लागि नबोल्ने र आफ्नो ओहदामा रहने केटा मान्छे ठीक हुन्छन्।

**अग्लो** : सुहाउने हाइट भएका केटाहरू सबैको नजरमा पर्छन्।

**मनपर्दैन**

**रुखो व्यवहार** : 'मै हुँ' भन्ने व्यवहार गर्ने रुखो स्वभावका केटासँग बोल्न पनि मन लाग्दैन।

**जुँगा** : कसै-कसैलाई मात्र जुँगा पालेको सुहाउँछ, सबैलाई सुहाउँदैन। जुँगा पाल्दा केटाहरू बढी परिपक्व देखिन्छन्।

**कलरफुल ड्रेस** : जोकरले जस्तो हाइलाइट कलरको ड्रेस लगाएको मन पर्दैन।

**बडि बिल्डिङ** : ज्यान बनाउनु केटाहरूको रहर होला, तर चाहिनेभन्दा बढी ठूलो मसल्स मलाई राम्रो लाग्दैन।


The Pioneer Air Hostess Training in Nepal

Congratulation

MISS AIR HOSTESS



We extend Hearty Greetings & Best Wishes to our Student Miss Kajol Khadka for her grand success.

ADMISSION OPEN for Air Hostess & Steward

AIR HOSTESS TRAINING INSTITUTE PVT. LTD.
4th Floor NECO Complex (Opp. BICC, Main Gate)
New Baneshwor, Kathmandu, Nepal
Ph# 478 3564, 204 2030 E-mail: ahti@wlink.com.np
www.airhostessnepal.com.np

फ्रि ! फ्रि !! फ्रि !!!
ब्युटिसियन कोर्ष
Advance सिक्दा Basic फ्रिमा
बेसिक/एडभान्स/डिप्लोमा/स्पेशल सर्टकोर्ष
Hair State मा विशेष छुट।
विदेशजानेहरूलाई Special Class
रोजगारको ग्यारेन्टी
N.B.T.C. Gaushala
Ph: 016914439 / 9851116915

+2/SLC
६ महिनामै पास !
+2 मा ११ नपढि कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने।
Arts Commerce Science
SLC मा Math/ Science नपढि ५ बिषय मात्र पढे पुग्ने। (कक्षा ८ को मार्कसिट नभए पनि हुने।)
भर्ना शुल्क विशेष छुट सहित, भर्ना भईरहेको छ। छिटो गर्नुहोस्।
विशेषताहरु : +2, PCL तथा 'A'Level फेल भएपनि सिधै १२ को परीक्षा दिन पाईने। कक्षा ८,९ र Test मा फेल भएपनि Test नदिई सिधै SLC दिन पाईने। TU, KU तथा विश्वभरी मान्यता प्राप्त। जागिरे तथा गृहिणीले घरैमा पढेर परीक्षा दिन सकिने। नेपाली तथा अंग्रेजी माध्यम वाट परीक्षा दिन पाईने। होस्टेलको राम्रो व्यवस्था भएको।
प्राईभेट/रेगुलर Test/SLC - 067
परीक्षाको विशेष तयारी कक्षाहरु पनि सञ्चालन भईरहेका छन्।
All Language, Computer & Tuition Classes.
Free!!! Course Book & Edu. Materails
चावहिल जेन्युईन एकेडेमी ☎4462184 9841575318 Opp. to SONY Show Room
सोह्रखुट्टे पिस भिजन ओपन स्कूल ☎4389300 016913286 (ओरालो मोडैमा)
लाजिम्पाट कोसेट ओपन स्कूल ☎2160736 9841264514 (प्रहरि विट सँगै)




IELTS
Success Meet Class
FREE 2 days demo classes & many Practice Tests
• English Language (All Levels)
• German Language (Level I, II & III)
• Call Centre Operations (Level II & III) (interview & job guaranteed)
Int'l Certificate from LCCI, UK
Sunpath Int'l Education Research & Counselling Pvt. Ltd.
Associates Indreni Tourism & Hotel Training Centre
Indreni Complex, New Baneshwor
Kathmandu, Tel : 4785232

## पूर्ण थापा 'सुब्बा दाजु'



टेलिश्रृंखलामा अभिनय गरेर आफ्नो वास्तविक नामको साटो उपनामले लोकप्रिय हुने निकै कम कलाकार मध्येका एक हुन्- पूर्ण थापा। उनलाई दर्शकहरु 'सुब्बा दाजु' उपनामले चिन्छन्। दीपकराज गिरीको हास्य श्रृंखला 'तीतो-सत्य' मा सुब्बा दाजुको भूमिका निर्वाह गरेपछि उनलाई सहकर्मी कलाकार मात्र होइन दर्शकहरु पनि यही नामले चिन्छन्। तीतो-सत्यमा उनले झन्डै पाँच वर्ष काम गरे। स्कुले जीवनमै नाटकमा अभिनय तथा निर्देशन गर्ने कलाकार थापाले त्यस अवधिमा झन्डै ६० भन्दा बढी नाटकमा काम गरे। नेपाल टेलिभिजनको स्थापना भए पछि उनी टेलिश्रृंखलाहरुमा देखिन थाले। उनलाई दर्शकमाझ परिचित गराउने हास्य श्रृंखला हो काउकुती। अधिकांश हास्य कलाकारले अभिनय गरेको उक्त श्रृंखलामा पूर्णले काकाको भूमिका निर्वाह गरेका थिए। काउकुतीपछि उनले तिरिमिरी झ्याइँमा अभिनय गरे। करिब दस भाग प्रसारण भएपछि यो श्रृंखला बन्द भयो। त्यसपछि दीपकराज गिरीसँगै उनी तीतो-सत्यमा आबद्ध भए। यो श्रृंखलाका करिव पाँच सयभन्दा बढी भागमा अभिनय गरिसक्दा उनी लोकप्रिय भैसकेका थिए। अभिनय मात्र गर्ने पूर्णलाई अर्का हास्य कलाकार रवि डंगोल "बेइमान" ले संयुक्त रुपमा निर्देशक बन्ने प्रस्ताव राखे। दुवैको मन मिल्यो अनि तयार भयो अर्को हास्य श्रृंखला 'भुइँचालो'। कान्तिपुर टेलिभिजनबाट ३७ भागसम्म प्रसारण भएको यो श्रृंखलापछि पूर्ण अहिले रवि डंगोलसँगै मिलेर नेपाल टेलिभिजनका लागि 'जय होस्' को निर्माण, निर्देशन तथा अभिनयमा व्यस्त छन्। रेडियो नेपालका समेत जागिरे पूर्णसँग *साप्ताहिक*को तीन प्रश्न:

### ३ प्रश्न

**तपाई हास्य कलाकार कि निर्देशक ?**

गत वर्ष सम्म त हास्य कलाकार नै थिएँ तर अहिले चाहिँ दुवै हुँ। अभिनय र निर्देशनसँग-सँगै अघि बढिरहेको छ।

**तीतो-सत्यमा जमिरहेका बेला निर्देशक बन्ने रहर कसरी जाग्यो ?**

तीतो-सत्यले मलाई स्थापित गराएको हो भन्ने कुरामा दुईमत छैन तर केही सिर्जनशील काम गरौं भन्ने उद्देश्य निर्देशक बनेको हुँ।

**जय होस्ले दर्शकबाट कस्तो प्रतिक्रिया पाइरहेको छ ?**

भरखरै १३औं भाग प्रसारण भयो। हामी जहाँ पुग्छौं, त्यहाँ जय होस् कै कुरा सुन्न पाइरहेका छौं। यस हिसाबले हाम्रो श्रृंखला हेर्ने दर्शक बढिरहेका छन् भन्न सक्छि।

## नरेन्द्र प्यासी



### जम्का भेट

"के भूल भयो प्रिया, मसँग बोल्दिनौ' दुई दशकअघिको यो लोकप्रिय गीतका गायक हुन् नरेन्द्र प्यासी। रेडियो नेपालबाट धेरै पटक बजेको यो गीतले प्यासीलाई स्थापित गायक बनाएको हो। दुई दशक लामो सांगीतिक करियरमा गायक नरेन्द्र प्यासीले धेरै उतार-देखे, तर पछिल्लो केही वर्ष यता उनी पुन: श्रोता तथा दर्शकको मन-मस्तिष्कमा बस्न सफल भएका छन्। 'तिमीबिनाको जीवन' गीतबाट कम ब्याक गरेका नरेन्द्र प्यासी अहिले सुगम संगीतका लोकप्रिय गायकहरुमध्येका एक भएका छन्। २०४२ सालमै रेकर्ड भएको के भूल भयो प्रिय गीत मन पराउनेहरु आज पनि उत्तिकै छन्। लामो समय सांगीतिक क्षेत्रबाट हराएका नरेन्द्र पछिल्लो दुई वर्षदेखि पुन: यही क्षेत्रमा सक्रिय भएका छन्। उनको सांगीतिक सक्रियता केही समयअघि बजारमा आएको उनको पहिलो एकल गीतिसंग्रह 'वासना' बाट बढेको हो। उक्त संग्रहका दुई गीत 'तिमीबिनाको जीवन' तथा 'तिमीले दिने माया' लोकप्रिय भएपछि उनी पछिल्लो समय स्वदेश तथा विदेशका सांगीतिक कार्यक्रममा व्यस्त भैरहेका छन्। 'वासना' संग्रहका गीत लोकप्रिय हुनुमा गीतकार आनन्द अधिकारी तथा संगीतकार आशिष अविरलको पनि उत्तिकै योगदान गरेको नरेन्द्र प्यासी स्वीकार गर्छन्। यी दुई गीतका सीआरबीटी मात्र ४ लाखभन्दा बढी पटक डाउनलोड भैसकेका छन्। प्राय: सेमी क्लासिकल तथा ट्र्याजेडी गीत रुचाउने नरेन्द्र प्यासी रेडियो नेपालले आयोजना गर्ने गायन प्रतियोगितामा समेत पुरस्कृत भैसकेका छन्। सन् १९९८ मा जिटिभीले लन्डनमा आयोजना गरेको अन्तर्राष्ट्रिय सारेगामामा सहभागिता जनाएपछि उनी लगातार सात वर्ष त्यही बसे। त्यसपछि स्वदेश फर्किएका यी गायक अहिले पनि विदेशका कार्यक्रममा सहभागी भैरहन्छन्। उनी बेला-बेलामा दुई-चार महिनाका लागि सिंगापुर पनि पुग्छन्, एउटा रेस्टुराँ गजल गाउनका लागि। हालसम्म १ सय ५० भन्दा बढी गीत रेकर्डिङ गराइसकेका नरेन्द्र प्यासीले ४ सयभन्दा बढी गीतमा संगीत भरेका छन्। उनले बजारमा ल्याएको दोस्रो गीतिसंग्रहको शीर्षक हो 'सृष्टि'। पछिल्लो समय काठमाडौंमै रहेका गायक तथा संगीतकार नरेन्द्र प्यासीसँग *साप्ताहिक*का कृष्ण भट्टराईको जम्काभेट :

**तपाईंका गीतको सीआरबीटी ४ लाखभन्दा बढी पटक डाउनलोड भएछन्, तपाईंको भागमा चाहिं कति पर्‍यो ?**

पत्याउनुहुन्न होला, मैले अहिलेसम्म सीआरबीटीबाट एक रुपैयाँ पनि पाएको छैन। एकपटक डाउनलोड भएको गीतको एकै रुपैयाँ पाए पनि पाँच लाख रुपैयाँ पाउनुपर्ने हो !

**सीआरबीटीको रकम पाउन पहल गर्नुभएको छैन ?**

पहल भैरहेको छ। मेरो गीतिसंग्रह प्रकाशित गर्ने कम्पनीले नेपाल टेलिकमसँग कुराकानी भैरहेको बताइरहेको छ। आफ्नो मेहनतको फल एक दिन पाउनेछु भन्ने कुरामा ढुक्क छु।

**यो त गायक-गायिकाको शोषण भएन र ?**

त्यसै भन्नुपर्ला। नेपाली गायक-गायिकाहरूको यो पीडा बुझ्ने निकाय नै छैन कि जस्तो लाग्छ। म मात्र होइन, सीआरबीटीको रकम नपाउने गायक-गायिकाहरूको संख्या ठूलै छ।

**यतिबेला केमा व्यस्त हुनुहुन्छ ?**

कलेक्सन एल्बमका लागि गीत रेकर्डिङमा व्यस्त छु। केही अघि कतारमा कार्यक्रम गरेर फर्किएँ। नेपालका विभिन्न ठाउँमा पुगेर गीत-संगीत प्रस्तुत गरिरहेको छु।

**कहिलेसम्म सांगीतिक क्षेत्रमा सक्रिय हुने ?**

जबसम्म श्रोता तथा दर्शकको माया पाइरहन्छु तबसम्म म सांगीतिक क्षेत्रमा सक्रिय भैरहन्छु।

## • सानो पर्दा •

### आरपीलाई पितृशोक

सानो पर्दाका हास्यकलाकार आरपी भट्टराईलाई पितृशोक परेको छ। हास्यश्रृंखला तीतो सत्यमार्फत लाजालामका रूपमा लोकप्रिय कलाकार भट्टराईका बुवा शम्भुप्रसाद भट्टराईको अघिल्लो सोमबार निधन भएको हो। घाँटीको क्यान्सरबाट पीडित ६८ वर्षीय शम्भुप्रसादको उपचारका क्रममा निधन भएको हो। संन्यासी जीवनमा रहेका शम्भुप्रसाद तीन वर्षदेखि बूढानीलकण्ठका पीठाधीश स्वामी बोधानन्द गिरीका रूपमा चर्चित थिए। उनका आरपीसहित तीन छोरा तथा तीन छोरी छन्।

### महोत्सवमा व्यस्त

हास्यकलाकारद्वय शिवशंकर रिजाल तथा सुरेन्द्र केसी 'मुलासाग' पछिल्लो समयमा महोत्सवमा व्यस्त हुन थालेका छन्। गत भदौमा सम्पन्न गाईजात्रे हास्यव्यंग्य कार्यक्रममा जोडी कलाकारका रूपमा प्रहसन प्रस्तुत गरेपछि उनीहरू महोत्सवमा व्यस्त भएका हुन्। यसक्रममा उनीहरूले पोखरा, पाल्पा, वालिङ, मेलम्ची, तातोपानी, नेपालगन्ज, सुर्खेत आदि स्थानमा हास्यप्रधान प्रहसनहरू प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन प्रदान गरिरहेका छन्। रिजाल तथा केसी आधा दर्जनभन्दा बढी हास्यश्रृंखलामा व्यस्त छन्।

### एनटिभी प्लसमा पर्दा

नेपाली टेलिभिजन च्यानलमा चलचित्रसम्बन्धी कार्यक्रमको संख्या बढिरहेको छ। यसैक्रममा नेपाल टेलिभिजन प्लस च्यानलबाट अघिल्लो मंगलबारदेखि नयाँ कार्यक्रम 'पर्दा' को प्रसारण प्रारम्भ भएको छ। दर्पण क्रिएसनको प्रस्तुतिमा तयार पारिएको उक्त कार्यक्रम प्रत्येक मंगलबार राति ८:१५ बजे प्रसारण हुन्छ। कार्यक्रमको सञ्चालन चलचित्र निर्देशक सुरेशदर्पण पोखरेलले गरिरहेका छन्। आधा घण्टा लामो उक्त कार्यक्रममा जुम इन, इस्यु अफ द विक, बक्स अफिस, फेसबुकमा सेलिब्रेटी तथा ट्यालेन्ट हन्टजस्ता पाँचवटा सामग्री प्रसारण गरिन्छ। यो कार्यक्रम फिल्मीखबर डटकममा समेत हेर्न सकिने निर्देशक तथा कार्यक्रम प्रस्तोता पोखरेल बताउँछन्।



### भुलिभए सम्झनालाई

गोपीकृष्ण मुभिजको टेलिभिजन च्यानल टिभी फिल्मीले नेपाली चलचित्रसँग सम्बन्धित कार्यक्रमहरू प्रसारण गर्न थालेको छ। यसैक्रममा टिभी फिल्मीले हरेक साँझ ६:३० बजे नयाँ कार्यक्रम प्रसारण गर्न थालेको छ। भुलिगए सम्झनालाई...शीर्षक राखिएको यो कार्यक्रममा पुराना नेपाली चलचित्रका गीतहरू प्रसारण गरिन्छ।

## पालो मल्लिकाको

बलिउडमा कामुक नायिकाको उपाधि पाएकी मल्लिका शेरावत पनि सानो पर्दामा आउने पक्का भएको छ। यसै साता सार्वजनिक भएको समाचारअनुसार मल्लिकालाई कलर्स टेलिभिजनले एउटा नयाँ कार्यक्रमको निर्णायक बनाएको छ। उक्त च्यानलबाट चाँडै प्रसारण हुने नयाँ डान्स रियालिटी शो 'चक धूम धूम' मा मल्लिका निर्णायकका रूपमा प्रस्तुत हुदैछिन्। यसअघि पनि उनी कलर्सकै लोकप्रिय धारावाहिक 'ना आना इस देश में...' मा अतिथि कलाकारका रूपमा प्रस्तुत भएकी थिइन्। रमाइलो कुरा के छ भने कलर्सले मल्लिकालाई एउटा श्रृंखलाका लागि ४५ लाख भारतीय रुपैयाँ दिदैछ। नृत्यांगनाका रूपमा खासै चर्चित नभए पनि मल्लिकाको सहभागिताले कार्यक्रमको टीआरपी बढ्ने कुरामा कलर्सका निर्माताहरू ढुक्क छन्।

### • विदेशबाट •





# भगवान् सबैको

निर्देशक प्रदीप श्रेष्ठको निर्देशनमा तयार भएको चलचित्र 'भगवान् सबैको' आपराधिक क्रियाकलापमा लागेका एक व्यक्ति तथा उसको पारिवारिक समस्यामा आधारित छ। मौनता श्रेष्ठको प्रस्तुतिमा हरि बराल र वसन्तकुमार श्रेष्ठले निर्माण गरेको यो चलचित्रका केन्द्रीय पात्र राजेश हमाल हुन्। राजेश चलचित्रमा डनको भूमिकामा छन्। परिबन्दमा परेर उनी मात्र होइनन्, सुनिलदत्त पाण्डे पनि डन बन्छन्। सबैको भगवान् हुने क्रममा उनीहरूले सैतानी व्यवहार देखाउँछन्। चलचित्रमा कलाकारहरूको भींड जम्मा पारिएको छ।

राजेश हमाल र सुनिलदत्त पाण्डेका अतिरिक्त यो चलचित्रमा रेखा थापा, नन्दिता केसी, विक्रान्त बस्नेत, अर्जुन कार्की तथा उमेश खड्का पनि महत्त्वपूर्ण भूमिकामा छन्। निर्देशक श्रेष्ठका अनुसार 'भगवान् सबैको' एउटा फेमिली ड्रामासहितको एक्सन चलचित्र हो र यसमा मरमसलाहरू निकै छन्। चेतन सापकोटाको संगीत, वसन्त श्रेष्ठको नृत्य, हिमाल केसीको द्वन्द्व, कुमार बखतीको छायांकन, बनिश शाह एवं विपिन मल्लको सम्पादनमा तयार भएको चलचित्र 'भगवान् सबैको' काठमाडौं उपत्यकाका थुप्रै चलचित्र भवनका अतिरिक्त उपत्यकाबाहिरका २० स्थानमा एकसाथ सार्वजनिक हुँदैछ।

• चलचित्र •



# तेरा क्या होगा जोनी

आज शुक्रबार सार्वजनिक हुने 'तेरा क्या होगा जोनी' क्राइम तथा थ्रिलर चलचित्र हो। सुधीर मिश्रद्वारा निर्देशित यो चलचित्रमा निल नितिन मुकेश, सोहा अली खान, के के मेनन, सहाना गोस्वामी, करण नाथ, सौरभ शुक्ला, विजय मौर्य, मार्कण्डेय देशपाण्डे आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। चलचित्रमा अभय देओल, अनुराग कश्यप, अशोक पण्डित, रज्जाक खान आदिले अतिथि कलाकारका रूपमा अभिनय गरेका छन्। निर्माण पूरा भएको लामो समयपछि प्रदर्शन हुन लागेको यो चलचित्र एउटा थ्रिलर ड्रामा हो जसलाई निर्देशक सुधीर मिश्रले नै लेखेका हुन्। चलचित्रमा नायक नील नितिनले परवेजको भूमिका निर्वाह गरेका छन्। उनी इन्डिया साइनिङ ड्रिमको एउटा अंग बन्न चाहन्छन्। उनी चाँडै धनी बन्न चाहन्छन् तर कुनै उपाय लाग्दैन। नील दिव्या (सहाना गोस्वामी) लाई चाहन्छन् जो भ्रष्ट प्रहरी अधिकृत चिपले (केके मेनन) की श्रीमती हुन्। चिपले गलत तरिकाबाट कमाएको पैसा एउटा फ्ल्याटमा लुकाएर राखेका हुन्छन्, जसलाई चोर्ने योजना नीलको हुन्छ। उनको यो निर्णयले उनको मात्र होइन कफी डेलिभरी ब्वाई (सिकन्दर अग्रवाल) को जीवन पनि उथलपुथल हुन्छ। चलचित्रको अर्को कथा प्रीति (सोहा अली खान) तथा विशाल (करण नाथ) को छ। प्रीति एउटी मोडलको भूमिकामा छिन् भने विशाल अपराधी हुन्छ। यी सबै पात्रको सम्बन्ध कुनै न कुनै रूपमा छुट्टा (विजय मौर्य) सँग जोडिएको छ। छुट्टा एउटा ड्रग डिलर हो। निर्देशक मिश्राले चलचित्रका पात्रहरूमार्फत वर्तमान अवस्थामा परिवर्तन भैरहेको जीवनको मूल्य देखाउने प्रयास गरेका छन्।



# मिर्च

आज शुक्रबार प्रदर्शनमा आउने बलिउड चलचित्र 'मिर्च' का निर्देशक विनय शुक्ला हुन्। ड्रामा तथा सोसल श्रेणीमा राखिएको यो चलचित्रमा श्रेयश तलपडे, कोनकोना सेन शर्मा, माही गिल, सहाना गोस्वामी, राइमा सेन, अरुणोदय सिंह, राजपाल यादव, बुमन इरानी, इला अरुण, प्रेम चोपडा, सुशान्त सिंह, सौरभ शुक्ला आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। मन्टी शर्माद्वारा संगीतबद्ध यो चलचित्रमा शंकर महादेवन, कुनाल गाञ्जावाला, इला अरुण, चारु सेम्वाल आदि गायक-गायिकाको पार्श्व गायन छ। चलचित्रमा अरुणोदय सिंहले मानवको भूमिका निर्वाह गरेका छन्। उनी चलचित्रका स्क्रिप्ट राइटर हुन् जो आफ्नो स्थान बनाउन संघर्षरत छन्। आफ्नो स्क्रिप्टमा कुनै फेरबदल गर्न नचाहने भएकैले कुनै पनि निर्माता उनीसँग काम गर्न तयार हुँदैनन्। उनकी प्रेमिका रुचि (साहाना गोस्वामी) चलचित्र सम्पादक हुन्। रुचिले मानवलाई चलचित्र निर्माता नितिन (सुशान्त सिंह) सँग भेटाउँछिन्। नितिनलाई मानवद्वारा लेखिएको स्क्रिप्ट मनपर्छ तर उक्त कथामा एउटा व्यवसायिक चलचित्र बनाउन गाह्रो पर्ने उनको धारणा छ। त्यसपछि मानवले निर्मातालाई पञ्चतन्त्रमा आधारित एउटा कथा सुनाउँछन्। श्रीमान्-श्रीमतीको सम्बन्धमा आधारित उक्त चलचित्रको कथा नितिनलाई मनपर्छ तर मानवले सुनाएको कथामा छोटो चलचित्र मात्र बन्ने भएकाले उनले थप दुईवटा कथा थप्न आग्रह गर्छन्। त्यसपछि निर्माण गरिने चलचित्रको कथासँगै चलचित्रको कथा पनि अघि बढ्छ।



# हाउ डू यू नो

आज शुक्रबारदेखि नै प्रदर्शनमा आउने हलिउडको नयाँ चलचित्र 'हाउ डू यू नो' लाई कमेडी, ड्रामा, रोमान्स तथा स्पोर्ट्स श्रेणीमा राखिएको छ। ओस्कार एवार्ड विजेता निर्देशक जेम्स एल ब्रुक्सले यो चलचित्र निर्देशन गरेका हुन्। चलचित्रमा रिज विदरस्पुन, ओवेन विल्सन, पउल रुड, ज्याक निकोल्सन, क्याथरिन हन आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। केही यौनजन्य दृश्य तथा भाषाका कारण यो चलचित्रले थर्टिन प्लसको प्रमाणपत्र पाएको छ। सोनी पिक्चर्सले वितरण गर्ने यो चलचित्रको छायांकन अमेरिकाका बोस्टन, फिलाडेल्फिया तथा वासिङट्न डीसीमा गरिएको छ। चलचित्रमा नायिका रिजले लिजाको भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा उनी एथलेटिक खेलाडीको भूमिकामा प्रस्तुत भएकी छिन्। उनी बाल्यकालदेखि नै खेलकुदमा अब्बल थिइन्। अचानक खेलाडीहरूको समूहबाट आफ्नो नाम काटिएपछि लिजा निराश हुन्छिन्। भविष्य के गर्ने चिन्ताका बीच उनले आफ्नो जीवनलाई अघि बढाइरहेकी छिन्। त्यही क्रममा लिजाको भेट म्याट्टी नाम भएका खेलाडीसँग हुन्छ। म्याट्टीसँग प्रेम सम्बन्ध स्थापित हुनुअघि नै उनी व्यापारी जर्जसँग डेटिङ जान्छिन्। त्यसपछि प्रारम्भ हुने त्रिकोणात्मक प्रेम कथाले चलचित्रको क्याइमेक्स रमाइलो बन्छ।

# वृतचित्रमा शिक्षाको खोजी

सुदूर कर्णालीको शैक्षिक अवस्था कस्तो होला ? त्यहाँका बालबालिकाले पढ्नका लागि कस्तो समस्या भोगिरहेका छन् ? पढ्नका लागि यार्सागुम्बु टिप्न जाने बालबालिकाले भोग्नुपरेको समस्या र ज्यानसमेत गएको घटनालाई वृतचित्र 'शिक्षाको खोजी' मा पोखराका तन्नेरी जीवन भट्टराईले उतारेका छन्। सहरिया परिवेशमा महँगा विद्यालयमा पढ्ने बालबालिका र विकट कर्णाली अञ्चलका बालबालिकाले पढ्नका लागि गरेको संघर्षबीच तुलनासमेत गरेर यो वृत्तचित्र तयार पारिएको छ। अर्थ उर्पाजनका लागि यहाँका स्कुले विद्यार्थीहरूले यार्सागुम्बा संकलन गर्न जाँदा हिउँ पहिरोमा परेर ज्यान गुमाएको कहालीलाग्दो दृश्यले जो-कोहीलाई भावुक बनाउँछ।



यार्सागुम्बु टिप्न जाने क्रममा ०६३ सालमा डोल्पाको ताङतिङ लेकमा हिम पहिरोमा पुरिएर अभिभावकसहित मरेका विद्यार्थीहरूको दृश्य कहालीलाग्दो छ। जुन घटनामा १६ जनाको ज्यान गएको थियो। कतिपय विद्यार्थी पढ्नका लागि रकम जुटाउन यार्सागुम्बु टिप्न गएका थिए। कतिपयको भविष्यको सपना त्यही हिउँपहिरोमा पुरिएर समाप्त भएको थियो। साढे चार वर्षको अनुसन्धानपश्चात् १९ लाखको लागतमा वृत्तचित्र तयार भएको निर्देशक भट्टराईले बताए। कर्णालीको कालिकोट, जुम्ला, डोल्पा, मुगु आदि जिल्लाका विद्यार्थीहरूको शिक्षाप्रतिको उत्साह र लगाव पारवारिक दुःखकष्टका बाबजुद पनि उत्साहप्रद भएको यथार्थ वृत्तचित्रमा देख्न सकिन्छ। ७० दिन कर्णालीका विकट गाउँहरू घुमेर यो वृत्तचित्र तयार पारिएको हो।

**शिव शर्मा**

साप्ताहिक

तस्बिर : राजीव श्रेष्ठ/ग्ल्यामफेयर डटकम



# सिर्जना सुब्बा

१३ वर्षकै उमेरमै 'मैना' शीर्षकको नाटकमा मैनाकै भूमिका निर्वाह गरेर सर्वोत्कृष्ट कलाकारको पुरस्कार जित्न सफल कलाकार हुन्- सिर्जना सुब्बा । मोरङको उर्लाबारीमा जन्मिएकी सिर्जना स्कुले जीवनदेखि नै नाटकमा अभिनय गर्न रुचाउँथिन् । अहिले उनी स्थापित थिएटर आर्टिस्ट बनिसकेकी छिन् । विगत एक वर्षदेखि मण्डला थिएटरले मञ्चन गर्ने नाटकमा अभिनय गरिरहेकी सिर्जनाले गत वर्ष मञ्चन भएको एउटा नाटक 'माइला डट कम' मा मुख्य भूमिका निर्वाह गरेर दर्शकमा राम्रो कलाकारको छाप छाडिसकेकी छिन् । यो नाटकको मञ्चन नेपालका विभिन्न सहरमा त भयो नै, भारतमा सम्पन्न नाट्य महोत्सवमा समेत यसलाई मन पराइएको थियो । यसबाहेक उनले 'चरन दास चोर' मा निर्वाह गरेको महारानीको भूमिका पनि उत्तिकै प्रशंसित छ ।

त्यसो त सिर्जनाले केही चलचित्रमा पनि अभिनय गरेकी छिन् । चलचित्र आवाजमा उनले नायिकाको भूमिका निर्वाह गरिन् भने दीपशिखामा नायिकाको साथीको । टेलिशृंखला जीवनचक्रमा उनले स्वास्थ्य स्वयंसेविकाको भूमिका निर्वाह गरेकी छिन् । 'शाल्मीको बलात्कृत आँसु' शीर्षकको पुरस्कृत टेलिश्रृंखलामा उनले शाल्मीको भूमिका निर्वाह गरेपछि अन्य शृंखलाबाट पनि उनले प्रस्ताव पाइन् । राजधानीका दुई विद्यालयमा नृत्य शिक्षिकाका रूपमा कार्यरत २४ वर्षीया सिर्जना पाँच फिट तीन इन्च अग्ली छिन् । 'मलाई चलचित्रमा भन्दा थिएटरमै काम गर्न रमाइलो लाग्छ, केही समयपछि नाटक मञ्चन गर्न भारत जाने तयारीमा रहेकी सिर्जना भन्छिन्, 'थिएटरमा तुरुन्तै प्रतिक्रिया पाइने भएकाले पनि रमाइलो लागेको हो ।' वन पिस पहिरनकी पारखी सिर्जनालाई मन पर्ने ठाउँ पोखरा हो । हल्का मेकअप गर्न रुचाउने सिर्जना आँखामा गाजल लगाइर हुन्छन् । भविष्यमा छोटा चलचित्र निर्माण तथा निर्देशन गर्ने लक्ष्य लिएकी सिर्जना फुर्सदमा चलचित्र हेरेर मनोरञ्जन गर्छिन् ।

– कृष्ण भट्टराई












## ● साताको स्वर ●

**'मबिना कसै-कसैलाई...' कस्तो शैलीको गीत हो ?**

महेश खड्काको संगीत तथा शीतल गिरीको शब्द रहेको यो एउटा गजल हो ।

**कुन कुराले यो गीत लोकप्रिय भयो ?**

फरक धारको शब्द अनि मन छुने मेलोडीका कारण यो गीतले कम समयमै श्रोताको मन जित्न सफल भएको हो ।

**गीत कस्ता श्रोताले बढी मन पराएका छन् ?**

बालबालिकादेखि वृद्धसम्मका श्रोताले यो गीत मन पराएका छन् । सांगीतिक कार्यक्रमका क्रममा म मेचीदेखि महाकालीसम्म पुगें, हरेक कार्यक्रममा यो गीत दुई-तीन पटक गाउनुपर्‍यो ।

**पोखराका श्रोताबाट चाहिं कस्तो प्रतिक्रिया पाउनुभयो ?**

मुस्किल छ पोखरामा...भन्ने शब्दका कारण पोखरावासीको प्रतिक्रिया असाध्यै सकारात्मक पाएँ, आफ्नो गाउँ-घर छाडेर परदेसिएका श्रोताहरूबाट पनि राम्रो प्रतिक्रिया पाइरहेको छु ।

**म्युजिक भिडियो कत्तिको मन पराइयो त ?**

गीतलाई लोकप्रिय बनाउन भिडियोले पनि सहयोग गरेको छ । प्रसन्न पौडेलले गीतको भावनालाई भिडियोमा हुबहु उतारेका छन् ।

### कुशलको साथ

धरान आइडलको उपाधि हात पारेका कुशल लिम्बूले हालैमात्र संगीतप्रेमीहरूप्रति समर्पित गर्दै आफ्नो तेस्रो नयाँ एकल एल्बम साथ बजारमा ल्याएका छन् । एक दर्जनभन्दा बढी चलचित्रमा स्वर प्रदान गरेका कुशल थलङ लिम्बूको तेस्रो एकल एल्बममा दसवटा गीत समावेश छन् । विभिन्न प्रकारका गीत समावेश गरिएको एल्बम मर्मस्पर्शी तथा कर्णप्रिय गीतहरूको सँगालो भएको गायक लिम्बूको दाबी छ ।

### 'स्वर'को गीति संग्रह सार्वजनिक

दर्जनौं म्युजिक भिडियो निर्देशन गरिसकेका प्रसन्न पौडेलद्वारा निर्देशित पहिलो चलचित्र 'स्वर' का गीतहरूको संग्रह यसै साता सार्वजनिक भएको छ । गत आइतबार साँझ ललितपुरको बखुन्डोलस्थित एउटा क्याफेमा आयोजित समारोहमा उक्त संग्रह विमोचन गरिएको हो । सांगीतिक कथा समेटिएको यो चलचित्रका गीतलाई सुगम पोखरेल, सत्यराज आचार्य तथा स्वरूपराज आचार्यले संगीतबद्ध गरेका छन् । चलचित्रमा सुगम, सत्य-स्वरूपका अतिरिक्त अन्जु पन्त, सन्तोष लामा आदिको पार्श्व गायन छ । चलचित्रमा आठवटा गीत समावेश छन् । विमोचन समारोहमा चलचित्रका गीतका दृश्य पनि प्रदर्शन गरिएको थियो ।

### बटुवाको विमोचन

नेपाली तारा- २ का विजेता गायक सन्तोष लामा आफ्नो पहिलो गीतिसंग्रह 'बटुवा' मार्फत श्रोतामाझ आएका छन् । गत साता राजधानीमा आयोजित एक समारोहमा पुराना गायक प्रेमध्वज प्रधानले उक्त संग्रह विमोचन गरे । संग्रहको 'बटुवा...' शीर्षकको गीत लोकप्रिय भैसकेपछि सार्वजनिक भएको यो संग्रहमा ११ वटा गीत समावेश छन् । संग्रहका गीतमा सत्यराज-स्वरूपराज, कल्याण सिंह, सुगम पोखरेल, नरेन्द्र प्यासी, बिजु बज्र आदिले संगीत दिएका छन् । संग्रहमा राजेन्द्र सलभ, आनन्द अधिकारी, रेश्मा सुनुवार, सुरेश राई आदिका शब्द छन् । विमोचन समारोहमा संग्रहका दुईवटा गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो ।

### डिकेडको विमोचन

सांगीतिक समूह किचः ब्यान्डको पहिलो गीतिसंग्रह डिकेटको गत शुक्रबार राजधानीमा आयोजित एक समारोहमा विमोचन सम्पन्न भएको छ । पप गायक दीपक बज्राचार्य, निमा रुम्बा, जेम्स प्रधान आदिले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका थिए ।

### जमुनाको निमन्त्रणा सार्वजनिक

गायिका जमुना जोशीले गाएका पप तथा आधुनिक गीतहरूको संग्रह 'निमन्त्रणा' को विमोचन गायक दीप श्रेष्ठले गरेका छन् । समारोहमा संग्रहको एउटा युगल गीत 'हजुरको माया' को म्युजिक भिडियो पनि सार्वजनिक गरियो । उक्त गीतमा गायिका जमुनालाई गायक युवराज चौलागाईंले साथ दिएका छन् । संग्रहका गीतमा राजनराज शिवाकोटी, युवराज चौलागाई आदिको संगीत सुन्न सकिन्छ ।

### ६९ वर्षमा एकल साँझ

शास्त्रीय संगीतमा लामो समय बिताएका सरोदवादक मोहनसुन्दर श्रेष्ठको एकल कार्यक्रम सम्पन्न भएको छ । ६९ वर्षको उमेरमा श्रेष्ठले आफ्नो एकल कार्यक्रम आयोजना गर्ने अवसर पाएका हुन् । गत शनिबार गुरुकुलमा आयोजित एकल सांगीतिक कार्यक्रममा हर्षित मुद्रामा देखिएका संगीतकर्मी श्रेष्ठ भन्दै थिए– 'एउटा कार्यक्रम प्रस्तुत गर्ने रहर थियो, बल्ल पूरा भयो ।' तबलावादक गोपालनाथ योगीद्वारा उद्घाटित उक्त कार्यक्रममा श्रेष्ठले भीम पलासी, शिवरञ्जनी तथा भैरवी राग प्रस्तुत गरेका थिए । भैरवी रागमा उनलाई रूपा न्यौपानेले साथ दिएकी थिइन् । दृष्टिविहीन श्रेष्ठ रेडियोनेपालसँग आबद्ध छन् ।

### नारायणगोपाल पुरस्कार

यस वर्षको नारायण गोपाल संगीत पुरस्कार स्वरतर्फ गायक रामभक्त जोजिजूलाई प्रदान गरिने भएको छ । गत साता घोषणा गरिएको पुरस्कारअन्तर्गत संगीततर्फ किरण कँडेलले पुरस्कार पाउनेछन् ।

## ● म्युजिक अपडेट ●

## ● अफ द बिट ●



हजुरको मायाः गायिका जमुना जोशी तथा गायक युवराज चौलागाईं नयाँ युगल गीत हजुरको माया...को म्युजिक भिडियोको छायांकन क्रममा तस्विर खिचाउँदै ।

### सागरको दोस्रो भिडियो

पोखराका गायक सागर गुरुङको दोस्रो म्युजिक भिडियो यसै साता सार्वजनिक भएको छ । केही समयअघि गीतिसंग्रह 'फ्राइडे नाइट' श्रोतामाझ ल्याएका सागरले यसअघि 'माफी' शीर्षकको गीतको भिडियो तयार पारेका थिए । यतिबेला उनी 'कहिले काठमाडौं कहिले पोखरा' गीतको नयाँ म्युजिक भिडियोमार्फत दर्शकमाझ पुगेका छन् । यो भिडियोको निर्देशन प्रणव जोशीले गरेका छन् ।

### व्यस्त छन् आलोकश्री

संगीतकार आलोकश्री एकसाथ चारवटा गीतिसंग्रहको तयारीमा व्यस्त छन् । उनले सबैभन्दा पहिले गायक कुमार कान्छाले गाएका पछिल्ला गीतहरूको एकल संग्रह श्रोतामाझ ल्याउँदैछन् । संग्रहका सबै गीतमा आलोकश्रीले संगीत दिएका छन् । यसबाहेक उनी उदितनारायण झा, आदित्यनारायण झा तथा दीपा झाका एक-एकवटा एकल गीति-संग्रहको तयारीमा पनि व्यस्त छन् । यी तीन संग्रहका २२ वटै गीत उनले मुम्बई पुगेर रेकर्डिङ गराएका हुन् ।

### आउँदैछन् ब्रायन एडम्स

रक स्टार ब्रायन एडम्स काठमाडौं आउने भएका छन् । एडम्स एसियाका विभिन्न देशमा ठूला कन्सर्ट आयोजना गरिरहेको जेपीआर इभेन्टले काठमाडौंमा आयोजना गर्ने एउटा कन्सर्टमा सहभागी हुन लागेका हुन् । आगामी फागुन ८ गते राजधानीको दशरथ रंगशालामा सम्पन्न हुनेछ । पर्यटन वर्ष-२०११ लाई सफल पार्न तथा नेपाल पर्यटकीय दृष्टिकोणले अनुकूल छ भन्ने कुरा प्रमाणित गर्न रक स्टार एडम्सलाई कार्यक्रममा प्रस्तुत गर्न लागिएको बताइन्छ । राजधानीको कन्सर्टमा सहभागी भएपछि गायक एडम्स भारत तथा बंगलादेशमा पनि प्रस्तुत हुनेछन् । राजधानीको कार्यक्रम दुई घण्टा लामो हुनेछ ।

### अमेरिकामा विमोचन

लामो समयदेखि अमेरिकामा बसोबास गर्दै आएका गायक सञ्जीप प्रधानले गाएका नेवारी गीतहरूको संग्रह 'छंगु दिया लाइक्' को अमेरिकामै विमोचन भएको छ । अमेरिकाका लागि नेपाली राजदूत डा.शंकरप्रसाद शर्माले उक्त संग्रह विमोचन गरेका हुन् । सञ्जीपको यो पाँचौं नेवारी गीतिसंग्रह हो । संग्रहका लागि सञ्जीपकी श्रीमती तथा गायिका सरिष्मा अमात्यले अथिति गायिकाका रूपमा केही गीत गाएकी छिन् । संग्रहका सबै गीतका शब्द तथा संगीत गायक प्रधानले नै तयार पारेका हुन् ।

## ● विदेशबाट ●

# गायिकाको प्रेम

सुन्दर गायिकाको उपाधि पाएकी गायिका सेलिना गोमेज अहिले चर्चामा छिन् । अर्का चर्चित गायक जस्टिन बेबरसँगको प्रेम सम्बन्धका कारण गोमेज चर्चामा आएकी हुन् । कन्ट्याक्ट म्युजिक डट कमले जनाए अनुसार गोमेज र बेबर राम्रा साथी थिए । पछि दुवै जनाले एक-अर्कालाई मन पराउन थाले । त्यसको केही समयपछि नै दुवैमा खटपट भयो । यद्यपि पछिल्लो समयमा उनीहरूलाई एउटा होटलमा लामो समय बिताएर सँगै बाहिरिएको देखियो । यसबाट उनीहरूको प्रेम-सम्बन्धले नयाँ उचाइ लिएको अनुमान गरिंदैछ ।



## ● ब्याण्ड ●

# रुद्र ब्याण्ड




नेपाली सांगीतिक क्षेत्रमा लामो समयदेखि सक्रिय चार जना संगीतकर्मी मिलेर स्थापना गरेको सांगीतिक समूह हो– रुद्र ब्याण्ड । यो समूहले गीत मात्र गाउँदैन, वाद्ययन्त्र बजाएर मीठा-मीठा धुनसमेत तयार पार्छ अर्थात् यो इन्स्ट्रुमेन्टल सांगीतिक समूह हो । समूहमा पुराना संगीतकर्मी श्याम नेपाली पनि सहभागी छन् । उनी प्रसिद्ध सारंगीवादक हुन् । समूहमा नेपाली सहित चार जना संगीतकर्मी सक्रिय छन् । रमन महर्जन बाँसुरीवादक हुन् । किरण नेपाली गितारवादक हुन् । विश्व नेपाली गायक हुन् भने बाबुराम महर्जन तबलावादक । आधिकारिक रूपमा यो समूह स्थापना भएको तीन वर्ष मात्र भयो, तर समूहका संगीतकर्मीहरू त्यसअघिदेखि नै सामूहिक कन्सर्टमा सक्रिय भैरहन्थे । रुद्र शीर्षक राख्नुअघि उनीहरू श्याम एन्ड फ्रेन्डसमा आबद्ध थिए । रुद्रका रूपमा संगीतकर्ममा व्यस्त भएपछि उनीहरू इन्स्ट्रुमेन्टका साथै सुफी गायनमा पनि सक्रिय भएका छन् । यो समूहले ठमेलको कम्फर्ट जोनमा प्रत्येक शुक्रबार लाइभ कन्सर्ट प्रस्तुत गरिरहेको छ । यसबीच समूहका पाँचै जना संगीतकर्मी गत मंगलबार कीर्तिपुरस्थित ससः रेस्टुराँमा आयोजित 'फ्युजन एन्ड सुफी साँझ' मा सहभागी भए ।

# सुगम संगीतका नायक रामकृष्ण

● कृष्ण भट्टराई



नेपाली गीत-सुन्ने श्रोता तथा दर्शकका लागि रामकृष्ण ढकाल चिनाइरहनुपर्ने नाम होइन। पारिवारिक पृष्ठभूमि सांगीतिक नभए पनि रामकृष्णले पाँच-छ वर्षको उमेरदेखि नै गीत गाउन थालेका थिए। निजगढमा उनका साथीहरू विद्यालयको चौरमा मोजाद्वारा बनाइएको भकुन्डो खेलिरहँदा उनी चौरकै अर्को कुनामा गीत गुनगुनाइरहेका हुन्थे। मध्यम परिवारमा जन्मिएका रामकृष्णलाई उनका अविभावकहरू पढेर ठूलो मान्छे बन्नुपर्छ भनेर सम्झाइरहँदा उनी भने नारायणगोपालका गीत गाइरहेका हुन्थे। रामकृष्ण तिनै गायक हुन्, जो आश्चर्यजनक सफलताका पर्याय बन्न सफल छन्। १३ वर्षको कलिलो उमेरमै एकल गायन कार्यक्रममा झन्डै २२ वटा गीत गाएर सबैलाई आश्चर्यचकित बनाउने रामकृष्णले गोरखा दक्षिण बाहु पाउने सबैभन्दा कान्छा कलाकारको रेकर्डसमेत राखे। उनले २०५५ सालमा २४ वर्षको उमेरमा यो राष्ट्रिय स्तरको पुरस्कार पाएका थिए। रामकृष्ण तिनै गायक हुन् जसको २०५५ सालमा बजारमा आएको गीतिसंग्रह 'आशा' ले बिक्रीको नयाँ कीर्तिमान कायम गरेको थियो। उक्त संग्रहको ३ लाखभन्दा बढी प्रति बिक्री भएको रेकर्ड छ। तिनै रामकृष्ण भोलि शनिबार आफ्नो नयाँ एकल गीतिसंग्रह 'शैली' लिएर दर्शक तथा श्रोतामाझ आउँदैछन्। 'शैली' ले आफूलाई पुरानै लोकप्रियता दिने कुरामा उनी आशावादी मात्र छैनन्, ढुक्क नै छन्। गत सोमबार साँझ पुतलीसडकस्थित कुमारी क्याफेमा रामकृष्णले *साप्ताहिक*सँग लामै कुराकानी गर्दै आफ्नो बाल्यकालदेखि वर्तमान अवस्थासम्म बेलिविस्तार गर्न भ्याए। रामकृष्णको सफलताको कथा उनकै शब्दमा :

### बाल्यकाल

मेरो बाल्यकाल संघर्षमै बित्यो। मानिसहरू मेरो बाल्यकालका बारेमा विभिन्न टीका-टिप्पणी गर्छन्। मैले पनि सबैलाई स्पष्टीकरण दिन आवश्यक मानिनँ। आज पहिलो पटक *साप्ताहिक*मार्फत म आफ्नो बाल्यकालको वास्तविकता सारांशमा भन्दैछु। म मध्यमवर्गीय परिवारमा जन्मिएको सत्य हो, तर त्यसो भन्नेबित्तिकै हामीलाई खान-लाउनै मुस्किल थियो भन्ने होइन। निजगढमा हाम्रो परिवारलाई राम्रै मानिन्थ्यो। परिवारमा सांगीतिक पृष्ठभूमि भएको मान्छे अरू कोही थिएनन्, तर म भने गीत-संगीत भनेपछि भात-पानी माया मार्न तयार थिएँ। घरबाट संगीतमा रुचि नराखोस् भन्ने दबाब आउन थालेपछि म घरबाट भागीभागी चलचित्र हेर्न जाने, सांगीतिक कार्यक्रममा जान थालें। मैले छ वर्षको उमेरदेखि नै विद्यालयका कार्यक्रममा गाउन थालिसकेको थिएँ। पछि हाम्रो परिवार चितवन बसाइँ सर्‍यो। करिब १२ वर्षको उमेरमा गीत गाउनकै लागि म काठमाडौं आएँ। परिवारको सपोर्टबिनै मैले काठमाडौंमा अनेकौं हन्डर खाँदै कक्षा सातदेखि एसएलसीसम्मको अध्ययन पूरा गरें। त्यसपछिको अध्ययन भने विभिन्न कारणले पूरा गर्न सकिनँ। १३ वर्षको उमेरमा मलाई एकल गायन कार्यक्रममा सहभागी भएर गीत गाउने अवसर प्राप्त भयो। त्यो कार्यक्रममा मैले नारायणगोपालका झन्डै २२ वटा कालजयी गीत गाउँदा मलाई धेरैले 'फुच्चे गायक' भन्थे। वास्तवमा त्यही एकल गायन कार्यक्रम नै मेरो सांगीतिक जीवनको टर्निङ प्वाइन्ट थियो।

### पहिलो गीत र पहिला एल्बम

पहिलो एकल गायन कार्यक्रमपछि मानिसहरूले मेरो प्रतिभाको कदर गर्न थाले। म आफूचाहिं आफ्नै गीत गाउन चाहिरहेको थिएँ। सोही क्रममा मैले पहिलो पटक २०४५ सालमा एउटा गीत रेकर्ड गर्ने अवसर पाएँ। 'हाम्रो सुन्दर संसार थियो, हुरी आई उडाई लग्यो...' मेरो स्वरमा रेकर्ड भएको पहिलो गीत थियो। त्यो गीतले श्रोता तथा दर्शकको मन जित्न सफल भयो। मेरो पहिलो गीतिसंग्रह 'आशीर्वाद' २०५० सालमा सार्वजनिक भएको हो। उक्त आशीर्वादसंग्रहलाई श्रोताले अत्यन्त मन पराएका थिए। सोही वर्ष मैले पहिलो पटक आफ्नै गीतमा आशीर्वाद २०५० शीर्षकको एकल सांगीतिक कार्यक्रममा सहभागी हुने अवसर पाएँ। आशीर्वाद संग्रहको 'रिसाउँदा नि आफ्नै' मात्र होइन, नारायणगोपालको स्वरमा रेकर्ड हुन नपाएको 'माया गर्नेको चोखो माया पनि देखियो' ले पनि मेरो सांगीतिक उचाइ बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे।

### विवाहपछि रामकृष्ण

मेरो विवाह २०५८ सालमा नीलम शाहसँग भएको हो। विवाहअघि म एक्लो जीवन बाँचिरहेको थिएँ। विवाह गरेलगत्तै मेरा केही आत्मीय प्रशंसकहरूले चित्त दुःखाएको पनि थाहा पाएँ। 'मन पराउने हजार भेटिन्छन्, जुनी काट्ने एउटै हुन्छ...' भनेझैं विवाह त एक जनासँगै गर्नुपर्ने हुन्छ। त्यसैले मैले नीलमलाई रोजें। विवाहपछि मेरो व्यक्तित्व तथा रहनसहनमा सराकात्मक परिवर्तन आएको छ भन्छन् साथीभाइहरू। विवाह गरेको केही वर्षपछि छोरी रानी जन्मिइन्। त्यसपछि मैले आफूलाई थप जिम्मेवार पाएको छु। कुनै पनि नयाँ काम गर्दा नीमलसँग सरसल्लाह गर्छु। मैले गाउने गीतका बारेमा उनी राम्रो टिप्पणी गर्छिन्। उनी मेरो गीतकी असल श्रोता पनि हुन्। विवाहपछि धेरैले मलाई स्टाइलिस भएको, अझ जवान देखिएको प्रतिक्रिया दिन्छन्। यी सबै परिवर्तनका पछाडि नीलमको ठूलो योगदान छ। सत्यराज आचार्यले त 'यी रामकृष्ण दाइ बूढो नभै मर्ने भए' पनि भन्न भ्याए। स्टाइलिस गायक निमा रुम्बाले पनि मलाई 'दिन-प्रतिदिन जवान भैरहेको गायक' भनेका छन्।

### रमाइलो तथा नरमाइलो क्षण

पहिलो पटक ढकाल सुमधुर साँझमा २२ वटा गीत गाउन सफल भएको दिन मेरो जीवनकै सबैभन्दा रमाइलो तथा खुसीको क्षण थियो। त्यसपछि २०५० सालमा मेरो पहिलो गीतिसंग्रह 'आशीर्वाद' सार्वजनिक भएको दिन म असाध्यै खुसी भएको थिएँ। तेस्रो पटकचाहिं छोरी रानी जन्मिएको दिन मेरा लागि अविस्मरणीय थियो। संघर्षका दिन प्रायः दुःखद नै हुन्छन्। ती दिनहरूमा मलाई हतोत्साहित गर्नेहरू पनि धेरै थिए। त्योभन्दा पनि बढी दुःखी मलाई २०६५ सालको एउटा घटनाले बनाएको थियो। सांगीतिक क्षेत्रका सहकर्मीहरूको आग्रहमा म रोयल्टी पाउने आन्दोलनमा सहभागी भएको थिएँ, तर कतिपय विद्युतीय सञ्चारमाध्यमले त्यो रामकृष्ण ढकालको आन्दोलन हो भन्दै मैले गाएका गीतहरू नै ब्यान्ड गर्ने हल्ला चलाए। त्यो घटनाले मलाई असाध्यै दुःखी बनाएको थियो।

### विदेशमा सेटल नहुने

म सांगीतिक कार्यक्रमका क्रममा विदेश गैरहन्छु। अमेरिका, युरोपलगायत एसियाका धेरै देश घुमिसकेको छु, तर उतै सेटल हुने गरी सधैंका लागि विदेश बस्ने मेरो कुनै योजना छैन। विवाहअघि त म विदेशमा दुई हप्ताभन्दा बढी टिक्न सक्दिनथें, विवाहपछि त झन् बढी होम सिक हुन्छ। अहिले कतिपय स्थापित संगीतकर्मी विदेश गएर उतै बसेको सुनेको छु। उता गएर बस्नेहरूका बारेमा म केही टीका-टिप्पणी गर्न चाहन्नँ, तर के भन्ने चाहन्छु भने हामी नेपालमा बसेर संघर्ष गरिरहेकाहरूलाई विदेशमा गएर बस्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना गर्नु भएन। कलाकारलाई राष्ट्रका गहना भनिन्छ, तर यो कुरा भनाइमा मात्र सीमित छ। केही समयअघि हामीले कलाकार गोपाल भुटानीको दुःखद निधनको देख्यौं। भविष्यको चिन्ता जसलाई पनि हुन्छ। हामीलाई पनि भविष्यको चिन्ता हुन्छ। त्यसैले विदेश गएका कलाकारलाई गाली गर्नुभन्दा आगामी दिनमा विदेश गएर बस्नुपर्ने स्थिति आउन नदिन हामी सबै सचेत हुनुपर्छ।

### पार्श्वगायनमा कमी

कुनै बेला चलचित्रमा पार्श्वगायन गर्नुलाई गर्वका रूपमा लिइन्थ्यो। अहिले त्यस्तो अवस्था छैन। मैले पनि झन्डै सयवटा चलचित्रमा गीत गाइसकेको छु, तर म स्टेज तथा सुगम संगीतबाट माथि उठेको गायक भएकाले पार्श्वगायनमै सीमित हुन मन लागेन। पछिल्लो समयमा गायक तथा संगीतकारको संख्या पनि बढिरहेको छ, त्यो भएर पनि मलाई संगीतकारले पार्श्वगायनका लागि नसम्झिएका होलान्, तर वास्तविकता के हो भने मलाई पार्श्वगायनमा भन्दा सुगम संगीतमै आधारित गीत गाएर बस्न मनपर्छ।

### एकल साँझमा अब्बल

१३ वर्षको उमेरमै पहिलो एकल गायन कार्यक्रममा गीत गाउन सफल भएपछि मैले सांगीतिक जीवनमा धेरै पटक एकल गायन कार्यक्रममा सहभागी हुने अवसर पाएको छु। २०४५ सालको दोस्रो एकल गायनपछि २०५५ सालमा तेस्रो एकल गायन कार्यक्रममा सहभागी भएँ। २०६३ सालमा 'आगमन साँझ' शीर्षक राखेर काठमाडौंमै चौथो एकल गायन कार्यक्रम गरियो। उक्त कार्यक्रमबाट हामीले २८ लाख रुपैयाँ संकलन गरेर क्यान्सर अस्पताललाई हस्तान्तरण गरेका थियौं। काठमाडौंबाहिर तथा नेपालबाहिर पनि मैले दर्जनौं पटक एकल गायन कार्यक्रम प्रस्तुत गरिसकेको छु। यसबीच आगामी पुसको तेस्रो साता कान्तिपुर टेलिभिजनले पनि मेरो नयाँ एकल गायन कार्यक्रम आयोजना गर्दैछ भने आगामी वैशाख महिनामा पनि म आफ्नै पहलमा ढकाल सुमधुर साँझ २०६८ आयोजना गर्दैछु। यसबाहेक 'शैली' को प्रचार-प्रसारका लागि युरोप तथा अमेरिकाको सांगीतिक भ्रमण पनि गर्दैछु।

### राजधानीमा दुई घर

श्रोताको मायाकै कारण मैले केही वर्षअघि काठमाडौंको हात्तीगौंडामा घर किनें। दुई वर्षभन्दा बढी उक्त घरमा हामी बस्यौं। कार्यक्रमका क्रममा काठमाडौं बाहिर गैरहनुपर्ने भएकाले श्रीमती तथा छोरीलाई मात्र त्यो घरमा एक्लै छाडेर हिंड्न गाह्रो भयो। त्यसैले गत वर्ष भैंसेपाटीमा ससुरालीको छेउमा अर्को घर किनेको छु। अहिले हामी त्यहीँ बस्छौं। ती दुवै घर बैंकबाट ऋण लिएर किनेको हो। अहिलेचाहिं हात्तीगौंडाको घर बिक्री गर्ने तयारीमा छु। बैंकको किस्ता तिर्दा-तिर्दा गाह्रो हुन थालेको छ।

### रानी म्युजिक स्थापना

मेरो नयाँ संग्रह 'शैली' लाई रानी म्युजिकले बजारमा ल्याउँदैछ। रेडियो कान्तिपुर, कान्तिपुर टेलिभिजन तथा *साप्ताहिक*को प्रत्यक्ष सहभागिता रहेको यो संग्रहलाई बजारमा ल्याउन यसपटक मैले आफ्नै कम्पनी स्थापना गरेको छु। छोरीको नामबाट खोलिएको यो कम्पनीको स्थापना दुई वर्षअघि नै गरेको थिएँ, तर अहिले आएर मात्र यसलाई सार्वजनिक गरेको हुँ। भविष्यमा यो कम्पनीले मेरै मात्र गीतिसंग्रह पनि बजारमा ल्याउन सक्छ, अन्य गायक-गायिकाका गीतिसंग्रह पनि ल्याउन सक्छ। भविष्यमा यही नामबाट संगीत विद्यालय पनि सञ्चालन गर्ने सोच छ। यसलाई ब्यानरका रूपमा विकास गरेर चलचित्र पनि निर्माण गर्न सकिन्छ।

## आ अक्षरको मोह

मेरो पहिलो गीतिसंग्रह 'आशीर्वाद' ले अपार सफलता पाएपछि मलाई श्रोता, प्रशंसक तथा शुभेच्छुकहरूले 'आ' अक्षरबाटै संग्रहको शीर्षक जुराउन सल्लाह दिनुभयो। त्यसैले मैले आशीर्वादपछि आशा, आलाप, आधार, आशिष, आरोह, आग्रह, आश्रय र आगमन गरी आठवटा एकल गीतिसंग्रह 'आ' बाटै जुराएँ। 'आ' अक्षरबाट शीर्षक जुराइएका प्रायः सबै गीतिसंग्रहले श्रोताको मन मात्र जितेनन्, राम्रो व्यावसायसमेत गरे। मैले 'आ' अक्षरबाट शीर्षक जुराएको पछिल्लो संग्रह 'आगमन' हो। त्यो २०६३ सालमा बजारमा आएको हो। त्यसपछिको संग्रहमा पपशैलीका गीत समावेश गरिएकाले मैले त्यसको शीर्षक 'मेरो साथी' राखें। उक्त संग्रह मेरी छोरी रानी ढकालप्रति समर्पित भएकाले पनि मैले 'आ' अक्षरको क्रमलाई भंग गर्नुपर्ने भयो। झन्डै पाँच वर्षको अन्तरालपछि मेरो नयाँ गीतिसंग्रह 'शैली' बजारमा आउँदैछ, जसमा श्रोताले मेरो वास्तविक शैली झल्काउने गीत-संगीत सुन्न पाउनुहुनेछ।

## ड्राइभिङ्का सौखिन गायक

मलाई सवारीसाधनको क्रेजी भन्दा फरक पर्दैन। संगीत मेरो पेसा हो भने ड्राइभिङ मेरो सौख हो। म लङ ड्राइभमा जान मन पराउँछु। मैले पहिलो पटक २०५३ सालमा १४ हजार हालेर एउटा स्कुटर किनेको थिएँ। त्यही स्कुटरमा चढेर म पियानोको क्लास लिन जान्थें। केही वर्षपछि स्कुटर बेचेर ७३ हजार रुपैयाँमा बजाजको फोर एस च्याम्पियन किनें। त्यो पनि केही वर्ष चढेपछि आरएक्स चढें। आरएक्स बाइक मैले चढेको अन्तिम बाइक थियो। त्यसपछि २०५८ सालमा मैले पहिलो पटक कार किनें। पहिलो कार मारुती अल्टो थियो। अल्टोमा साढे एक वर्ष सवार भएपछि मैले कियाको स्पोर्टेज किनें। त्यो कार मैले साढे तीन वर्ष चढें। त्यसपछि निशानको सुपर सलोन, हुन्डाइको गेट्ज हुँदै अहिले कियाकै सेरोटो कार चढिरहेको छु। यो चढ्न थालेको पनि एक वर्षभन्दा बढी भैसक्यो। अहिलेचाहिं मेरो आँखा किया स्पोर्टेजको नयाँ मोडलमा छ। केही महिनापछि अहिले चढिरहेको कार बेचेर त्यो किन्ने योजना छ।

## शैलीका बारेमा

'पहाडको छुकछुके रेल...' मेरो नयाँ गीतिसंग्रह 'शैली' को पहिलो गीत हो। यो गीत तथा म्युजिक भिडियो सार्वजनिक भएको एक-दुई महिनामै श्रोताले मन पराएको पाएको छु। श्रोताबाट सकारात्मक प्रतिक्रिया पाउन थालेकाले म उत्साहितसमेत भएको छु। पहाडको छुकछुके रेल...जुन शैलीमा छ, यो संग्रहका अन्य गीतहरू पनि प्रायः यस्तै छन्। पुराना संगीतकार नातिकाजीदेखि नयाँ संगीतकार शिखर सन्तोषसम्मका संगीत 'शैली' मा समेटिएका छन्। मेरा पुराना गीतहरू ओराली लागेको हरिणको चाल भो, हीरा काट्ने हीरैमा राखेर, चरीले त छाडेर...शैलीका गीतहरू 'शैली' मा समावेश छन्। संग्रहमा नयाँ गीतकार किरण केसी क्रोधीदेखि पुराना गीतकार कालीप्रसाद रिजालसम्मका गीत समावेश छन्। संग्रहको एउटा युगल गीतमा गायिका मल्लिका कार्कीले मलाई साथ दिएकी छिन्।



## मिस्टर हङकङमा
# बिरालो चाल

**निर्मल श्रेष्ठ**

हङकङ- मिस्टर हङकङ नेपालमा नेपाली र अंग्रेजी धुनसँगै चलमलाएका पुरुषहरूका सुगठित शरीरले मात्र होइन, सुन्दरीहरूको क्याटवाकले पनि दर्शकहरूलाई उत्तिकै मनोरञ्जन प्रदान गरे। गत आइतबार साँझ युङ लङ थिएटर हलमा शारीरिक सुगठन प्रतियोगिता मात्र भैरहेको थिएन। स्टेजमा लगातारजसो बजिरहेका मोडलहरूका पाइलाले सुन्दरी प्रतियोगिताकै झझल्को दिइरहेको थियो। बडी बिल्डिङको पहिलो चरण सकिनासाथ उद्घोषक देवराज राईले मोडलहरूलाई पहिरन प्रदर्शनका लागि निम्त्याए। स्टेजका दायाँबायाँबाट सुन्दरीहरू धारिलो कम्मर लच्काउँदै स्टेजमा चलमलाउन थाले। आकर्षक पहिरनमा सजिएका युवतीका बिरालो चाल देख्दा युवाहरूको मन कसरी थामिन सक्थ्यो ? ताली र सिठीले केहीबेर हलै गुन्जियो। विभिन्न रंगका सारीमा सजिएका मोडलहरूको हावभावसमेत कम आकर्षक थिएनन्। सबैको पर्खाइमा रहेकी मोडल बोना राई भने अलि पछि मञ्चमा देखा परिन्। स्टेजको दाहिने कुनाबाट कालो बुट्टे सारीमा सजिएर कम्मर मर्काउँदै स्टेजको अघिल्तिर आइपुग्दासम्म उनको अनुहारमा दर्जनौंपटक क्यामेराका फ्ल्यासलाइट बले। तस्बिर लिन तूछाडमछाड गर्नेमा स्थानीय पत्रकारहरू मात्र होइनन् दर्शकहरूसमेत बाक्लै थिए। त्यसो त उक्त साँझको फेसन शोमा बोना एक्ली मोडल थिइनन्। प्रतिष्ठित फाल्कोनर ब्रान्डका हीराका गहनाका लागि मोडलिङ गरेर हङकङमा व्यवसायिक मोडलिङको बाटो खोलेकी राई नै फेसन शोकी मुख्य आकर्षण बनिन्। उक्त अवसरमा स्पाइस वस्त्रको संयोजनमा सम्पन्न फेसन शोका विभिन्न चरणमा सारी, लेहंगा तथा पार्टी पहिरन प्रस्तुत गरिएका थिए।

मिस पर्ल हङकङकी सेकेण्ड रनर्स अप ज्योति गुरुङ पनि उक्त साँझमा सहभागी थिइन्। ज्योतिले प्रस्तुत गरेको बेली डान्स कार्यक्रमको आकर्षण बन्यो। बिरालो चालमा पोख्त ज्योतिले उक्त साँझ नृत्य प्रस्तुत गरेर अर्को विधामा समेत आफ्नो परिचय बनाइन्। केही महिनाअघि बगैंचा डट कमद्वारा आयोजित फेसन शो एन्ड गेल्म नाइटमा उनले बेस्ट मोडलको उपाधि जितेकी थिइन्। त्यसो त फेसन शो र नृत्यबाहेक गायन प्रतियोगिताको अर्को आकर्षण रह्यो। हालैमात्र रेडियो कान्तिपुरद्वारा आयोजित सांगीतिक अवार्डमा 'उत्कृष्ट पुरुष लोकगायक' को बाजी मारेका रामजी खाँडको लोकगायनमा हङकङेलीहरू उत्तिकै रमाए। खाँडसँगै नेपालबाट हङकङ पुगेकी लोकदोहोरी गायिका पार्वती गुरुङले समेत मनग्य ताली बटुलिन्।







# पशुतस्करको नजरमा नेपालका कुकुरका छाउरा

**साप्ताहिक समाचार**

काठमाडौं- पशुअधिकारवादीहरू विहारको सोनपुरमा वार्षिक रूपमा लाग्ने विश्वकै ठूलो पशु मेलामा नेपालबाट तस्करी गरेर लान लागिएका कुकुरका छाउरा रोक्न सफल भएका छन्। पशु अधिकारसम्बन्धी काम गर्ने एनिमल नेपाल तथा रुट्स एन्ड सुट्सका स्वयंसेवकहरूले ४२ वटा कुकुरका छाउराको उद्धार गरे पनि पशु तस्करहरूले यो वर्षको मेलामा १ हजारभन्दा बढी छाउरा बेचेको अनुमान गरिएको छ। हिमाली भेगमा पाइने भोटे कुकुरको छाउरा भन्दै सोनपुरमा लाग्ने मेलामा पशु तस्करहरूले वार्षिक रूपमा चर्को मूल्यमा छाउरा बेच्दै आएको रुट्स एन्ड सुट्स नेपालका प्रतिनिधि मनोज गौतम बताउँछन्। गौतमका अनुसार पशु तस्करहरूले काठमाडौं, ललितपुर, भक्तपुरलगायत नेपालका विभिन्न ग्रामीण भेगमा गएर भुस्याहा कुकुरका छाउरा संकलन गर्छन्। उनीहरूले भारतवाट ल्याएका सुगा, मैना आदि चरा दिएर कुकुरको छाउरा साट्छन् भने छाउराहरू बेचेर उतैबाट सुगा/मैना किनेर नेपाल ल्याउँछन्। उनीहरूको यो व्यापार निर्वाध रूपमा चलिरहेको छ।

नेपालमा चराको फिरन्ते व्यापार गर्दै आएका भारतीय व्यापारीहरूले भंसारका कर्मचारी तथा प्रहरीहरूलाई घूस दिएकै भरमा व्यापार गरिरहेको आरोप छ। नेपालबाट कुनै पनि जनावर बाहिर लाँदा र भित्र्याउदा क्वारेन्टाइन परिक्षण गर्नुपर्ने कानुन भए पनि उनीहरूले चोरबाटो हुँदै पशुको व्यापार गरिरहेको गौतम बताउँछन्। कुकुरको तस्करी भएको वर्षौं भए पनि यी दुई संस्थाले पहिलो पटक छाउरा तस्करी रोक्ने अभियान प्रारम्भ गरेका हुन्। तस्करहरूले संकलन गरेका छाउरालाई सिराहा हुँदै भारतको विहार पुऱ्याइन्छ।



तस्करीमा संलग्न रहेका भारतका व्यापारीहरूलाई प्रहरीसमक्ष बुझाइए पनि उनीहरू यो विषयमा जानकारी नभएको र आइन्दा यस्तो कारोबार नगर्ने शर्तमा छुटेका छन्। पशु अधिकारवादीहरूले सरकारले यो बिषयमा सक्रियता नदेखाएका कारण पशुहरूले त पीडा भोगिरहेका छन् नै साथै घर पालुवा जनावरहरू मानिसको प्रत्यक्ष सम्पर्कमा आउने हुनाले विभिन्न रोग समेत सरिरहेका छन् भनेका छन्।

भारतका कुकुर तस्करहरूले चरा थुन्ने पिंजडामा छाउराहरूलाई कोचेर बसको छतमा राखेर लाँदा कतिपय छाउरा थिचिएर, कतिपय चिसोले र कतिपय खान नपाएर मर्ने गरेका छन्। उद्धार गरिएका छाउराहरू तीन साताका समेत थिए। पशु अधिकारवादी संस्थामा स्वयंसेवकहरूको अभाव तथा सरकार र प्रहरीहरूको उदासीनताका कारण तस्करहरूले यसपटक मात्र १ हजार देखि १ हजार ५ सय छाउरा तस्करी गर्न सफल भएको अनुमान छ। पक्राउ परेका छाउरालाई अहिले चोभार स्थित पशु आश्रममा राखिएको छ। एनिमल नेपालले घाइते भएका, बेवारिसे अवस्थामा छोडेका कुकुरहरूको उपचारका लागि खोलिएको उक्त आश्रममा अहिले पक्राउ परेका छाउराहरूलाई राख्दा स्थान अभाव भैरहेको छ। गौतम भन्छन्- 'हामी विदेशी कुकुर पाल्न मात्र लालायित छौं। यदि हामीले नेपाली कुकुरका छाउरा पाल्ने भए अहिले उद्धार गरिएका ती छाउराको रक्षा हुने थियो।





# हेमन्त र आकांक्षाले तताए रमाइलो साँझ

बुटवल- पुसको आगमनसँगै बाहिर मौसम चिसिँदै थियो, तर कान्ति सभागृह भने राष्ट्रियदेखि स्थानीय कलाकारहरू आफ्नो प्रस्तुतिमार्फत जाडो मौसमलाई तताउँदै थिए। आमा आश्रम गृह निर्माणका लागि सहयोग जुटाउने उद्देश्यले बुटवल महिला जेसिजले सोमबार साँझ आयोजना गरेको रमाइलो साँझमा राष्ट्रिय तथा स्थानीय कलाकारले गीत, नृत्य र हास्यव्यङ्ग्यमार्फत सहभागीलाई पर्याप्त मनोरञ्जन प्रदान गरे। खचाखच भरिएको हलमा आधुनिक गायक हेमन्त शर्माले आफ्नो नयाँ एल्बमका 'तिमी अर्कै घरको म अर्कै घरको', 'तिनाउको माया' तथा अन्य पुराना तीनवटा गीतमार्फत बुटवलका दर्शकको मन जिते। हास्यकलाकार मनोज गजुरेलले देशको समसामयिक राजनैतिक अवस्थाप्रति चोटिलो व्यङ्ग्य गरेर दर्शकलाई हँसाए भने भ्वाइस अफ टिन आकांक्षा बस्यालले 'मलाई नेपाली माया चाहिन्छ' र 'यति धेरै मान्छेको भीडमा' गाएर सहभागीहरूलाई नचाइन्। कार्यक्रममा गायक वीरेन्द्र अग्रहरीले 'जुनीजुनी साथ दिन्छु', 'सरर सरर चंगा', सौगात सायरले 'नजलाऊ व्यर्थै छाती', प्रदर्शनी आइडल एन्जिला रेग्मीले 'लुकिछिपी', 'हिउँचुलीको मान्छे' तथा पार्श्व गायिका सरिता पन्थीले 'पछ्यौरी' गीत गाए। गोपाल अधिकारीको चुट्किला, सायरी तथा मुक्तकसहितको उद्घोषणले रोचकता थपेको कार्यक्रममा युनिभर्सल डान्स ग्रुप, काठमाडौंका कलाकार तथा तेस्रोलिंगी विनिता शाहीले नेपाली, हिन्दी र अंग्रेजी पप, हिपहप तथा रिमिक्समा गरेको नृत्यले हललाई थप तताएको थियो।

**टोपराज शर्मा**



# पर्यटन महोत्सवमा कलाकारको लर्को

बुटवल- भैरहवामा सञ्चालित चौथो लुम्बिनी पर्यटन महोत्सव, कृषि तथा राष्ट्रिय औद्योगिक व्यापार मेलाको मुख्य आकर्षण सांस्कृतिक कार्यक्रम बन्यो। स्थानीय सिद्धार्थ रंगशालामा मंसिर २३ गते प्रारम्भ भएको महोत्सवको प्रारम्भदेखि नै राष्ट्रिय स्तरमा नाम चलेका लोकदोहोरी, आधुनिक तथा पपदेखि हिन्दी, अवधी र भोजपुरी भाषाका डेढ दर्जनभन्दा बढी कलाकारले दर्शकलाई पर्याप्त मनोरन्जन प्रदान गरे। महोत्सवमै आयोजित राष्ट्रिय स्तरको दोहोरी गीत प्रतियोगिताले पनि दोहोरीका पारखीहरूलाई छमछमी नचायो। लोकदोहोरीका चर्चित हस्ती कोमल वली र मिलन लामाले पहिलो दिनदेखि नै दर्शकलाई तताउन थालेको महोत्सवमा तिलकबम मल्ल, रेश्मा सुनुवार, रोज मोक्तान, इन्दिरा जोशी, प्रमोद उपाध्याय, हेमन्त शर्मा, नरहरि प्रेमी, नवीन पौडेल, विनय आदर्श आदि कलाकारले पालैपालो आफ्नो प्रस्तुतिमार्फत दर्शकलाई बाँधेर राख्न सफलता प्राप्त गरे। स्थानीय गायन प्रतिभाबीच गराइएको भ्वाइस अफ भैरहवा, विद्यालयस्तरीय लोकनृत्य तथा विभिन्न जनजातिको परम्परागत नृत्यले पनि दर्शकको मन जित्यो। स्वदेशी तथा विदेशी औद्योगिक उत्पादन, कृषि, हस्तकला, गार्मेन्ट, सूचना-प्रविधि आदिका २ सय ८५ स्टल समाविष्ट महोत्सवमा बुद्ध जन्मस्थल लुम्बिनी र मायादेवी मन्दिरका गतिविधि प्रत्यक्ष रूपमा मेलास्थलमा देखाउने व्यवस्था गरी आइटी पार्क निर्माण गरिएको थियो। १० करोड रुपैयाँबराबरको कारोबार एवं ३ लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने लक्ष्य राखेर सिद्धार्थनगर उद्योग वाणिज्य संघले आयोजना गरेको महोत्सव भोलि शनिबार समापन हुँदैछ।

# इलाममा बाल प्रतिभा छनौट हुने



इलाम- गत मंगलबार इलामको जिविस हलमा १३ वर्षमुनिका बालबालिकाहरूको खचाखच उपस्थिति थियो। ग्लामरस नेपाल डटकमको आयोजनामा बालबालिकाहरूको क्षमता विकासका लागि आयोजना गर्न लागिएको प्रतिस्पर्धाका सिलसिलामा गरिएको उक्त अडिसनमा इलाम जिल्लाका विभिन्न विद्यालयका विद्यार्थीहरूको उपस्थिति थियो।

उक्त प्रतियोगिताका लागि पुस महिनाको पहिलो सातादेखि २५ दिन सम्म ग्रुमिङ क्लास गराइनेछ। त्यस क्रममा प्रतिस्पर्धीहरूलाई सामाजिक रहनसहन, नैतिक जिम्मेवारी, व्यक्तित्व-विकास, बौद्धिकता विकास तथा सौन्दर्यको विकास गराइने प्रतियोगिताका प्रबन्ध निर्देशक आसिम जोयल श्रेष्ठले जानकारी दिए।

उक्त प्रतियोगिताको कोरियोग्राफी लक्ष्मण जोयल श्रेष्ठले गर्नेछन्। इलाम जिल्लामै बालबालिकाहरू सम्बन्धित यो पहिलो प्रतियोगिता हो। ग्लामरस नेपाल डटकमले लिटल प्रिन्स एन्ड प्रिन्सेस-२०१० बिर्तामोडमा तथा लिटल किङ एन्ड क्विन-२०१० दमकमा सु-सम्पन्न गरिसकेको छ।

# पश्चिम नेपालमा महोत्सवको मौसम

**साप्ताहिक समाचार**

काठमाडौं– हिउँद लागेपछि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मुख्य सहर तथा ग्रामीण बस्तीहरूमा महोत्सवको लहर नै चल्छ। यतिबेला पश्चिम नेपालका सहरहरू महोत्सवको रंगमा रंगिएका छन्। महोत्सवको रौनक बढ्दै जाँदा राजधानी केन्द्रित कलाकारहरूको दौडाहा पनि बढ्दो छ। लोकप्रिय गायक-गायिका मात्र होइन हास्य कलाकार तथा व्यंग्यकारहरूसमेत अचेल महोत्सवमा सहभागि भैरहेका छन्।



गत साता सम्पन्न सुर्खेत महोत्सवमा गायिका अञ्जना गुरुङ, गायक अर्जुन सुनाम, कन्हैया सिंह आदिले गीत-संगीत प्रस्तुत गरे। एक सातासम्म चलेको महोत्सवमा ती गायक-गायिकाहरूका अतिरिक्त संगीतकार बीबी अनुरागी, निर्देशक डाक्टर सिंह गुरुङ सम्मानितसमेत भए। हजारौं दर्शक सहभागिता रहेको धनगढी महोत्सवले पनि कलाकारलाई व्यस्त बनायो। हास्य कलाकार जितु नेपाल, रवि डंगोल बेइमान, साविना केसी, पूर्ण थापा आदिले पालैपालो उक्त महोत्सवमा दर्शकहरूलाई हँसाए। गायिका अञ्जना गुरुङको 'म त काली सुन्दरी' गीतले धेरैपटक वान्स मोर पायो। हास्य कलाकारद्वय सुरेन्द्र केसी, शिवशंकर रिजालको हास्य महोत्सवले पनि धनगढी महोत्सवको रौनक बढायो।

गत शुक्रबारदेखि भैरहवामा प्रारम्भ भएको लुम्बिनी महोत्सवमा पनि कलाकारहरू सहभागी भैरहेका छन्। गायक हेमन्त शर्माले आज शुक्रबार तथा भोलि शनिबार भैरहवावासीलाई आफ्ना लोकप्रिय गीत सुनाउँदैछन्। त्यसअघि गायक शर्मा परासी महोत्सवमा सहभागी भएका थिए। गत साता पनि व्यंग्यकार मनोज गजुरेल तथा गायक शर्मा बुटवलको एउटा सांस्कृतिक कार्यक्रम सहभागी थिए। गायिका रूपा विष्ट पनि लुम्बिनी महोत्सवमा सहभागी हुनेछिन्। सल्यानमा सम्पन्न महोत्सवमा गायिका कोमल ओली, गायक चेतन राई आदिले लोकप्रिय गीत प्रस्तुत गरे। आगामी पुस १२ गतेदेखि बुटवलमा हुने बुटवल महोत्सवमा पनि नाम चलेका कलाकारहरू सहभागी हुँदैछन्।

# कार्यविनायकमा मिस नेवा:



**साप्ताहिक समाचार**

काठमाडौं– वनभोजको मौसम भएकाले ललितपुरको खोकनास्थित कार्यविनायक मन्दिर परिसरमा शनिबारको वातावरण रमणीय हुन्छ। मन्दिरनजिकको वनमा वनभोज खान भेला भएकाहरू बिहानदेखि बेलुकासम्म नै नाचगान तथा खानपिनमा मस्त देखिन्छन्। गत शनिबार बिहान मिस नेवा: २०१० का सुन्दरी प्रतियोगीहरू पनि कार्यविनायक पुगेका थिए। आफ्ना अभिभावकहरूसँग पुगेका नेवार सुन्दरीहरूको वनभोजको विशेषता नै बेग्लै थियो। आयोजक नेप्लिज फेसन होमले प्रतियोगी सुन्दरीहरूलाई नै नेवारी परिकार बनाउने जिम्मा दिएको थियो। टिनएजरहरूले बनाएका नेवारी परिकार चाख्न एक दर्जन सञ्चारकर्मी पनि कार्यविनायक पुगेका थिए। घरको भान्सामा खाना खान मात्र प्रवेश गर्ने आफ्ना छोरीहरूले बनाएका स्वादिष्ठ नेवारी परिकारको स्वाद चाख्ने आमा-बुवाहरू उनीहरूको पाककलादेखि दंग देखिन्थे।

वनभोजमा सहभागी नेवार सुन्दरीमध्ये अधिकांशले पहिलो पटक नेवारी परिकार बनाएको बताए। निकै कम प्रतियोगीले मात्र यसअघि पनि नेवारी खाना बनाएका थिए। यसअघि उनीहरूलाई आयोजक संस्थाले पनि व्यक्तित्व-विकास तथा क्याटवाक प्रशिक्षणका क्रममा नेवारी परिकार बनाउन सिकाएको थियो। प्रतियोगीले समयबजीलगायतका नेवारी परिकार बनाएका थिए। नेवार भएपछि नेवारी खाना बनाउन जान्नुपर्छ भनेर नै हामीले उनीहरूलाई प्रशिक्षण दिएका थियौं, आयोजक संस्थाकी प्रमुख हेमा मानन्धर भन्दै थिइन्– 'सोचेभन्दा स्वादिलो परिकार खान पाइएकोमा खुसी लागेको छ।' विभिन्न समूहमा रहेर नेवारी खाना बनाएका प्रतियोगीमध्ये उत्कृष्ट परिकार बनाउने प्रतियोगीलाई पुरस्कृतसमेत गरिनेछ। यसपटकको मिस नेवा: प्रतियोगितामा ३६ युवतीले भाग लिएका छन्। आगामी पुस १५ गते राजधानीको प्रज्ञाभवनमा मिस नेवा:को निर्णायक प्रतियोगिता सम्पन्न हुनेछ।

# मिस्टर एन्ड मिस थारू

पर्यटन वर्ष-२०११ को अवसरमा थारु जातिको संस्कृति, वेशभूषा, परम्परा एवं जातीय पहिचानको संरक्षण तथा संवर्द्धनका लागि नारायणी क्रियसनको सहकार्यमा थारु नेपाल डटकमले मिस्टर एन्ड मिस थारु-२०१० को आयोजना गर्ने भएको छ। नेपालमै पहिलो पटक हुन लागेको यो प्रतियोगितामा नेपालका २४ जिल्लामा बसोबास भएका थारुहरू सहभागी हुनेछन्। कार्यक्रमको पहिलो चरणअन्तर्गत चितवन, नवलपरासी र वीरगन्जमा गरी तीन ठाउँमा अडिसन सम्पन्न भैसकेको छ, जसमा १ सय २० जनाको सहभागिता थियो। नेपालभरिका सहभागीहरूलाई समेट्न यसको अन्तिम अडिसन गत मंसिर २५ गते शनिबार काठमाडौंमा सम्पन्न गरियो। प्रतियोगितामा सहभागिताका लागि १६ देखि २८ वर्ष उमेर समूहका पुरुषका लागि ५ दशमलव ५ इन्च तथा महिलाका लागि ५ दशमलव २ इन्च उचाइ तोकिएको थियो। यो कार्यक्रममा सहभागिहरूलाई उनिहरूको व्यक्तित्वका साथै संस्कृतिप्रतिको झुकावका आधारमा छानिने कार्यक्रमका संयोजक चन्द्रल चौधरी बताउँछन्।

मिस्टर एन्ड मिस थारुमा छानिन सफल प्रतिभालाई थारु नेपाल डटकममा पहिलो रोल मोडलका रूपमा राखिनेछ, साथै आउँदो वैशाखतिर निर्माण हुने भोजपुरी चलचित्रमा सहभागीहरूमध्ये कम्तीमा चार जनालाई अभिनयको अवसर प्रदान गरिनेछ। छानिएका प्रतिस्पर्धीहरूलाई व्यक्तित्व विकासका साथै र्‍याम्प वाक तथा नृत्य सिकाइने कार्यक्रमका निर्देशक सागर चौधरी बताउँछन्। कार्यक्रमको मुख्य आकर्षण थारु सांस्कृतिक नृत्य, लाठी नाच, झाम्टा नृत्यका साथै स्टेज डान्स हुनेछ भने मिस्टर एन्ड मिस थारुको निर्णायक कार्यक्रम चितवनमा सम्पन्न गरिनेछ।



# सविनले नचाए

धरान– 'कालो कालो रातको' गीतसागै स्टेजमा उदाए चर्चित गायक सविन राई। दसौं अन्नपूर्ण साँझमा राई बेजोड सांगीतिक धमाका लिएर उपस्थित भएका थिए। राईको प्रस्तुतिका लागि कार्यक्रम जुराएको थियो अन्नपूर्ण युवा क्लब धरानले। अन्नपूर्ण साँझले एक दशक पार गरेको अवसरमा केक काट्दै राईले धरानेहरूलाई सांगीतिक स्वाद चखाएका थिए। 'तिम्रो नाम तिमी बिना' पुरानो चर्चित गीतसागै एवार्ड जित्न सफल नयाा एल्बम रंगमञ्चको रंगबाट 'तिम्रो लागि म', 'मलाई अँगालिदेऊ, 'दुई थूँगा सयपत्री' आदि गाएर राईले मंसिरको चिसोलाई तताउन करिब १ दर्जन पुराना तथा नयाँ गीत प्रस्तुत गरे।

'यो मन त मेरो नेपाली हो' भन्दै स्टेजमा उत्रिएका थिए। उदीयमान गायक विकास कार्की। उनले नेपाली हुनुको गर्व गर्दै गीतमार्फत पर्याप्त मनोरञ्जन प्रदान गरे। साथमा पस्किए मुक्ति एन्ड रिलाएबलको सांगीतिक कोसेली पनि। संगीतिक कोशेली मात्र नभएर आकर्षक नृत्य लिएर उदाए दर्शकसामु मुनलाइट डान्स सेन्टर र युनाइटेड मल्टी आर्ट्सका कलाकारहरू। विभिन्न नेपाली रिमिक्स गीत तथा हिन्दी गीतहरूमा आकर्षक नृत्य प्रस्तुत गर्दै कलाकारहरूले हजारौं दर्शकको मन जिते।

लागूऔषध दुर्व्यसनमा लाग्ने युवायुवतीहरूलाई संगीतको माध्यमद्वारा परिवर्तन गर्न कार्यक्रमको आयोजना गरिएको साँझ संयोजक उमेश राईले जानकारी दिए। 'हामी युवाको प्रयास कला, संगीत, सिर्जनाको सम्मान' भन्ने मूल नाराका सम्पन्न साँझ ७ बजे सुरु भएको थियो।

**भोजराज श्रेष्ठ**

# नाच्दै-गाउँदै हिंसाविरुद्ध



दाङ- गत बिहीबार घोराहीमा नाच्दै गाउँदै हिंसाविरुद्ध सचेतना फैलाइयो। नाचगान भनेपछि दर्शकहरूको घुइँचो लागिहाल्यो, अनि महिलाअधिकारकर्मीहरूले अवसर पाए– हिंसाविरुद्ध चेतना फैलाउने। कसैले रमाइलो भाकामा गीत सुनाए, कसैले आकर्षक नृत्य देखाएर दर्शकको मन जिते। गीत, भाषण, प्रहसन, नाटक सबै कुरामा रमाइलोका साथ महिला हिंसाविरुद्धका कानुनी कुरा, सामाजिक रूपान्तरण तथा पीडित महिलाले न्याय पाउन गर्न सक्ने प्रयासहरू समेटिएपछि मानिसहरूलाई कुरा बुझाउन निकै सजिलो भयो।

हिंसाविरुद्धका चेतनामूलक गीत, नृत्य तथा नाटकले दर्शकलाई दिनभर कार्यक्रममा बस्न बाध्य तुल्यायो। मर्मस्पर्शी नाटकले सबैको ध्यान खिच्यो। छोरी नपाएकोमा अर्की विवाह गर्न थालेको, दाइजो नल्याएकोमा कुटपिट भएको र फितलो कानुनले गर्दा पीडकहरूको मनोबल बढ्दै गएको कुरालाई कलाकारले जीवन्त रूपमा प्रस्तुत गरेपछि दर्शकहरू भावुक भए। सुशीला पौडेल, शुष्मा चौधरी, भरतमणि पौडेल आदि कलाकारले नाटककै बीचमा गीत पनि जोडेर हिंसाविरुद्ध एकजुट हुन सबैसँग आग्रह गरे। कार्यक्रममा काठमाडौंबाट आएका कृतिका अभियानका कलाकारले विभिन्न सचेतनामूलक प्रस्तुति दिएका थिए।

**दुर्गालाल केसी**



# कलेज एम्बेसडरको चयन भोलि

**साप्ताहिक समाचार**

कलेज अध्ययनरत छात्र-छात्रामा लक्षित कार्यक्रम कलेज एम्बेसडर-२०१० प्रतियोगिताको ग्रान्ड फिनाले भोलि शानिबार जमलस्थित राष्ट्रिय नाचघरमा हुँदैछ। ११ जना छात्र तथा १७ जना छात्रा गरी जम्मा २८ जना प्रतिस्पर्धीबीचको यो प्रतिस्पर्धाबाट समग्रमा एक जोडी कलेज एम्बेसडर विजेताका रूपमा चयन गरिने आयोजक संस्था ग्रीन आर्ट्स मिडियाले जनाएको छ।

चौथो संस्करणका रूपमा सञ्चालन हुन लागेको कलेज एम्बेसडर प्रतियोगिताका सहभागीले प्रतियोगिताको अन्तिम तयारी गरिसकेका छन्। यसबीच प्रतिस्पर्धीहरू डाइनिङ एटिकेट्स, योग आदि प्रशिक्षणसागै विभिन्न सामाजिक क्रियाकलापमा समेत सक्रिय रहे। भोलि सम्पन्न हुने अन्तिम प्रतिस्पर्धाबाट कलेज एम्बेसर विजेताबाहेक पर्सनालिटी, फोटोजेनिक, टयालेन्ट, डिसिप्लिन, पपुलर आदि विधाका विजेताहरू पनि घोषणा गरिदैछ।

## पर्यटकीय सम्भावना बोकेको महादेव थान

उदयपुर/हरेक धार्मिक स्थलले छुट्टाछुट्टै पर्यटकिय महत्त्व बोकेका हुन्छन् तर उदयपुरको जाल्पा चिलाउने, बेल्दोभान नजिकै महादेव भनेर चिनिने जंगल सहितको खोलामा विभिन्न पौराणिक महत्वका मूर्ति फेला परेपछि सबैले त्यसलाई दोस्रो हलेसीका रूपमा लिएका छन्। २०६७ साल वैशाखमा स्थानीय विष्णुबहादुर मगरसहित चार जनाको समूहले फेला पारेका मूर्तिहरूलाई लक्षित गरेर गत मंसिर २८ गते बालाचतुर्दशीको अवसरमा पहिलोपल्ट जुनतारा सामुदायिक संस्थाले एकदिने प्रचार-प्रसार मेला सम्पन्न गऱ्यो।

मेलामा विभिन्न स्वरूपमा पाँच ठाउँमा रहेका गुफाभित्र बसाहाथान, (महादेवथान), पार्वती थान, गणेश थान, ढुंगाको त्रिशूल, भाला, राक्षसको दारा, हात्तीको सुंढ, धर्मद्वार, पापद्वारका कृतिहरूसँगै महादेव खोलादेखि नजिकै बगेको झर्ना मुख्य आकर्षण थिए। मेलाका आयोजक जुनतारा समुदायिक संस्थाले यस धार्मिक स्थलको प्रचार-प्रसारका लागि आग्रह गरेका छन्।

**यमकुमार राई**

# दर्शकको अपार माया



धरान– यो मन त मेरो नेपाली हो....उदीयमान गायक मित्र राईको प्रस्तुतिसागै प्रारम्भ भएको तेस्रो लालीगुरास सांगीतिक साँझ दर्शकको अपार माया पाउँदै सम्पन्न भयो। शनिबार करिब ६ बजे सुरु भएको सांगीतिक कार्यक्रम करिब १२ बजेसम्म दर्शकको हुटिङका साथ चलेको थियो।

तीन वर्षदेखि लगातार स्थानीय कलाकारहरूलाई मञ्च दिने कार्य गर्दै आएको लालीगुराँस युवा क्लब, धरानले सांगीतिक साँझसागै विभिन्न विधाका ३ व्यक्तित्वलाई समेत सम्मान गरेको छ, जसमा मिस्टर हङकङ दीपक (रोशन) लिम्बू, समाजसेवी देवी राई र सञ्चारकर्मी तथा विजयपुर एफएमका संस्थापक सदस्य जसकुमार राई छन्।

सांगीतिक कार्यक्रममा स्थानिय गायक विज्रेस मास्केले सविन राईको चर्चित गीत 'कहाँदेखि कहाँसम्म' गाएर पूर्ण मनोरञ्जन प्रदान गरे। त्यस्तै गायक विकास राई र गायिका नोभा लिम्बूद्वयले 'सागरसरि चोखो माया तिमीलाई दिउाला' भन्दै दर्शकहरूलाई पनि चोखो माया दिन सफल भए।

'चञ्चले मनै भुल्यो' नृत्य प्रस्तुत गर्दै मंगलबारेकी कलाकार उभिइन् स्टेजमा। उनको प्रस्तुतिसागै अर्ज ग्रुपको बी-बोइङले सबैलाई रोमाञ्चित तुल्यायो। विनोद रसाइली नेपाली राजनीति र माग्ने बूढाको अभिनय लिएर बाउलाई 'किन्देऊ न भटभटे' भन्दै दर्शकहरूलाई हँसाउन सफल भए। ब्यान्डहरूको प्रत्यक्ष प्रस्तुतितर्फ जोडदार सांगीतिक धमाका लिएर उदाए तथा स्थानीय ब्यान्ड मंगलबारे, तपस्वी आदि। 'मोहनी लाग्ला है' मार्फत मोहनी लगाउन सफल देखिए स्थानीय गायक विजय बाम्बुले राई। अर्का गायक नवराज बस्नेतले 'तिम्रो त्यो हँसिलो मुहारको' गीतबाट वान्स मोर पाए।

सांगीतिक साँझको उत्तरार्द्धमा झुल्किए गरिमा डान्स सेन्टरका कलाकारहरू। हिन्दी तथा अंग्रेजी रिमिक्स वक्का वक्का..., रंगीला रे.., मुन्नी बदनाम हुइ.... तथा आएम डिस्को डान्सर... आदि नृत्यबाट दर्शकहरूको मन जित्न सफल भए गरिमाका कलाकारहरू।

# तेस्रोलिंगीहरूले देखाए प्रतिभा




बुटवल- 'हामी पनि तपाईंहरूजस्तै यही समाजका मानिस हौं, सृष्टिको हरेक सिर्जना फरक र मौलिक भएजस्तै हाम्रो पनि व्यवहार फरक हुन सक्छ, तर भावना मानवीय नै हुन्छ, हामीलाई पनि तपाईंहरूलाई जस्तै यौन तथा प्रजनन स्वास्थ्यका बारेमा जान्ने अधिकार छ, त्यसैले हामीलाई घृणा होइन, अरूलाई झैं माया र सद्भाव आवश्यक छ,' -हलभरि खचाखच दर्शकमाझ आत्मविश्वासका साथ उपरोक्त धारणा व्यक्त गर्ने अवान्तिका घर्तीमगर गडगडाहट तालीको समर्थनसँगै तेस्रोलिंगीको प्रतिभा प्रदर्शन प्रतियोगिताको विजेता घोषित भइन्।

यौन तथा प्रजनन स्वास्थ्य अधिकारका सम्बन्धमा युवावर्गमा चेतना फैलाउने उद्देश्यले नेपाल परिवार नियोजन संघ युवा समूह बुटवलले शनिबार यस क्षेत्रमै पहिलो पटक आयोजना गरेको तेस्रोलिंगीहरूको ट्यालेन्ट-शो प्रतियोगितामा १५ जना प्रतियोगीलाई पछि पार्दै बुटवलकी अवान्तिका प्रथम भएकी हुन्। प्लस टुसम्म पढेकी तेस्रोलिंगी अवान्तिका ब्लु डायमण्ड सोसाइटीमा कार्यरत छिन्।

बुटवल र भैरहवाका १५ जना तेस्रोलिंगीबीच गराइएको प्रतिस्पर्धामा भैरहवाका सुमन चेपाङ फस्ट रनर्सअप तथा बुटवलकी दिया सारु सेकेण्डरनर्सअप घोषित भए। प्रतियोगितामा चार्मिङ स्टार भैरहवाकी किरण कुवर, बेस्ट फोटोजेनिक बुटवलकी सिमरन शर्मा र लाइफस्किलको उपाधि बुटवलकै रुमा आलेले हात पारे। विभिन्न चार चरणमा विभाजित प्रतियोगितामा सहभागीहरूले नेपाली राष्ट्रिय पोसाकसहित मगर, नेवार, थारु आदि जनजातिका संस्कृति झल्कने परम्परागत पहिरनमा क्याटवाक गरेका थिए। नील हीरा समाजको सहयोगमा सम्पन्न कार्यक्रममा तेस्रोलिंगी विनिता शाही, पुष्पा लामा, अन्जली लामा, विन्दिया एवं रिया गुरुङले नेपाली तथा हिन्दी रिमिक्स गीतमा बेजोड नृत्य गरेर पर्याप्त मनोरन्जन प्रदान गरे।

**टोपराज शर्मा**

# वान्स मोरको वर्षा



झापा– गत शुक्रबार भुटानी शरणार्थीहरू शिव परियारको गीतसँगै मग्न भए। झापाको बेलडांगी-३ शिविरमा आयोजित कार्यक्रममा परियारलाई वान्स मोरको वर्षा भयो। क्या दामी भो....बाट सुरु भएको शिवको गीत रंगमञ्चसम्म पुगेर टुंगिएको थियो। उनको गीतमा शरणार्थीहरूल उफ्री-उफ्री साथ दिएका थिए। अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा आयोजित उक्त कार्यक्रममा मानवअधिकारका विषयमा ६ वटा नाटक पनि प्रस्तुत गरिएको थियो। नाटक प्रतियोगितामा गोलधाप शिविर प्रथम, बेलडागीँ-३ द्वितीय तथा खुदुनावारी शिविर तृतीय भएका थिए।

**युवराज विवश**

# अन्तर्राष्ट्रिय हात्ती महोत्सवको रमझम



चितवन- विश्वमै चर्चित अर्न्तराष्ट्रिय हात्तीपोलो प्रतियोगिताको रमझम सकिन नपाउँदै चितवनको पर्यटकीय क्षेत्र सौराहा यतिबेला अन्तर्राष्ट्रिय हात्ती महोत्सवले तात्तिएको छ । पर्यटन वर्षको पूर्वसन्ध्यामा हुन लागेको अन्तर्राष्ट्रिय हात्ती दौडको चहलपहलसँगै पर्यटकीय क्षेत्र सौराहा अहिले दुलहीझैं सिंगारिएको छ । सौराहाको ठमेल क्षेत्र ध्वाजापताकाले सिंगारिएको छ भने वरिपरि सरसफाइ गरेर चिटक्क पारिएको छ ।

प्रतियोगिता एवं हात्ती महोत्सव यही आउँदो पुस ११ गतेदेखि सौराहाको बाघमारा मध्यवर्ती सामुदायिक वनको चौरमा हुनेछ । महोत्सवले गर्दा यहाँका पर्यटन व्यवसायीहरू अहिले बेफुर्सदिला भएका छन् । महोत्सवकै लागि भनेर उनीहरूले पर्यटकका लागि नयाँ प्याकेज कार्यक्रम समेत घोषणा गरेका छन् । अन्य दिनको तुलनामा महोत्सवलाई लक्षित गरेर आकर्षक दरमा कोठा तथा खानाको व्यवस्था गरिएको छ । लोप हुँदै गएको हात्तीको संरक्षण तथा महत्त्वका सम्बन्धमा जानकारी गराउनु यो दौडको उद्देश्य भए पनि यसले चितवनमा पर्यटक भित्र्याउन ठूलो मद्दत गर्दै आएको छ ।

अंग्रेजी नयाँ वर्ष तथा क्रिस्चियनहरूको महान् चाड क्रिसमसको अवसर पारेर व्यवसायीहरूले यो महोत्सवको आयोजना गर्दै आएका छन् । एक व्यवसायीका अनुसार यो प्रतियोगिता हुने सूचना पाएपछि यहाँ रहेका पर्यटकहरूले आफ्नो बसाइसमेत लम्ब्याएका छन् । दौडमा सहभागी हुने हात्तीलाई अहिलेदेखि नै अभ्यास गराइन थालेको छ । महोत्सवमै निकै रुचाइएका छावाबीचको फुटबल प्रतियोगिताले यस वर्ष पनि निरन्तरता पाउनेछ । फुटबलकै लागि भनेर एक महिना अघिदेखि नै छावालाई प्रशिक्षण दिन थालिएको छ । एक माहुतेका अनुसार छावाले अहिलेसम्म करिब आधा दर्जन फुटबल फुटाइसकेका छन् ।

प्रतियोगितामा सहभागिता जनाउन आन्तरिक तथा बाह्य गरी २० वटा समूहले भाग लिएको आयोजक क्षेत्रीय होटल संघ सौराहाले जानकारी दिएको छ । हात्ती दौडमा सहभागी हुने टिमहरूमा स्लोभाकिया, भारत, जर्मनी, हल्यान्ड, जापान तथा चीन छन् । यसैगरी स्वदेशका विभिन्न एयरलाइन्स, केबुलकार, माउन्ट एभरेस्ट ब्रुअरी सिजी फुड्स, होटल बाराही, मोरङ अटो वर्क्स आदि विभिन्न व्यापारिक प्रतिष्ठानले प्रतियोगितामा सहभागिता जनाउनेछन् । प्रत्येक वर्षझैं यसपटक पनि यो महोत्सव तीन दिनसम्म चल्नेछ । सधैंजसो पर्यटक बोकेर जंगल घुम्ने अजंगका हात्तीहरू यतिबेला विशेष स्याहार सुसारमा छन् ।

महोत्सव एवं मूल आयोजक कमिटीका सदस्य सचिव दामोदर रेग्मीले पर्यटन वर्षको पूर्वसन्ध्यामा हुन गैरहेको अन्तर्राष्ट्रिय हात्तीदौडले पर्यटकहरूलाई लोभ्याएको बताए । उनले यो प्रतियोगिता चितवनमा आयोजना भए पनि देशभरि नै पर्यटक भित्र्याउन यसले ठूलो भूमिका खेल्ने बताए । महोत्सवमा अन्तर्राष्ट्रिय हात्तीदौड प्रतियोगितासँगै टाँगा दौड, गाडा दौड, गाडा दौड, डुंगा दौड पनि समावेश गरिन्छ । महोत्सवका क्रममा प्रत्येक दिन राष्ट्रिय कलाकारबाट सांगीतिक कार्यक्रमसमेत प्रस्तुत हुनेछ ।

प्रतियोगिता तथा पर्यटन वर्षलाई लक्षित गरी सौराहामा आधा दर्जन नयाँ होटल सञ्चालनमा आएका छन् । विगतका वर्षमा प्रतियोगिता अवधिभर भित्रिएका आन्तरिक तथा बाह्य पर्यटकहरू यहाँ होटल नपाएपछि सदरमुकाम भरतपुर तथा नारायणगढ पुगेका थिए । हाल सौराहामा ७२ वटा राम्रा होटल सञ्चालनमा छन् ।

**प्रवीण दत्त**



# फागुन पहिलो साता पैंयु महोत्सव

पर्वत– पर्यटन वर्ष नजिकिँदै जाँदा पर्यटकलाई आकर्षित गर्न एवं पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेका गाउँठाउँको प्रचार प्रसार गर्ने उद्देश्यले जतातत्तै महोत्सवको आयोजना सुरु भएको छ । देशभरि महोत्सवको वातावरण छाएको छ ।

यसै क्रममा पर्वतको दोस्रो व्यापारिक क्षेत्रका रूपमा परिचित हुवास बजारमा पनि पहिलो पटक पैंयु महोत्सव हुने भएको छ । स्थानीय कला-संस्कृतिको प्रचार प्रसार गर्ने उद्देश्यका साथ फागुन १ देखि ७ गतेसम्म पैंयु महोत्सव हुन लागेको हो । 'रमणीय पैंयु हाम्रो आधार, ग्रामीण विकास, कृषि पर्यटन र व्यापार, हाम्रो पूर्वाधार' भन्ने नाराका साथ पैंयु क्षेत्र समितिले महोत्सवको आयोजना गर्न लागेको हो ।

पहिलो पटक महोत्सव आयोजना गर्न लागिएकाले राम्रो र व्यवस्थित गर्न अघिदेखि नै तयारी सुरु गरिएको महोत्सव आयोजक समितिका संयोजक तिलकप्रसाद श्रेष्ठले बताए । महोत्सवमा १ लाखभन्दा बढी दर्शकको उपस्थिति रहने तथा १ सयवटा स्टल राखिने संयोजक श्रेष्ठले जानकारी दिए ।

सदरमुकाम कुश्माबाट हुवास बजार १ सय ४६ किलोमिटर दक्षिणमा छ । महोत्सव आयोजना गर्न १२ लाख रुपैयाँ खर्च लाग्ने छ भने त्यहाँ स्थानीय स्तरका उद्यमीहरूद्वारा उत्पादित वस्तुहरू मात्र प्रर्दशनीमा राखिनेछ ।

साता दिनसम्म चल्ने महोत्सवमा विविध प्रतियोगिताको आयोजना गरिनुका साथै ख्यातिप्राप्त राष्ट्रिय आधुनिक, लोकदोहोरी गायक-गायिकाको सांगीतिक प्रस्तुति पनि समावेश हुनेछ । महोत्सवमा सदरमुकाम कुश्मा, स्याङ्जा, पाल्पा, बुटवल, पोखरा, गुल्मीदेखिका आगन्तुक आउने अपेक्षा गरिएको संयोजक श्रेष्ठले जानकारी दिए ।

**विमल खतिवडा**

# बृहत् विज्ञान प्रदर्शनी



बुटवल- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यसहित यहाँ सञ्चालित बृहत् विज्ञान प्रदर्शनी सम्पन्न भएको छ । बिहीबारदेखि शनिबारसम्म तीन दिन चलेको प्रदर्शनीमा रूपन्देही जिल्लाका २२ विद्यालयका विद्यार्थीले जीव, भौतिक तथा रसायन विज्ञानमा आधारित भएर आविष्कार तथा निर्माण गरेका विभिन्न उपकरण तथा यन्त्रका ७० वटा स्टल राखेका थिए ।

रूपन्देही स्टुडेन्ट काउन्सिलले सुख्खानगरस्थित अक्सफोर्ड बोर्डिङ स्कुल परिसरमा प्रतियोगितात्मक रूपमा आयोजना गरेको प्रदर्शनीमा विना इन्धनको हाइड्रोलिक लिफ्ट, बाइनेरी सिस्टमलाई डेसिमलमा बदल्ने र म्यासेज ट्रान्सफर गर्ने टेलिग्राफ मेसिन आदि यन्त्र बनाएको स्मृति बोर्डिङ स्कुल शंकरनगरले प्रथम हुँदै रनिङ शिल्ड हात पार्‍यो । अत्याधुनिक विकसित मेट्रो सिटीका रूपमा बुटवल सहरको नमुना, बायोग्यास प्लान्ट, वाटर लिमिट मेसिन आदि प्रदर्शन गरेको अक्सफोर्ड बोर्डिङ द्वितीय, मिनी नेचर हाइड्रोपावर, काइनेटिक इनर्जी प्रदर्शन गरेको डन चिल्ड्रेन स्कुल शंकरनगर तृतीय भयो भने मेडिसिन हर्ब कलेक्सन, जीप गाडीको मोडल, ट्याटु मेसिन प्रदर्शन गरेको दीप बोर्डिङ स्कुल सान्त्वना भयो ।

प्रदर्शनीमा इकोलोजिकल पिरामिड, रोबोट, ट्राफिक व्यवस्थापनका उपाय, हाइड्रोलिक डोजर, लोडर, रिमोट कन्ट्रोल, वातावरण प्रदूषण नियन्त्रक हरितगृह, केबलकार, मानव अस्थिपन्जर आदि पनि दर्शकको आकर्षण बनेका थिए । प्रदर्शनी १५ हजार दर्शकले अवलोकन गरेको काउन्सिलकी अध्यक्ष सृष्टि थापाले बताइन् ।

**टोपराज शर्मा**

इटहरी- पर्यटन वर्ष-२०११ को पूर्वसन्ध्यामा सुनसरीको इटहरीमा १३ जना पर्यटकलाई भव्य स्वागत गरिएको छ । इटहरीमा रहेको पर्यटन तथा वातावरण पत्रकार समूहले अमेरीका तथा बेलायतबाट नेपाल आइपुगेका १३ जना पर्यटकलाई शनिबार भव्य स्वागत गर्दै सम्मान गरेको हो ।

आएकी पर्यटक ट्रेसिले शान्तिको देश नेपाल घुम्नका लागि आफ्नो देशका नागरिकहरूलाई अनुरोध गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

पर्यटकको स्वागत तथा सम्मानका लागि आयोजित कार्यक्रमका सम्बन्धमा प्रतिक्रिया दिँदै एसओएस हर्मन माइनर स्कुलका रमेश ताम्राकारले पर्यटक



# पर्यटकलाई भव्य स्वागत

गरिबहरूका लागि आवास निर्माण कार्यक्रमअन्तर्गत भिलेज कार्यक्रमका लागि सुनसरी आइपुगेका ती पर्यटकलाई समूहले इटहरी नगरपालीकामा एक कार्यक्रम गरी स्वागत तथा सम्मान गरेको थियो । उक्त अवसरमा पर्यटकहरूलाई नेपाली टोपी लगाइदिनुका साथै फूलमाला र ढाकाबाट बनेको मोबाइल ब्याग उपहार प्रदान गरिएको थियो । नेपालमा आफूले पाएको सम्मान र स्वागतले आफूहरूलाई प्रभावित तुल्याएको कुरा बताउँदै अमेरिकाबाट भित्र्याउन नेपाल सरकार तथा स्थानीय निकायले कार्यक्रम ल्याउनुपर्ने कुरामा जोड दिएका थिए । कार्यक्रममा समूहका अध्यक्ष याम प्रधानले पर्यटन वर्ष- २०११ लाई सफल बनाउन पर्यटकलाई स्वागत एवं सम्मान गरिएको बताए । स्वागत कार्यक्रम लगत्तै उनीहरूलाई पर्यटकीय क्षेत्र कोसी टप्पुको अवलोकन गराइएको थियो । कोसीटप्पुमा विश्वकै दुर्लभ मानिएका चरा तथा अन्य जीव जन्तुहरू पाइन्छन् ।

**पवन अधिकारी**

# सप्तकको रजत श्रृंखलाको रमाइलो



इटहरी- संगीत साधना महाविद्यालयले समाजको सांगीतिक सचेतना र अन्तरघुलनका लागि थालेको संगीत अभियान सप्तकले रजत श्रृंखला मनाइरहँदा सुनसरीका उच्च अधिकारीहरू पनि संगीतको स्वाद चाख्न उपस्थित थिए । शनिबार दिउँसो दुई बजे साधनाका कलाकारले *रातो र चन्द्र सूर्य जंगी निशान हाम्रो* भन्ने गीत गाएर सुरु भएको कार्यक्रममा गंगा गुरुङले पवित्रा सुब्बाको *कहिले प्रीतको फुल बनेर*, पुन्य सग्रौंलाले अरुण थापाको भुलुभुलु लाग्यो मलाई, दुर्गा विष्टले योगेश वैद्यको सपना भुलाई सारा, उज्ज्वल काप्‍लेले नारायणगोपालको मलाइ नसोध कहा दुख्छ घाउ, सुजाता विष्टले डेजी बराइलीको मयालुले सम्झ्यो कि मलाइ, मोहन तिम्सिनाले आफ्नै रचनार संगीतमा गीत सुनाए । गीत-संगीत सुनाउने क्रम तीन घण्टा निरन्तर चल्यो ।

रजत श्रृंखलालाई संगीत साधना महाविद्यालयले विशेष श्रृंखला बनायो । विगतका श्रृखलामा एकै क्षेत्रमा काम गर्ने अगुवाहरू सहभागी गराइने कार्यक्रममा यो श्रृंखलामा सबै क्षेत्रका व्यक्तिहरू सहभागी भए । जमघट देखेर उत्साहीत प्रशिक्षक मणिराज गुरुङले सप्तक अभियानमा पहिलो पटक गीत गाए- गुलाम अलिको के छ र दिउ....., प्रशिक्षक रामकुमार राजधामीले पनि अवसरको सदुपयोग गरिहाले- फत्तेमानले गाएको यस्तो पनि हुँदो रै'छ जिन्दगीमा कहिले कहिले सुनाएर ।

कार्यक्रममा साधनाले संगीत अभियनमा सहयोग गर्ने सबैलाई प्रशंसा पत्रले कदर गर्‍यो । समाज परिवर्तनको अभियानमा संगीतमार्फत केही गर्न सकिन्छ भनेर प्रारम्भ गरिएको सप्तक श्रृंखलालाई इटहरीवासीले साथ दिए, यसलाई वर्षौं निरन्तरता दिने साधनाका राजु केसीले बताए ।

**शेखर ढकाल**

# आकर्षण नारी देहको



मित्रता र प्रेम सम्बन्ध युवापुस्ताका लागि जीवनशैलीको अभिन्न बन्न पुगेको छ। प्रेमीसितको डेटिङका लागि आफूलाई तयार गर्दा कुनै पनि युवती आफू कुनै पनि कोणबाट विश्व सुन्दरी वा स्वर्गकी अप्सराभन्दा कम नदेखिऊँ भन्ने कुरामा सचेत छन्। पहिलो डेटमा जाँदा कस्तो पहिरन लगाउने, कस्तो केश विन्यास वा मेकअप अँगाल्ने भन्ने अनेकौँ जानकारी दिने पुस्तक, लेखरचना तथा वेबसाइटहरू छन्, तर विज्ञानमा आधारित रिसर्चमा जुन जानकारी, तथ्य अगाडि आइएको छ त्यसका अनुसार लालीपाउडर, परफ्युम आदिमा समेटिएको सुन्दरताको साटो आफू जस्तो छ, जुन रूपमा छ, त्यही वास्तविकताका साथ आफ्नो प्रेमी सामु पुगे प्राकृतिक सुन्दरताको जादु प्रेमीमाथि चल्नेछ र त्यसको प्रभाव स्थायी हुन्छ।

**प्राकृतिक सुन्दरता**

भियनामा गरिएको एक अनुसन्धानअनुसार केही युवती कृत्रिम रुपबाट तयार उत्तेजित देह एवं मनमोहक हाउभाउको सहारामा आफ्ना प्रेमीलाई आफूतिर आकर्षित गर्न सक्षम हुन्छन्। आफ्नो मोहजाल बाँध्न सफल हुन्छन्, तर यो नक्कली सौन्दर्यको मायाजाल लामो समयसम्म कायम रहन सक्दैन। त्यसैले यस्ता युवतीको आकर्षण तिनको प्रेमीबाट केही समयपछि नै हटेर जान्छ। कारण युवकहरूलाई देखावटी बाहिरी रूप तथा बनावटी सौन्दर्यमा लामो समयसम्म बाँधेर राख्न सकिँदैन।

**बनावटी रूपमतीहरू**

अस्ट्रेलियाली मनोवैज्ञानिक-हरूले आफ्नो अनुसन्धानबाट सावित गरेका छन् कि युवकहरूलाई नक्कली उभार र कलर्ड केशले बढी समयसम्म आकर्षित गर्न सकिँदैन। वास्तवमा प्राकृतिक सुन्दरता चाहे काम चलाऊ नै किन नहोस् त्यसका अगाडि कृत्रिम सुन्दरता टिक्न सक्दैन। बनावटी सुन्दरताका धनी युवतीको मोहमा फसेका युवकहरूलाई त्यतिबेला होस आउँछ जतिबेला तिनले जुन युवतीलाई ताजा फूल मानेका थिए तर तिनीहरू कागजको फूल भएको सत्य अगाडि आउँछ। तिनमा न आफ्नो रंग हुन्छ न त आफ्नो सुगन्ध नै। युवकहरू यस्ता बनावटी सुन्दरता भएका युवतीसित लामो समयसम्म बाँधिन सक्दैनन्।

उक्त अनुसन्धानका आधारमा वैज्ञानिकहरू भन्छन्- युवक ब्रेस्ट इम्प्लान्टजस्ता प्रविधिबाट प्राप्त आकर्षण र सेक्सी देखिने उभारबाट केही समयसम्म त बाँधिन्छ तर दीर्घकालीन सम्बन्धका लागि युवकहरू ती युवतीलाई नै रोज्छन् जो प्राकृतिक रूपबाट सुन्दर अंगका स्वामिनी हुन्छन्। अस्ट्रेलियाली यौनगणनाबाट प्राप्त तथ्यांकअनुसार ५० प्रतिशत युवतीले यो कुरामा गहिरो अफसोच गरेको पाइयो कि सुन्दर र कामुक देखिन आफूले गरेको ब्रेस्ट इन्प्यान्टले लामो समयसम्म तिनका ब्वायफ्रेन्डलाई आफूसित बाँधेर राख्न सफल भएन। कारण तिनका ब्वायफ्रेन्डले ब्रेस्ट इन्प्लान्टलाई उनीहरूको व्यक्तित्वको सबैभन्दा ठूलो माइनस प्वाइन्ट भएको बताए।

**देह सुगन्ध**

फ्लोरिडा स्टेट युनिभर्सिटीका रिसर्चरहरूका अनुसार युवतीहरू आफ्नो प्रेमीलाई रिझाउन फेसनेबल वर्षमा एक अर्ब डलरसम्म परफ्युम र बडीलोसन खरिद गर्नमा खर्चन्छन्। संसारभरका युवतीहरूका अनुसार युवक महँगा परफ्युम र बडीलोसनको गन्धलाई अत्यन्तै रुचाउँछन्। अतः युवतीहरू फरफ्युम र बडी लोसन खरिद गर्दा कुनै कन्जुस्याइँ गर्दैनन्। यस्ता सरसामानलाई आफ्नो प्रेमी रिझाउने एक भरपर्दो माध्यम सम्झेर उनीहरू यी कुराको खरिदमा दिल खोलेर खर्च गर्छन्। यद्यपि वास्तविकता के हो भने नक्कली सुगन्धभन्दा बढी प्रभावकारी त उनीहरूको देहको सुगन्ध नै हुन्छ।

यो कुरालाई प्रमाणित गर्न शोधकर्ताहरूले केही युवकलाई बजारमा बहु प्रचलित परफ्युम छर्किएको केही लेडिज टिसर्ट सुँघ्न दिए। उक्त समूहका केही युवकले परफ्युम छर्किएको टिसर्ट सुँघ्न नै रुचाएनन किनभने तिनलाई त्यो गन्ध नै मन परेन। त्यही अनुसन्धानको अर्को चरणमा ती युवकलाई सुँघ्नका लागि त्यस्ता टिसर्ट दिइयो जसलाई आफ्नो मासिक चक्रका बेला कुनै युवतीले तीन रातसम्म लगातार प्रयोग गरेकी थिइन्। वैज्ञानिक सोल एल मिलर र जोन के मेनरले के पाए भने तीन रातसम्म कुनै युवतीले प्रयोग गरेको त्यो टिसर्ट सुँघेपछि ती युवक त्यो टिसर्टसँग आलिंगनबद्ध भए। ती टिसर्टलाई युवकले लगातार चुम्बन गरिरहे। युवक ती टिसर्टको सुगन्धमा मस्त हुँदै गएका थिए।

**नैसर्गिक गन्ध**

नारी देहको मस्त सुगन्ध युवकमाथि सवार भएको थियो। यसबाट स्पष्ट भयो कि रासायनिक सुगन्धबाट जहाँ ती युवक टाढिन खोज्दै थिए त्यही युवतीको नैसर्गिक सुगन्धले युक्त टिसर्टबाट युवकले आफूलाई अलग्याउन सकेनन्। यी अध्ययनको निष्कर्षमा के भन्ने सकिन्छ भने बनावटी र देखावटी सुन्दरतामाथि युवतीहरूले बढी ध्यान दिनु ठीक होइन। सौन्दर्यको खानी त आफ्नै व्यक्तित्वमा लुकेको हुन्छ।

**मनमोहक रचना**

साहित्यमा नारीलाई प्रकृतिको एक उत्कृष्ट र मनमोहक रचना मानिएको छ। प्रकृतिको यो सुन्दर र मनमोहक रचनासित कुनै किसिमको छेडखानी नगरी युवतीहरूले आफ्नो वास्तविक रूप र रंगका साथ, आफ्नो ब्वायफ्रेन्डका सामु आउनु ठीक हुन्छ किनभने वैज्ञानिक सत्य त्यही हो कि युवतीहरूको प्राकृतिक सुन्दरता र नारी देहको प्राकृतिक सुगन्धले नै युवकहरूलाई बढी आकर्षित गर्छ। यद्यपि युवतीका मनमा बिना मेकअप कसरी आफ्नो प्रेमीसामु जाने भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। बुझ्नु पर्ने कुरा के हो भने कुनै पनि युवकको मनमा स्थायी रूपमा स्थान बनाउन वास्तविक रुपरंग, सौम्य व्यवहार, शिष्ट आचरण, सालिनता जस्ता गुणहरूकै महत्त्वपूर्ण भूमिका रहन्छ, यसको विकल्प कुनै पनि अर्थमा देखावटी सौन्दर्य हुन सक्दैन।

**रोजिन शाक्य**




# जाडोको ग्लामरस फेसन



**शिव मुखिया**

ग्लामरस देखिने निहुँमा छोटा र पारदर्शी पहिरन रोज्छन् युवायुवती । त्यसैले नयाँ पुस्ता ग्लामरस देखिन गर्मीयामलाई नै उपयुक्त मान्छन् । यतिबेला भने जाडो सिजन सुरु भैसकेको छ । बाक्ला एवं शरीर ढाक्ने पहिरनमा कसरी ग्लामरस देखिने ? यस्तै ध्याउन्नमा भेटिन्छन् फेसनेबल युवाहरू । 'जाडोको पहिरनमा ग्लामरस नदेखिने होइन,' करिश्मा कार्की भन्छिन्- 'तर, मिलाएर लगाउन जान्नुपर्छ ।' पौडीकी राष्ट्रिय खेलाडी कार्की छोटा मात्र होइन, मौसमअनुसार आफूलाई सुहाउँदा पहिरन लगाउँदा ग्लामरस देखिने तर्क गर्छिन् ।

मौसम अनुकूल फेसनको आवश्यकताले जाडो र गर्मीबीचको भेद छुट्याउँछ । पारखीहरूका लागि यो एउटा राम्रो बहाना पनि हो, फेसनको ट्रेन्ड चेन्ज गर्ने । गर्मीको सिजनमा छोटा, पारदर्शी र हल्का पहिरनमा सजिनेहरू जाडोमा न्याना पहिरनको खोजीमा दगुर्न थाल्छन् । यता फेसनको ट्रेन्ड पच्छ्याउने कतिपय युवायुवतीको शैली भने भिन्नै छ । उनीहरू गर्मीमा पोसाक छोट्याउनेमा जति उदार देखिन्छन्, जाडोमा पनि त्यसलाई कायम राख्न खोज्छन् । उनीहरू त्यस्तो अमिल्दो पहिरनलाई नै समयअनुकूल फेसन भन्न पछि पर्दैनन् । यस्तो पहिरन शैली हेर्दा लाग्छ, शरीरलाई उदांगो नपारी ग्लामरस लुक्स प्राप्त गर्न सकिँदैन ।

'शरीर नङ्ग्याउदैमा ग्लामरस देखिन्छ भन्नु भ्रम हो' आईसी कलेज अफ आर्ट एन्ड फेसनकी प्रबन्ध निर्देशक शैलजा अधिकारी भन्छिन्- 'फेसनेबल युवायुवतीले त्यस्तो सोच्छन् जस्तो मलाई लाग्दैन ।' अहिलेका पुस्ता फेसनप्रति निकै सचेत रहेको अधिकारी बताउँछिन् । 'फेसनेबल युवायुवती ब्लाइन्ड छैनन्,' अधिकारी भन्छिन्- 'कुन बेला कस्तो फेसन गर्ने भन्ने कुरा उनीहरूलाई राम्रोसँग थाहा छ ।' जाडोको सिजनमा पनि मिनिस्कर्ट लगाउन सकिन्छ, तर मिनिस्कर्टसँग लेगिङ्स लगाउन बिर्सनु हुँदैन । कुन पहिरनलाई कुन पहिरनसँग कसरी मिलाएर लगाउने भन्ने ज्ञान हुनुपर्छ । मिनिस्कर्टसँगै, लङबुट, स्काफ, ज्याकेट लगाएर पनि ग्लामरस देखिन सकिन्छ । यसका लागि आफ्नो पर्सनालिटी एवं शारीरिक बनावट ख्याल गर्नुपर्ने हुन्छ । जाडोमा पनि दिउँसो, बिहान र बेलुकीको मौसम फरक-फरक हुने भएकाले फरक-फरक किसिमका पहिरन लगाउन सकिन्छ ।

छोटा पहिरनमा मात्र युवायुवतीको सौन्दर्य खुल्छ भन्ने कुरा फेसन विज्ञहरू मान्न तयार छैनन् । आफ्नो व्यक्तित्व सुहाउँदो र मौसम अनुकूल पहिरनले ग्लामरस देखिने राजेश धाख्वा बताउँछन् । 'शारीरिक बनावटअनुसार उपयुक्त पहिरन रोज्नुपर्छ,' फेसन डिजाइनर धाख्वा भन्छन्- कुन मौसममा कस्तो पहिरन लगाउने भन्ने ज्ञान हुनुपर्छ ।' फेसनको ट्रेन्ड पच्छ्याउन खोज्नेहरू जाडोमा भन्दा गर्मीमा बढी स्टाइलिस देखिन्छन् भन्नु भ्रम हो । जाडोमा पनि आफू सुहाउँदो पहिरन र शरीरलाई मेन्टेन गर्न सक्ने हो भने स्टाइलिस लुक्स दिन सकिने अधिकारी बताउँछिन् । 'मौसमको मागअनुसार आफूलाई अपडेट राख्नु नै फेसनेबल हुनु हो,' अधिकारी भन्छिन् । सिद्धान्ततः फेसन डिजाइनरहरू पनि मौसम अनुकूल पहिरनलाई नै फेसनको संज्ञा दिन्छन् । मौसमले नै फेसनको ट्रेन्ड विकास गर्ने कुरामा उनीहरू जोड दिन्छन् । जस्तो, गर्मीमा हल्का रङ र छोटा अनि जाडोमा गाढा रङ र पूरा शरीर ढाक्ने पहिरन ।

नेपालमा फेसनले व्यावसायिक रूप लिँदै गएको छ, जसको प्रभावबाट युवायुवतीहरू अछुतो छैनन् । प्रविधिको विकासका कारण पनि फेसनेबल युवायुवतीहरूको ध्यान त्यतातिर मोडिएको हो । यतिबेला धेरै युवायुवती टेलिभिजन र वेबसाइटबाट फेसन ट्रेन्डका बारेमा जानकारी लिन्छन् । बेलाबेला हुने फेसन शोप्रति पनि युवायुवतीको चासो बढ्दै गएको पाइन्छ । डिजाइनरहरूद्वारा डिजाइन गरिएको पहिरनमा समेत युवावर्गको रुचि देखिन्छ । आफ्नो शरीर सुहाउँदो पहिरन डिजाइन गरेर लगाउने चलन बढ्दै गएको डिजाइनर धाख्वा बताउँछन् ।

फेसनको नाममा कतिपय युवायुवती विदेशी ट्रेन्डको अन्धअनुकरण गर्छन् र तिनै युवायुवतीहरू मौसमअनुकूल पहिरन लगाउन चुक्छन् । जाडो मौसममा मिनिस्कर्टसँग वक्षस्थल खुल्ने स्वीटर लगाएर हिँड्ने युवतीहरू प्रशस्तै देखिन्छन् । चिसोले जतिसुकै सताए पनि फेसनेबल देखिने बहानामा उनीहरू यो सब सहन बाध्य हुन्छन् । अरूको नजर आफूतर्फ आकर्षित गर्न लगाइएको पहिरनले आफ्नै शरीरलाई हानि पुऱ्याइ रहेको हेक्का राख्नुपर्छ । अर्धनग्न बन्दैमा ग्लामरस देखिन्छ भन्ने भ्रमले यस्तो अवस्था ल्याएको फेसन विज्ञहरू बताउँछन् ।

जाडोको सिजनमा हाइनेक, पूरा शरीर ढाक्ने न्याना पहिरन आवश्यक हुन्छ । शिरदेखि पाउसम्म ढाक्ने पहिरनवाट पनि ग्लामरस देखिन सकिन्छ । अहिले नेपाली फेसन बजारमा कोरियन चलचित्रको प्रभाव प्रस्टै देखिन्छ । कोरियन फेसनको सिको गर्दै टोपी, लङबुट, ज्याकेट, मफलर, लङकोट, जम्परका साथै विभिन्न ब्रान्डका जुत्ताको माग नेपाली बजारमा बढेको छ ।

**जाडोमा कस्तो पहिरन लगाउने ?**

जाडो मौसममा शरीरलाई न्यानो राख्ने पहिरन रोज्नुपर्छ । घामको ताप बढी सोस्ने गाढा कालो, खैरो तथा हरियो रंगको कपडा लगाउनु उपयुक्त मानिन्छ । अहिले बजारमा गाढा बैजनी तथा हरियो रंगका कपडा चल्तीमा छन् । शारीरिक बनावटअनुसार पनि फरक-फरक डिजाइनका पहिरन लगाउनुपर्छ । जस्तो, मोटा मानिसलाई कालो कपडामा साना प्रिन्टेट, लाइनिङ कपडा, गला खुलेको सुहाउँछ भने दुब्लालाई ठूलो प्रिन्टेट, चेक कपडा तथा कम खुलेको गला सुहाउँछ । त्यसैगरी गोरो छाला भएकाहरूलाई गाढा रंगको कपडा र कालो छाला भएकाहरूलाई खैरो, गाढा नीलो र पहेंलोबाहेक अन्य रंगका कपडाले आकर्षक देखाउँछ ।

## पारिवारिक स्वास्थ्य



# निमोनियाँ

पाँच वर्षमुनिका बालबालिकालाई हुने प्राणघातक रोगमध्ये निमोनियाँ पनि एक हो । विकासोन्मुख देशहरूमा मात्र प्रतिवर्ष करिब ३० लाख बालबालिकाको मृत्यु निमोनियाँकै कारण हुन्छ । नेपालमा मृत्यु हुने बालबालिकामध्ये करिब २० प्रतिशतलाई निमोनियाँ भएको पाइन्छ, तर विकसित मुलुकहरूमा निमोनियाँले खासै असर पारेको देखिँदैन । विकासोन्मुख देशहरूमा निमोनियाँ बढी हुनुको कारण शिशुको जन्म तौल कम हुनु पनि हो । शिशु जन्मनेबित्तिकै उसको तौल २ किलो ५ सय ग्रामभन्दा माथि हुनुपर्छ । हाम्रो देशमा अधिकांश गर्भवती महिलामा उचित स्याहार तथा पोषण नपुगेका कारण धेरै शिशुको तौल २ किलो ५ सय ग्रामभन्दा कम हुने सम्भावना हुन्छ । त्यस्तै कुपोषण, भिटामिन 'ए' को कमी, राम्रो स्तनपान नगराउनु, कमजोर आर्थिक एवं सामाजिक अवस्था, ठूलो र अव्यवस्थित परिवार अनि वातावरणीय प्रदूषणजस्ता समस्याले गर्दा पनि निमोनियाँ बढ्न तथा फैलिन मद्दत पुग्छ ।

विशेष गरी जाडोयाममा शिशुलाई रुघा तथा अन्य श्वास-प्रश्वाससम्बन्धी भाइरसजन्य रोग लागिरहन्छन् । यस्तो रोगले च्यापेको अवस्थामा शिशुहरू कमजोर हुन्छन् । यस्तो अवस्थामा उसलाई अझ चिसो लाग्न नदिन हावाको प्रवाह बन्द गरिएको हुन्छ अर्थात् गुम्साइएको हुन्छ । यसरी गुम्साएको अवस्थामा शिशुलाई निमोनियाँले च्याप्ने सम्भावना अझ बढी हुन्छ ।

निमोनिया विभिन्न किसिमका हुन्छन् । विभिन्न किसिमका निमोनियाँका लक्षण फरक-फरक भए पनि केही लक्षणचाहिँ एक अर्कासँग मिल्छन् । शिशुलाई जाडो भएर ज्वरो आउनु, काँप्नु, श्वास छिटोछिटो फेर्नु तथा खोकी लाग्नु निमोनियाँका साधारण लक्षण हुन् । शिशुले दूध चुस्नु छोड्नु, अति छिटोछिटो स्वास फेर्नु, कोखा हान्नु तथा शिशु नीलो हुँदै जानु निमोनियाँको खतरनाक अवस्था हो । यस्ता खतरनाक लक्षण देखा पर्ना साथ उपचार सुरु गरिएन भने शिशुको ज्यान जान सक्छ ।


तीन महिनादेखी तीन वर्षसम्मका बालबालिकालाई हुने निमोनियाँको करिब ४० प्रतिशत निमोनिया भाइरसबाट हुन्छ । भाइरसद्वारा हुने निमोनियाँ धेरै खतरनाक हुँदैन, तर भाइरसले गर्ने निमोनियाँ र ब्याटेरियाले गर्ने निमोनियाँको लक्षणमा खासै फरक हुँदैन । भाइरसले संक्रमण गरेको बेला पनि ब्याक्टेरियाले पनि संक्रमण गरेर निमोनियाँ भएको हुन सक्छ । त्यसैले निमोनियाँ शिशुहरूका लागि खतरनाक रोग नै हो भनेर बुझ्नुपर्छ । कुनै पनि किसिमको निमोनियाँको उपचारमा ढिलाइ गर्नुहुँदैन ।

निमोनियाँ एक किसिमको सरुवा रोग हो । निमोनियाँका जीवाणु हावाको माध्यमबाट फोक्सोसम्म पुग्छ । त्यसैले वातावरणीय प्रदूषण मुख्य रूपले हावाको प्रदूषणमा हामीले विशेष ध्यान पुऱ्याउनुपर्छ । शिशुको नजिक चुरोट, बिंडी खानु हुँदैन तथा शिशुलाई बढी धूवाँ भएको ठाउँमा राख्नु पनि राम्रो होइन । यसबाहेक शिशुको पोषणमा पनि विशेष ध्यान पुऱ्याउनुपर्छ । शिशु छ महिनाको नहुन्जेल आमाको दूध मात्र ख्वाउनुपर्छ । विश्व स्वास्थ्य संघले शिशु ६ महिनाको नपुगेसम्म चिकित्सकको सल्लाहबिना पानी पनि नख्वाउनु भन्ने नारा दिएको छ । यसले निमोनिया मात्र नभई अन्य भाइरसबाट हुने रोगबाट शिशुलाई जोगाउँछ । त्यस्तै शिशुलाई चिसोबाट जोगाउनुपर्छ एवं सरसफाइमा सुधार ल्याउनुपर्छ ।

यी सबै उपाय अपनाउँदा-अपनाउँदै पनि शिशुलाई निमोनियाँ हुन सक्छ । निमोनियाँ नै भएको हो भन्ने पक्का गर्न छातीको एक्सरे तथा अन्य परीक्षणहरू गर्नुपर्ने हुन सक्छ । निमोनियाँ भएको शिशुलाई एन्टिवाइटिकसँग अन्य औषधीहरू पनि दिनुपर्ने हुन सक्छ । निमोनियाँका जीवाणुअनुसार तथा रोगको प्रकृति हेरेर एन्टिबायोटिक छनोट गर्नुपर्छ । कुनै-कुनै अवस्थामा बिरामीलाई भर्ना गरेर सुईको माध्यमबाट पनि औषधी दिनुपर्छ । चिकित्सकको सल्लाहबमोजिम, सही मात्रा र समयमा शिशुलाई औषधि सेवन गराए निमोनियाँ सतप्रतिशत निको हुन्छ ।

**डा. बालकृष्ण साह,**
**मेची अञ्चल अस्पताल**

## आत्महत्या



सन् २००९ मा जापानमा ३० हजार मानिसले आत्महत्या गरेका थिए ।



जापानमा आत्महत्याको मुख्य कारण बेरोजगारी, सामाजिक उत्तरदायित्व एवं उदासीनता हो ।



जापानमा आत्महत्या गर्ने मानिसमा ७० प्रतिशत पुरुष हुन्छन् ।




आत्महत्या गर्ने पुरुषमा ५६ प्रतिशतले हतियारको प्रयोग गरेर आत्महत्या गर्छन् भने ३१ प्रतिशत महिलाले यही शैलीमा आत्महत्या गर्छन् ।



आत्महत्या पुरुषको मृत्यु हुने सातौं कारण हो भने महिलाको सोर्‍हौं कारण ।

महिलाभन्दा चार गुणा बढी पुरुषले आत्महत्या गर्छन् भने पुरुषको तुलनामा महिलाले तीन गुणा बढी विष सेवन गरेर आत्महत्या गर्छन् ।

## साप्ताहिक कोठेपद



**दायाँ**

१. थारू समुदायको एक थर (४)
२. शरीरमा हुने एक धातु (४)
३. तुलना गर्न योग्य (४)
५. मध्यपश्चिमको एक जिल्ला (५)
६. रुखमा रहेको टोड्को (३)
७. नेपाली कागज बनाइने घाास (३)
८. आकाश (३)
९. सुन, सुवर्ण (३)
१०. जसमा लेख्ने, छाप्ने गरिन्छ (३)
१३. रुखको आधार (२)
१४. स्थापित शिर्ष व्यक्तित्व (३)
१५ एक प्रकारको साग (२)
१६. सानो भन्दा सानो (४)
१७. मनलाई आनन्द दिने (५)
१९. वातावरणको पर्याय (५)
२१. मीठो गन्ध (३)
२२. घुम्ने काम, विचरण (३)
२३. एक प्रकारको कपडा (४)
२४. रामको भाइ (३)


**तल**

१. मगर मुदायको एक थर (३)
२. त्रिगुणमध्ये एक (२)
३. पातलो कुहिरो (३)
४. मृत्युको देवता (४)
५. भोटो देखाउने ठाउा (५)
६. बहर नलागेकी कुमारी गाई (३)
७. सबैको प्यारो, जनप्रिय (४)
८. युद्ध, लडाई (३)
९. एक प्रकारको माटो (३)
११. हरिणको एक प्रजाति (३)
१२. अति सामान्य (४)
१३. महाभारतकालिन मगध नरेश (४)
१५. थुप्रो, धेरै (२)
१६. गणेशको एक नाम (४)
१८. रामकथा (४)
२०. घेरो, मण्डल (३)
२१. सहज पहाुच भएको (३)


## पत्याउनु हुन्छ ?



सुसन रोसेनले डिजाइन गरेको ब्रा महँगो भित्री पोसाकमा पर्छ । १ सय ५० क्यारेटको हीरा, मणि जडान गरेर तयार पारिएको यो पोसाक निर्माण हुँदा विश्वकै महँगो मानिएको थियो जसलाई प्रदर्शनका क्रममा अमेरिकी नायिका मोलि सिम्सले पहिलो पटक लगाएकी थिइन् ।



जापानको कावासाकीमा वार्षिक रूपमा आयोजना हुने महोत्सवमा विभिन्न सामग्रीहरू प्रयोग गरेर कृत्रिम लिंग तयार गरिन्छ । यौनकर्मीहरूले विशेष रूपमा मनाउने यो महोत्सवमा सहभागी भए यौन रोग नलाग्ने विश्वास छ ।



प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको टाउकोको एक्स-रे हालै लिलाम गर्दा करिब २४ लाख रुपैयाँमा बिक्री भयो । उक्त एक्स-रे आइन्स्टाइन प्रख्यात वैज्ञानिक हुनुभन्दा एक दशक अघि खिचिएको थियो ।



अस्ट्रेलियाका जोसेफ गुइसोले आफैंले पालेको ५ वर्षको ल्याब्राडोर जातको कुकुरसँग विवाह गरेका छन् । आफ्नो जीवनको मिल्ने साथी भएको र आफूलाई सधैं काममा साथ दिने हुनाले उनले कुकुरसँग विवाह गरेको बताएका छन् ।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी
yogeshkhapangi@gmail.com



## • तालुमा आलु •



प्रकाश ओझा

श्रीमान् म मेरी श्रीमतीसँग पारपाचुके गर्न चाहन्छु एक व्यक्तिले न्यायाधीशसँग भन्यो ।

'किन ?' न्यायाधीशले सोधे ।

'मेरी श्रीमतीलाई अलिकति रिस उठ्नुहुँदैन, डाडु-पन्यु जे भेट्यो त्यसैले हिर्काउँछे ।'

'त्यसरी हिर्काउन थालेको कति भयो ?'

'बिहे गरेकै दिनदेखि हजुर ।'

'अनि बिहे गरेको चैं कति भयो ?'

'६ वर्ष हजुर ।'

हँ, न्यायाधीश छक्क परे, 'बिहे गरेको छ वर्ष भयो अनि पारपाचुके गर्न चैं आज आएको ?'

'के गर्नु हजुर, पहिले पहिले त म छक्याउन भ्याउँथे, आजभोलि त मिसै जाँदिन ।'

०००

आधा रातमा एउटा ट्याक्सीलाई अँध्यारोमा कुनै यात्रीले रोक्ने इसारा गऱ्यो । जब ट्याक्सी रोकियो ड्राइभर छक्क पऱ्यो, किनभने यात्री एउटी युवती थिई र पूर्ण नग्न अवस्थामा । युवती केही नबोली ट्याक्सीभित्र बसी र हिँड् भन्ने इसारा गरी, तर ड्राइभर हतप्रभ भएर ट्वाल्ल पऱ्यो र युवतीलाई हेरिरह्यो ।

'के भयो ?' युवती बोली- 'जीवनमा कहिले नग्नयुवती देखेको छैनौ ?'

'देखेको छ नि,' ड्राइभर बोल्यो ।

'अनि ? किन ट्वाल्ल परेर हेरेको ?'

'म सोच्दैछु'

'के सोच्दैछौ'

'सोच्दैछु कि ट्याक्सी भाडाचैं कहाँबाट निस्कन्छ ।'

०००

राजुलाई छिमेकी अन्टीले सुन्तला दिनुभयो ।

राजुकी मम्मीले भन्नुभयो : 'राजु, आन्टीले तिमीलाई सुन्तला दिनुभयो अब तिमी आण्टीलाई के भन्छौ ?'

'ताछेर दिनुस् ।' राजुले भन्यो ।

०००

दुई मित्रको गफ :

'मैले बिहे गरेँ, किनभने म होटलको खाना खाँदा-खाँदा वाक्क भएको थिएँ । सधैं आफ्नो लुगा धुँदा-धुँदा, बटनबिनाको सर्ट लाउँदा लाउँदा वाक्क भएको थिएँ ।'

'छक्क पर्नु छ यार, मैले सम्बन्ध-विच्छेद पनि यिनै कारणहरूले गरे ।'

०००

'यो मोड यति खतरनाक छ,' ट्याक्सी चालकले स्थानीय मानिसलाई सोध्यो- 'यहाँ मानिससँग सावधान गर्ने कुनै बोर्ड किन नराखेको ?'

'पहिले राखिएको थियो, एक हप्ता भयो त्यसलाई हटाएको ।'

'किन हटा'को ?'

'बोर्ड १ वर्षसम्म राखियो तर यो ठाउँमा कुनै दुर्घटना भएन अनि गाउँ कमिटीले अनावश्यक मानेर बोर्ड हटाइदिए ।'

०००

## • कविता •

### हेराइ नशालु



तिम्रो मादकपूर्ण हेराइ नशालु
तिम्रो अँगालेको बेराइ नशालु
समीप मेरो हुन्नौ तिमी मिर्मिरेको बेला,
निदभरीको तिम्रो घेराइ नशालु
आजभन्दा भोलि राम्रो, भोलिभन्दा पर्सि,
यौवनको चोला फेराइ नशालु
हर्कन्छ, बढ्छ फूल्छ, फल्छ, पाकी झर्छ एक दिन,
उठने समयको केराइ नशालु ।

-विजय राई

### आउँछ सपना

आउँछ सपना आकृति र रंग फेरी-फेरी
कैद मनलाई तड्पाउँदै मुटु सेरी-सेरी
केही तीता केही मीठा बल्झिदिन्छन् यादहरू
छातीभित्र वेदनाको चल्दा आँधिबेरी
कतै कष्ट कतै मस्त जिन्दगी यो विडम्बना
क्यानभासको चित्रजस्तो अमूर्तझैं सबै जना
फरक यति दुख्छ मुटु होसमा छँदाखेरि
आउँछ सपना आकृति र रंग फेरी-फेरी

दीपक सुनुवार

### हर्ष तिम्रै हो

सफल चाहे जोसुकै होस् हर्ष तिम्रै हो
आउने-जाने नयाँ-पुराना वर्ष तिम्रै हो
अघि बढ्न खोज्ने पाइला नरोक्नु बीचैमा
मेहनतका अघिपछि संघर्ष तिम्रै हो
तलतिर जाऊ वा त माथितिरै चढ
सफल हुने-नहुने निष्कर्ष तिम्रै हो
हातीको झैं देखाउने दाँत नभए पो राम्रो
देखाऊ वा लुकाऊ त्यो आदर्श तिम्रै हो ।

विजय राई

### पहिलो भेटको हेराइमा

आँखाभरि सपना छ मुटुभरि माया
जता जान्छु त्यतै देख्छु, तिम्रो शीतल छायाँ
आजभोलि सबै वस्तु, लाग्न थाल्यो नयाँ
जिन्दगीमा पाएँ मैले, तिम्रो चोखो माया
पहिलो भेटमै, तिमी सित, मैले माया लाएँ
जिन्दगीको गोरेटोमा, तिम्रो साथ पाएँ
हजार फूलको बीचबाट एउटा फूल रोजें
पहिलो भेटको हेराइमै, मैले तिमीलाई रोजें ।

कुमार सुनाम

### लास जलेसरि

यिनै घायल आत्मामा चोटहरू लुकेसरि
हँसाउने थिए होला यथार्थमा हाँसेसरि
मेरा यिनै औंलाहरू कामेको नभए
लेख्ने थिएँ होला जीवनकथा आँसुसरि
भिजेका परेलीहरू ओभाएको नभए
देखाउने थिए होला पीरव्यथा दुखेसरि
यसरी तड्पिएर बाँच्नु परेको न'भए
हेर्ने थिएँ होला मरेको लास जलेसरि ।

दोषी अज्ञान

### माया

कुनै करेन्ट बग्ने तार होइन माया
जतासुकै गुड्ने मोटर-कार होइन माया
सधैंभरि गोडमेल गरेकै हुँ मैले
बारीभरि उम्रने कुनै झार होइन माया
छियाछिया भएको छ मेरो मुटु आज
कुनै पनि खुकुरीको धार होइन माया
मिलीजुली सुखदुःख जीवनमा बाँडौं
कसले भन्छ जीवनको सार होइन माया
मेरो मनमा भित्रभित्रै घोचेको छ आज
सधैं घोच्ने सिउँडीको बार होइन माया
धुर्की लगाई धम्की दिँदा डराउँदैन कोही
खुर्सानी पड्काउँदाको खार होइन माया ।

दीपेन्द्र घिमिरे

## • लघुकथा •



### सिर्जना

दीपश्री आफूलाई चर्चित कविका रूपमा परिचित गराउँथे । कोही भेट भयो कि आफ्ना दुई चार रचना सुनाउन हतारिन्थे । जसले उनको कविता सुन्न मान्दैन, उसलाई अशिक्षित, टुप्पाबाट पलाएको वा पुच्छर नभएको मानिसको उपमा दिन्थे । उनको कविता सुन्नेले अरू कवि वा लेखकको आलोचना पनि सुन्नुपर्थ्यो । यदि कसैले उनको कवितामा ती कुरामा कमजोरी देखायो भने भन्थे, 'मैले अरूले जस्तो चोरेको होइन, चोरेर उत्कृष्ट बनाउनुभन्दा कमजोर सिर्जना नै महान हो ।'

केही वर्षको निरन्तर संघर्षपछि उनले एउटा साहित्यिक पत्रिकामा सहायक सम्पादनको जिम्मेवारी पाए । केही समयपछि उनले कविता लेख्न छाडे ।

आखिर दीपश्रीले कविता लेख्न छाड्नुको कारण पत्ता लाग्यो । उनीसँग भएको प्रसिद्ध हिन्दी कविता संग्रहहरू जागीर खाएकै दिन हराएछ । त्यसयता उनी अरूको कविताको सम्पादन त गर्छन्, तर आफू कविता लेख्दैनन् । बरु हिजो अस्ति चोरीको आरोप लगाउने लेखकहरूको कवितालाई आफ्नै पत्रिकामा साह्रै प्रशंसा गरेर समालोचना लेख्छन् ।

उदीत साह

# घरायसी विवादकै कारण महिला हिंसा बढ्यो

**कृपा थापा**

'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' अर्थात् जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवताको वास हुन्छ भन्ने पौराणिक भनाइले केवल पुस्तकको शोभा बढाउने काम गरेको छ । पुरुषप्रधान हाम्रो समाजमा महिलाको स्थिति अझै पनि दयनीय अवस्थामा छ । गरिबी, अशिक्षा, अज्ञानता एवं अन्धविश्वासले ग्रसित मधेसी महिला विवश र निरीह रूपमा बाँच्न बाध्य छन् । अन्न भण्डारका रूपमा परिचित मधेसमा हाले देखिएको सशस्त्र द्वन्द्वको नकारात्मक प्रभाव महिलामाथि पर्ने गरेको छ । सशस्त्र समूहको त्रासमा पिल्सिएका मधेसी महिलामाथि घरेलु हिंसाको चरम यातना त छँदैछ, त्यसमाथि सशस्त्र समूहको अमानवीय क्रियाकलाप जस्तै बलात्कार, अपहरण एवं हत्याको त्रास पनि बढ्दो छ । दाइजो नल्याएको निहुँमा जिउँदै जलाउने, छोरी जन्माएको निहुँमा, आफ्नो श्रीमानद्वारा बहु-विवाह गरी यातना दिनेलगायत बोक्सीको नाउँमा महिलालाई थप प्रताडित गर्ने काम समाजका अगुवा भनाउँदाहरूबाटै हुने गरेको पाइन्छ । दाइजो नल्याएको कुरालाई आधार बनाएर महिलालाई जिउँदै जलाउने, मार्नेजस्ता घटना पनि सामान्य हुँदै गएका छन् । बोक्सीको नाममा दिनदहाडै महिलालाई अभक्ष खुवाइन्छ, छोरी जन्माएको निहुँमा महिलालाई घरनिकाला गर्नेदेखि लिएर अनेकौं यातना दिइन्छ, तर आजको युगमा आएर यस्ता घटना दिनदहाडै घटिरहँदा पनि सम्बन्धित निकाय मौन छ । महिला अधिकारको नारा चर्को स्वरमा उठिरहँदा पनि महिलामाथि हुने घरेलु हिंसा रोक्न पहल हुन नसक्नुले महिला अधिकारको नारा उद्योगका रूपमा मात्र फस्टाएको प्रमाणित हुँदैछ । लाग्छ, राजधानीकेन्द्रित अधिकारवादी संस्थाहरू मधेसका महिलाको पीडा, दुर्व्यवहार, यातना र त्रासबाट अनभिज्ञ छन् । महिलामाथि हुने यस्तो हिंसाले महिलालाई विक्षिप्त तुल्याउनुका साथै आत्महत्या गर्नेसम्मको वातावरण सिर्जना गरेको छ । शिक्षा, सीप तथा ज्ञानको अभावमा मधेसी महिलाले अनेकौं हिंसा बेहोर्ने गरेका छन् । महिलालाई शिक्षित बनाउनुपर्छ भन्ने मानसिकताले मात्र महिला हिंसालाई रोक्न सक्दैन, किनभने समाजका शिक्षित महिलाहरूबाटै पनि यस्ता क्रियाकलाप हुने गरेका छन् । सम्भ्रान्त परिवारको, शिक्षित र आफूलाई समाजको अगुवा भनाउँदाहरूबाटै घरेलु हिंसा मौलाउँदै गएको छ । ठूलाले जे गरे पनि हुने र सानाले जस्तोसुकै आरोप पनि खेप्नुपर्ने मानसिकताबाट ग्रसित मधेसी समाजलाई केवल शिक्षाले मात्र परिवर्तन गर्न सक्दैन । कु-संस्कार र धर्मको नाममा आडम्बर फैलाउँदै महिलालाई प्रताडित गर्ने व्यक्ति, वर्ग र समुदायलाई कडाभन्दा कडा कारबाही गर्न राज्यले नियम-कानुनको व्यवस्था गर्नुपर्छ । दण्डहीनताको संस्कृतिले जरो गाड्दै गएकाले जसले जे गरे पनि हुन्छ भन्ने मानसिकताका कारण अपराध दिनानुदिन बढ्दै गएको छ, तर त्यसप्रति कसैको ध्यान जान सकेको छैन ।



मधेसको प्रतिनिधित्व गरेर सभासद् बनेका मधेसी महिला सभासद्हरूको बथान ठूलै छ, जसले महिला अधिकारको नाममा सडक र सदन घेर्ने हिम्मत गर्न सक्छन्, तर मधेसी महिलालाई अधिकार दिलाउने आँटसमेत गर्न सक्दैनन् । वास्तवमै भन्ने हो भने उनीहरूले आफूलाई महिला अधिकारमुखी आन्दोलनको अगुवा माने पनि मधेसमा विद्यमान समस्यालाई परिवर्तन गर्न अथवा हटाउन केही गर्न सकेका छैनन् । मधेसी महिलाका समस्या केलाउन पोख्त मधेसी महिला सभासद्हरू मधेसका समस्यालाई राजनैतिक रूपमा उठाउन मात्र सक्रिय छन् । मधेसवादी पार्टीभित्रै जातीय राजनीति हावी भएको र महिलालाई नेतृत्वपंक्तिमा समावेश नगरेकै कारण पनि मधेसी महिलामाथि हुने हिंसा रोक्न मधेसी सभासद्हरू सफल हुन सकेका छैनन् । परिवर्तनको सुरुवात आफैंबाट गर्नुपर्छ भन्ने भनाइलाई आत्मसात् गर्ने हो भने पनि हामी प्रत्यक्ष रूपमा देख्छौं कि मधेसवादी पार्टीभित्रै वर्गीय र जातीय राजनीति हावी छ । महिलालाई विशेषाधिकार दिनुपर्छ र उनीहरूलाई अधिकार सम्पन्न बनाउनुपर्छ भनेर नारा उठाउने तर अधिकार दिने बेलामा भने सधैं पछाडि पार्ने प्रवृत्ति र कमजोर मानसिकताको उपज हो मधेसमा बढ्दै गएको घरेलु हिंसा ।

नेतृत्ववर्गबाटै परिवर्तनको सुरुवात हुनुपर्ने हो तर राजधानीकेन्द्रित मधेसी सभासद्हरूको आँखाबाट ओझेलमा परेको छ मधेसमा बढ्दै गैरहेको घरेलु हिंसा । मधेसी महिलाहरूलाई भोट माग्दा, कार्यकर्ता भेला गर्नुपर्दा प्रयोग गरिन्छ, तर मधेसी महिला पीडित हुदाँ, बोक्सीको नाउँमा अभक्ष खुवाइँदा, दाइजो निहुँमा जिउँदै जलाउँदा कुनै पनि मधेसवादी दललगायत मधेसी महिला सभासद् तथा मधेसी महिलालाई अधिकार दिलाउन खोलिएका महिला सगंठनहरूको ध्यान गएको पाइदैन ।

## ● सन्देश ●

दिदी सञ्जु र अजया, आफ्नो रीतिरिवाज अनि शान्तिका अग्रदुत बुद्धलाई कहिल्यै नभुल्नु। साथै दिनचर्या खुसीसाथ बितोस्- शुभकामना छ।

**टासी गुरुङ**

प्यारी छोरी जेसिका, जन्मदिनको शुभकामना एवं बधाई, साथै प्रगतिको कामना छ। जिनितामा पनि जन्मदिनको शुभकामना।

**रितु+संगम**

म सदासदा हजुरकै प्रेमको प्रतीक्षामा रहनेछु। खै के भनौं ? हजुरकै यादमा तड्पिएर बाँचिरहेकी छु, हजुर जहाँ भए पनि सधैं खुसी रहनु। म हजुरविना अधुरो छु, हजुरविना बाँच्न गाह्रो छ। जीवन जीउन हरेक पल हजुरको आवश्यकता पर्छ।

**माया**

साथीहरू नितु, सञ्जु, शर्मिला, सुष्मा, सुनिता, पूनम, अरुण, सरिता, माया, अस्मिता, डिल, संगीता, खेम, कुमारी, तनु, जमुना, शर्मिला, विमला, बहिनी मेलिना, नयन, मेहल तथा घर-परिवारमा सम्झना।

**लक्ष्मी गुरुङ**

अब पनि तोकिएको समयभित्र संविधान बनेन भने नेपाली जनताले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ। देश दुर्घटनामा पर्न सक्छ। त्यसैले सभासद्ज्यूहरू, आपसमा फुटेर होइन, जुटेर समझदारीका साथ संविधान लेख्न कम्मर कस्नोस्, जनताका वाचा पूरा गर्नोस्।

**रामेश्वर सिलवाल**

मित्र शिवुलाई जन्मदिनको शुभकामना। मदन, प्रेमा, बलराम र रविनका तर्फबाट पनि।

**कालु**

शिव, जन्मदिनको लाखौंलाख शुभकामना, तिमीले चालेका प्रत्येक पाइलामा सफलताले चुम्न सकोस्।

**कुसुम**

शिवु, जन्मदिनको लाखौंलाख शुभकामना। तिमीले चालेका प्रत्येक पाइलाले सफलता चुमुन्।

**ऋचा**

बहिनी भीमालाई जन्मदिनको लाखौंलाख शुभकामना, तिमीले चालेका पाइला-पाइलाले सफलता चुम्न सकून्।

**कुसुम**

मंसिर १८ गते शनिबार धादिङबाट काठमाडौं आउने बसमा मलेखुबाट चढेकी र अन्तिम सिटको कुनामा बसेर गीत सुन्दै सामान्य ज्ञान पढ्ने, ताहाचलमा दिदीसँग बस्ने र कक्षा १२ मा पढ्ने बताउने साथी, बाटोमा तिमीले दिएको कुरकुरे र सुन्तला खाँदै आइयो, बाटोमा गाडी बिग्रिएपछि सँगै गाडी कुरे पनि तिमी अर्को गाडीको अगाडि बसेर गयौ, मैले तिमीसँग राम्रोसँग परिचय पनि गर्न भ्याइनँ, त्यसैले कृपया सम्झना छ भने एकपटक फोन गर ल।

**सँगै बस्ने अपरिचित**

रोशनी, अध्ययनको व्यस्तताका कारण तिमीसँग सम्पर्क हुन सकेन। म प्रत्येक शनिबार mausham2008@yahoo.com मा अनलाइन हुन्छु, आउनु ल। तिम्रो शैक्षिक सफलता अनि दीर्घायु जीवनको कामना गर्छु।

**टाशी**



**सूचना**

**ईस्वी सम्वत्को नयाँ वर्ष २०११ का अवसरमा आफन्तहरूलाई साप्ताहिकमार्फत् शुभकामना दिन चाहनेहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा पुस १२ गतेसम्म आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ।**

**–सम्पादक**

## जिन्दगीको कथा

जब तिमी र म एक थियौं त्यतिबेला तिमीले मेरो जिन्दगीको ढोकामा भोटे ताल्चो लगायौ, साँचोचाहिँ आफूले राख्यौ। आज त्यही साँचो लिएर तिमी अर्केको ढोका खोल्न गयौ। म खोली थिएँ, तिमी पानी बगेर गयौ। तिम्रो दोष छैन, तिमी पोखरी, इनार वा कुवाँ अझ भनौ समुद्रमा रोकिनलाई म खोलीले कहाँ रोकेर राख्न सक्थें र ? तिमीलाई मैले पाउनु थियो भने म समुद्र हुन नसके पनि पोखरी, इनार वा कुवाँसम्म त हुनुपर्ने तर सकिनँ। म खुट्टा नभएको लङ्गडो तिमी पखेटा भएकी चरी तिमी र मकहाँ मिल्न सक्थ्यौं र ? समाज स्वार्थी छ, व्यक्ति स्वार्थी छन्, त्यही स्वार्थी समाजमा हुर्किएकी तिमी कसरी चोखो रहन सक्छौ र ? तिमीले भूल गरेकी होइनौ, मेरो चोखो मायामै खोट रहेछ। चाहेको सबै चीज पाउनैपर्छ भन्ने पनि त केही छैन होइन र ?

अनि तिमीले साथीलाई भनेकी रहेछौ नि- जिन्दगीले एउटा बाटो बिराए पनि अरु बाटाहरू आउँछन् तर मेरो जीवनको त्यो नै अन्तिम बाटो थियो। अब जिन्दगीमा त्यस्ता बाटा कहिल्यै आउँदैनन्, कुनै मोडमा आइहाले पनि त्यसको कुनै औचित्य हुनेछैन र हुँदैन पनि किनकि मैले दुःख पीडा अनि बिछोडसँग नाता गाँसिसकेको छु, आँसु पिउँदै एक्लै जिउन जानिसकेको छु। हुन त गरिब थिएँ म, तिम्रा सारा खुसी किन्न सक्दिनथें, तिम्रा हरेक इच्छा पूरा गर्न पनि त सक्दिनथें। त्यसैले तिमी रमाउँदै गयौ पराइको अँगालोमा म पीडामा जल्दै गएँ तर पनि तिमीसँग मेरो केही गेनासो छैन बस एउटै कुरा दुख्दो रहेछ मुटु बिछोडले रेट्दा जति कहाँ दुख्छ र खुकुरीले रेट्दा।

मैले त माया गरेको थिएँ सच्चा मनले, पवित्र साइनो जोडेको थिएँ। खै कुन कर्मको फल हो कुन्नि बदलामा आँसु झारी रुनु सिवाय अरु कुनै विकल्प रहेन। रोइरहें हरपल, हरक्षण, आफैंभित्र म पलपल जीवनभरि जलिरहें मैन जलेझैं बस जली नै रहें। यसरी नै कतिन्जेल बिताउन लगाउँछ समयले बिताइदिउँला। कति चोट दिन सक्छ सहिदिउँला तर तिमीले बनिसकेको घरलाई राम्रोसँग सम्हाल्नु, जिन्दगीमा बाँकी रहेका रहरहरू पनि पूरा गर्ने प्रयास गर्नु, जहाँ जस्तो अवस्थामा भए पनि जीवन खुसीसँग बिताउनु, सदा खुसी रहनु अनि परिवारलाई पनि खुसी राख्ने प्रयास गर्नु, पारिवारिक भएपछि जिम्मेवारी थपिएका होलान्, जिन्दगी राम्रोसँग चलाउनु, विगतका कुरा सम्झेर वर्तमानलाई धमिलो नपार्नु, तिम्रा जीवनका हरयपाइलाले सधैं उन्नति र प्रगतिका बाटाहरू मात्र चढिरहुन्, तिमी बस्दा केस नझरोस्, हिँड्दा कहिल्यै ठेस नलागोस्, आँटे ताकेको पूरा होस्। म त अरु के नै पो गर्न सक्छु र ? मात्र अब तिम्रो खुसीको कामना गर्छु भगवान्सँग।

अन्तमा जे भए पनि मीठो-नमिठो दुई छाक खाएर हिँडेकै छु, एकसरो कपडा भए पनि शरीरमा बेरेकै छु, तिम्रो खुसी देख्न पाउँछु कि भनेर आरोह-अवरोह अनि घातप्रतिघात सहदै बाँचेको छु। खै समयले कत्तिको साथ दिन्छ हेर्न बाँकी नै छ।

**एम.बी. उदास**

## ● जीवनको गोरेटोमा ●



## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..........................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव : .............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : .............................. वर्ण : ..............................

इमेल :

ठेगाना :

तपाई कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



स्वभावले गम्भीर भए पनि गणेश ढकाल मिलनसार छन्। ५ फिट ६ इन्च अग्ला गणेश २२ वर्षका भए। बी.एड. अध्ययनरत ढकाल नेपाल प्रहरीअन्तर्गत ट्राफिक सेवामा छन्। जागिरलाई सेवाको भावनाले हेर्ने गणेश अप्ठ्यारो काममा अघि सर्न रुचाउँछन्। हालसम्म अविवाहित गणेश मिलनसार, सहयोगी एवं दुःख बुझ्न सक्नेहरूलाई साथी बनाउन चाहन्छन्। गणेशलाई महानगरीय ट्राफिक प्रभाग, गौशाला, काठमाडौंमा पत्राचार गर्न सकिन्छ।



१९ वर्षकै उमेरमा साहित्यिक सिर्जना गरेर आफ्नो क्षेत्रमा नाम राख्न थालेका मनीष भट्टराई मूलतः विद्यार्थी हुन्। उनी प्लस टुको परीक्षा दिएर बसेका हुन्। प्रकृतिप्रेमी मनीष ५ फिट ५ इन्च अग्ला छन्। गहुँगोरो वर्णका मनीष मिलनसार, सहयोगी एवं लगनशिल व्यक्तिहरूसँग मित्रता गाँस्न चाहन्छन्। उनलाई mbh–funny2049@yahoo.com मा पत्राचार गर्न सकिन्छ।

आफूलाई 'हेन्सी' उपनामले चिनाउने विष्णु यादव १८ वर्षका भए। हालै सरकारी जागीरमा प्रवेश गरेका विष्णु ५ फिट ८ इन्च अग्ला छन्। हँसिलो स्वभावका विष्णु अविवाहित हुन्। विदेश भ्रमण गर्ने इच्छा भएका विष्णु विदेशमै बस्नुपर्छ भन्ने कुराको भने विरोधी हुन्। विष्णुलाई हँसिला, सुन्दर एवं शान्त प्रकृतिका युवतीहरूसँग मित्रता गाँस्ने रहर छ। विष्णुलाई कारागार कार्यालय, रुपन्देही शाखा, भैरहवामा पत्राचार गर्न सकिन्छ।



विज्ञान विषय लिएर कक्षा ११ मा अध्ययनरत जुनु राई १५ वर्षकी भइन्। बोल्नुअघि अनुहारमा मुस्कान छरिनु जुनुको प्राकृतिक स्वभाव हो। ५ फिट अग्ली जुनुको एक मात्र उद्देश्य चिकित्सक बन्नु हो। यसका लागि उनी अहोरात्र मेहनत गरिरहेकी छिन्। जुनुको स्थायी ठेगाना धरान भए पनि अहिले उनी काठमाडौंको एउटा निजी कलेजमा अध्ययनरत छिन्। उनी दुःखमा साथ दिने एवं मनको कुरा बुझ्न सक्ने साथीको खोजीमा छिन्। राईलाई धरान नगरपालिका वडा नम्बर-८, बान्द्रे चोकमा पत्राचार गर्न सकिन्छ।





भविष्यमा सामाजिक सेवामा हात हाल्ने लक्ष्य लिएका जनम चाम्लिङ राई २१ वर्षको भएँ। बीबीएस प्रथम वर्षमा अध्ययनरत जनम ५ फिट ४ इन्च अग्ला छन्। गहुँगोरो वर्णका जनमको स्वभाव चन्चले छ। उनी एउटै स्थानमा लामो समयसम्म बस्न सक्दैनन्। उनी आफ्नो भविष्यप्रति निकै चिन्तित छन्। उनलाई आफूले बाटो नबिराऊँ भन्ने चिन्ताले नै असल साथीको साथ चाहिएको हो। काठमाडौंका अस्थायी बासिन्दा जनमलाई दित्तेल, दोर्पा-५ चम्पा वा darsan_namastes@yahoo.com मा पत्राचार गर्न सकिन्छ।



समाजका सबै व्यक्तिलाई समान देख्ने झविन्द्र के.सी. पेसाले शिक्षक हुन्। कक्षा १२ सक्नेबित्तिकै अध्यापन पेसा थालेका झवीन्द्र अविवाहित नै छन्। उनी ५ फिट ६ इन्च अग्ला छन्। पत्रिका एवं गम्भीर पुस्तक पढ्ने रुची भएका झविन्द्र जीवनलाई राम्रो उद्देश्यमा लगाउनुपर्छ भन्छन्। उनी सुन्दरतामा ध्यान नदिने एवं बौद्धिकता बढाउने प्रयास गरिरहेका सबैलाई पत्रमित्रताका लागि आग्रह गर्छन्। के.सी.लाई ढाकावाङ् गाविस, योगीथुम-८ अर्घाखाँचीमा पत्राचार गर्न सकिन्छ।



# फुटबलमा रूसी हात

● **हिमेश**

तेलको राजनीतिले विश्व राजनीतिलाई हल्लाउँछ भनिन्छ, ठूलठूला युद्ध र सम्झौता तेलकै लागि भएका मानिन्छन् । अब तेलको प्रभाव फुटबलमा पनि स्पष्ट देखिन थालेको छ । विश्वकपका नयाँ दुई संस्करण रूस र कतारले गर्ने भएका छन् । कतारले आयोजना गर्ने विश्वकपका लागि अझै धेरै समय बाँकी छ, आठ वर्षपछि आउने पालो रूसकै हो ।

दुवैले देशले अन्तर्राष्ट्रिय खेलकुदकै सर्वाधिक ठूलो महोत्सव आयोजना गर्ने अवसर पाउनुका पछाडिको प्रमुख कारण उनीहरूले पेस गरेको समृद्ध आर्थिक स्थिति नै हो । यो स्थिति उनीहरूको तेल व्यापारबाट सम्भव भएको हो । विश्वकप फुटबल पहिलोपल्ट पूर्वी युरोपमा जाँदैछ र विश्व फुटबलमा रूसी चर्चा हत्तपत्त सेलाउनेछैन ।

अहिले रूस अत्यधिक जाडोबाट गुज्रिरहेको छ, त्यहाँका फुटबल मैदानहरू हिउँले ढाकिएका छन् । रूसी घरेलु फुटबलमा अचेल जाडोको बिदा चलिरहेको छ, तर विश्व फुटबलमा रूसी हात यत्तिमै टुंगिँदैन । पछिल्लो समय विश्व फुटबलका दुई चर्चित क्लब चेल्सी र वायर्न म्युनिखका पछाडि रूस छ ।

अर्थात् रूसी धनाढ्यहरूले चेल्सी र वायर्न म्युनिखलाई चलाइरहेका छन् । भलै इंग्ल्यान्डले सन् २०१८ मा विश्वकप आयोजना गर्ने अवसर रूससँगै गुमाएको थियो । चेल्सीले पछिल्ला केही वर्षमा



विश्व फुटबलमा तहल्का मच्चायो । एक अर्थमा चेल्सी सफलताको पर्यायजस्तै बन्यो । त्यसको कारण थियो– तेल व्यापारले असाध्यै धनी भएका रोमन अब्रामोभिच क्लबका मालिक हुनु ।

पारम्परिक रूपमा चेल्सीलाई इंग्लिस फुटबलका सफलतम क्लबमा गनिँदैन । यो परम्परा अहिले तोडिएको छ । जर्मन फुटबलमा त बायर्नको अर्थ सिंगै देशको फुटबल परिचयजस्तै हो । जर्मन फुटबलले पाएका जति पनि सफलता छन्, त्यसमा बायर्नको योगदान अवश्य जोडिन्छ । फिफा मतदानमा रूसका पक्षमा भोट हाल्नेमा जर्मनी पनि थियो ।

सन् २००६ यता रूसी ग्यास कम्पनी गाजप्रोमले बायर्नको नाममा प्रत्येक सिजन ३ करोड डलरभन्दा बढी खर्च गरिरहेको छ । उता चेल्सीको प्रसङ्ग उठाउँदा सन् २००३ सम्म चेल्सी आर्थिक संकटमा थियो । अब्रामोभिचले के क्लब किनेका थिए, त्यसले एकपछि अर्को सिजन इंग्लिस प्रिमियर लिग उपाधि जितेको छ ।

अब्रामोभिच पनि तेलको व्यापारबाटै राता रात धनी भएका हुन् । उनीसँग कति धेरै पैसा छ भने उनी आफूले चाहेको खेलाडी जति मूल्य तिरेर पनि किन्न सक्छन् । उनको खर्च गर्न सक्ने क्षमताले गर्दा विश्वकप फुटबलमै सन्तुलन बिग्रिएको आरोपसमेत छ । चेल्सीले केही समययता राम्रो खेलिरहेको छैन, यस्तोमा उनले कुनै पनि समय पूरा टिम परिवर्तन गर्न सक्छन् ।

रूसले विश्वकप आयोजना गर्ने अवसर जित्नुमा प्रधानमन्त्री भ्लादिमिर पुटिनको ठूलो हात मानिन्छ । पुटिन यसअघि राष्ट्रपति थिए । रूसमा उनी सर्वाधिक प्रभावशाली व्यक्तित्व हुन् । पुटिनले भनेका पनि छन्, 'विश्वकप आयोजना गर्न अब्रामोभिचले आफ्नो धनको केही अंश खर्च गरे पनि पुग्छ ।'

## ५ प्रश्न



सन् २००६ को अन्त्यमा मस्कटमा ओमनविरुद्धको खेलमा राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय फुटबलमा डेब्यू गरेका **सन्दीप राई** नेपाली फुटबलका स्टार डिफेन्डर हुन् । सुनसरी दुहवीका राई १० वर्षको कलिलो उमेरमै एन्फा एकेडमीमा छनोट भएका थिए । २१ वर्षीय सन्दीपले मनाङमर्स्याङ्दीमा दुई र थ्रीस्टारमा तीन सिजन बिताए । थ्रीस्टार छाडेर यो सिजनको सुरुमा मनाङमर्स्याङ्दीसँग आबद्ध भए पनि रिलिज लिएर उनले भारतको 'बी' डिभिजन क्लब मोहम्मडन स्पोर्टिङसँग ८ महिनाका लागि सम्झौता गरेका थिए । त्यहाँ उनको पारिश्रमिक मासिक १ लाख ३० हजार रुपैयाँ थियो । कोलकाताको क्लबसँग अनुबन्ध ३ महिना बाँकी हुँदै फेरि आकर्षक पारिश्रमिकमा मनाङमर्स्याङ्दी फर्किएका राईसँग ५ प्रश्न :

**सम्झौता नसकिदै नेपाल फर्कनुको कारण के हो ?**

मलाई मन पराएका प्रशिक्षक सइद नयिमुद्दिनले क्लब छाडेपछि म्यानेजमेन्टसँग राम्रो सम्बन्ध रहेन । नयाँ प्रशिक्षकले खेल्ने अवसर पनि कमै दिन थाले । मैदानमा २ जना मात्र विदेशी खेलाडी खेल्न पाउने नियम छ । क्लबमा ६ विदेशी थिए । त्यसैले पहिलो रोजाइ अग्रपंक्तिका अफ्रिकीलाई खेलाउँदा बेन्चमै बस्नुपर्ने बाध्यता बन्यो । घरभन्दा टाढाको नयाँ ठाउँ बस्नुपर्दा 'होम सिक' पनि भयो । त्यसैले क्लबसँग कुरा गरेर स्वदेश फर्कने निर्णय गरें ।

**भारतका अन्य क्लबको पनि प्रस्ताव आएको थियो नि ?**

आएको थियो, पहिलो श्रेणीको एयर इन्डियालगायत ३-४ क्लबको प्रस्ताव आए पनि २०६८ को अन्त्यसम्म नेपालमै खेल्ने निर्णय लिए ।

**फेरि मनाङमर्स्याङ्दी रोज्नुको कारण के हो ?**

मनाङमर्स्याङ्दी नेपालको राम्रो क्लब हो । मनाङ नेपालका कुनै पनि ठूला प्रतियोगिता जित्न टिम योग्य छ । क्लबमा मेरा थुप्रै साथी छन् । व्यवस्थापन पनि राम्रो छ । त्यसैले मनाङमर्स्याङ्दी नै रोजे । राम्रो टिम भएकाले हामी सहभागी हुने सबै प्रतियोगिता जित्न चाहन्छौं ।

**नेपाल र भारतको फुटबल स्तरमा के अन्तर छ ?**

खासै अन्तर छैन, नेपालका धेरै खेलाडी भारतका राम्रा क्लबमा खेल्न योग्य छन् । स्तर उस्तै छ । फरक यति हो, खेलाडीले भारतमा धेरै पारिश्रमिक पाउँछन्, नेपालमा थोरै ।

**गर्लफ्रेन्ड छ ? विवाह कहिले गर्ने ?**

गर्लफ्रेन्ड छैन, ३० वर्ष पुगेपछिमात्र विवाह गर्ने सोच छ ।

**–राजु घिसिङ**

## मैदान बाहिर





# रोनाल्डोद्वारा छोरा स्वीकार

ब्राजिलका फुटबल स्ट्रार रोनाल्डोले जापानमा पाँच वर्षअघि जन्मिएका बालक आफ्नो छोरो भएको स्वीकार गरेका छन् । हाल सिंगापुरमा बसोबास गरिरहेका ती बालक र रोनाल्डोको डीएनए मिलेपछि रोनाल्डोले आफू उक्त बालकको बुबा भएको कुरा स्वीकार गरेका हुन्, '३४ वर्षीय रोनाल्डोले आफ्नो ट्विटरमा लेखेका छन्- 'एलेक्स मेरो छोरो हो र ऊ तीन जना दाइसँग रमाएर बस्नेछ र म एउटा बाबुले गर्नुपर्ने कर्तव्य पूरा गर्नेछु ।'

एलेक्सकी आमा मिचेल उमेजुले एलेक्सका पिता रोनाल्डो भएको र उसको लालनपालको जिम्मा रोनाल्डोले लिनुपर्ने आवाज उठाउँदै आएकी थिईन् । उनको कुरालाई रोनाल्डोले अस्वीकार गर्दै आएका थिए । रोनाल्डोले मिचेललाई सन् २००२ मा जापान र दक्षिण कोरियाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा पहिलो पटक भेटेका थिए । सन् २००४ मा रोनाल्डो रियल म्याड्रिडवाट खेल्ने क्रममा जापानको फुटबल टुरमा रहँदा उनीहरूबीच सम्बन्ध गाँसिँदा मिचेल गर्भवती भएकी थिइन् ।

ब्राजिलियन मूलकी २८ वर्षीया मिचेल हाल सिंगापुरमा बस्दै आएकी छिन् । रोनाल्डोले मेलिना डोमिन्ग्वेजसँग पहिलो विवाह गरेर एक सन्तान पाएका थिए भने अहिले दोस्रो श्रीमती विया एन्टोनीबाट दुई छोरी छन् ।

# साम्प्रासको घरमा चोरी





घर सर्ने क्रममा टेनिस खेलाडी पिट साम्प्रासको घरमा चोरी हुँदा उनले खेल जीवनमा पाएका अधिकांश पदक तथा ट्रफी गुमाएका छन् । कडा सुरक्षा व्यवस्थाको प्रबन्ध गरेर राखिएको स्थानबाट उनले खेलजीवनमा पाएका पुरस्कारहरू मात्र चोरी भएको छ ।

लस एन्जलसस्थित घरबाट चोरी हुने क्रममा उनले १४ वटा ग्रान्डस्ल्याम जितेर पाएका ट्रफीहरूमध्ये १३ ट्रफी अन्यत्र भएका कारण चोरी हुनबाट जोगिएको छ । आफ्नो खेलजीवनमा ६४ वटा उपाधि जितेका साम्प्रासका बाँकी सबै पुरस्कार चोरी भएको थियो, जसमा उनले पहिलो ग्रान्ड स्ल्याम जित्दा पाएको अस्ट्रेलियन ट्रफी पनि छ ।

'चोरी भएका ट्रफीहरू मेरा छोराछोरीहरूका लागि बहुमूल्य थियो । मेरा छोराछोरीहरूले मेरो सफलता हेर्न पाएका थिएनन् । मलाई अझै पनि आशा छ, चोरले ती ट्रफी नष्ट गरेको छैन ।' सन् २००२ मा टेनिस खेलबाट सन्यास लिएका ३९ वर्षीय साम्प्रासले सन् २००० मा अमेरिकी नायिका ब्रिगेट विल्सनसँग विवाह गरेका थिए । उनका दुई छोरा छन् ।

# नभ्रातिलोभा हिमाल चढ्दै



पूर्व टेनिस खेलाडी मार्टिना नभ्रातिलोभा अफ्रिकाको सर्वाधिक अग्लो हिमाल किलिमान्जोरा चढ्न असफल भएकी छिन् । तान्जानियास्थित उक्त हिमाल चढ्न नभ्रातिलोभाका साथमा जर्मनीका पारा ओलम्पिक साइकल चालक माइकल टुबेर तथा बेलायतका ओलम्पिक ब्याडमिन्टन खेलाडी गेल इम्स पनि गएका थिए । लाउरेस स्पोर्ट्स फर गुड फाउन्डेसनका लागि अर्थ संकलन गर्ने अभियानमा नभ्रातिलोभाले हिमाल आरोहणमा लागेकी थिइन् । स्तन क्यान्सरबाट गुज्रिएर स्वास्थ्य लाभ गरेपछि नभ्रातिलोभा यो अभियानमा लागेकी हुन् । यो परियोजनाले विभिन्न विकासशील देशमा खेलकुदको विकासलाई सहयोग गर्दै आएको छ । आरोहणमा जानुपूर्व नभ्रातिलोभाले भनेकी थिइन्- 'यो हिमाल आरोहण गर्ने सोच पहिल्यै थियो । मलाई स्तन क्यान्सर भएको थाहा पाएपछि योजनालाई केही थाती राखेकी थिएँ । दुर्भाग्य आरोहण थालेको चौथो दिनमै उनले आरोहण परित्याग गर्नुपर्‍यो । हाई अल्टिच्युटका कारण उनी ४ हजार ५ सय मिटर माथिसम्म मात्र पुगेकी थिइन् । उक्त हिमालको उचाइ ५ हजार ८ सय ९५ मिटर छ ।





# अमृतलाई आठौं मिस्टर हङकङ नेपालको उपाधि

● निर्मल श्रेष्ठ

हङकङ- स्वदेशमा लामो समयदेखि शारीरिक सुगठन प्रतियोगिताले गति पाउन नसकिरहेका बेला हङकङेली नेपाली युवाहरूले भने गत आइतबार आठौं 'मिस्टर हङकङ नेपाल' सम्पन्न गरे। युङ लङ थियटर हलमा आयोजित प्रतिस्पर्धामा ३८ वर्षीय अमृत गुरुङले २०10 को शीर्ष उपाधि जिते। मिस्टर हङकङ नेपालसँगै बेस्ट पोजिङको उपाधिसमेत गुरुङले नै बाजी मारे। दुई वर्षदेखि हङकङमा बसोबास गर्दै आएका अमृत स्याङजा, बरस्टेका हुन्। शीर्ष उपाधि जितेबापत उनले १० हजार हङकङ डलर तथा बेस्ट पोजिङका लागि थप २ हजार हङकङ डलर (करिब १ लाख २० हजार रुपैयाँ) जिते।

यसपटक मिस्टर हङकङ नेपालमा सहभागी अधिकांश खेलाडी एकनासे शरीरका भएकाले दर्शकहरूलाई भावी विजेता ठम्याउन गाह्रो थियो। अन्ततः फस्ट रनर्सअपमै चित्त बुझाएका तमुर तामाङसँग कडा प्रतिस्पर्धा गर्दै अमृत विजेता घोषित भए। अमृतले २०५४ सालमा आयोजित मिस्टर पोखरामा समेत सेकेन्ड रनर्सअपको उपाधि जितेका थिए। कार्यव्यस्तताले तीन महिना मात्र राम्रो तयारी गर्न भ्याएको बताउँदै गुरुङले परदेशी भूमिमा सहभागिता जनाएको पहिलो प्रतियोगितामै शीर्ष उपाधि जित्न सकेकोमा खुसी प्रकट गरे। 'एउटा खेलाडीलाई टाइटल जित्नुभन्दा खुशी केमा नै लाग्ला र ?' साप्ताहिकसँगको कुराकानीमा उनले भने, 'पहिलोपटकमै सफलता



मिलेकामा खुसीको सीमा नै छैन।' तथापि सबै खेलाडी उत्कृष्ट रहेकाले शीर्ष उपाधि नै जितिएला भन्ने नसोचेको समेत उनले बताए। अमृत भारोत्तोलनका समेत राम्रा खेलाडी हुन्। २०५३ सालमा पोखरामा आयोजित पश्चिमाञ्चल स्तरीय भारोत्तोलन प्रतियोगितामा उनले ६५ किलोग्राम तौल समूहका विजेता बनेको बताए।

प्रतियोगितामा फस्ट रनर्सअप भएका तमुरले भने निर्णयप्रति असन्तुष्टि व्यक्त गरे। 'आफैं पहिलो हुनपर्थ्यो भन्ने होइन, तर निर्णयप्रति म सन्तुष्ट छैन,' तमुरले दुःखेसो पोखे, 'शारीरिक सुगठनमा शरीर ठूलो हुँदैमा उत्कृष्ट भइदैन।' हङकङमा तमुरको पहिलो सहभागिता रहे पनि उनले काठमाडौंमा आयोजित मिस्टर नेपालमा सेकेन्ड रनर्सअपको उपाधि जितेका थिए। तीन महिनाअघि मात्र हङकङ भित्रिएका २८ वर्षीय तमुर अघिल्लो मिस्टर हङकङ नेपालका विजेता शम्भु तामाङका भाइ हुन्। प्रतियोगितामा सेकेन्ड रनर्सअपको उपाधि भने विश्वबहादुर थापाले जिते। गत वर्ष समेत सहभागी थापा त्यतिबेला उत्कृष्ट ६ बाट बाहिरिएका थिए। तमुर काठमाडौं, तीनकुने तथा विश्व गोंगबुका हुन्। हङकङ नेपाल बडी बिल्डिङ एसोसिएसनद्वारा आयोजित प्रतियोगितामा धर्मश्री विजेता सानु गुरुङले खेलाडीहरूलाई प्रशिक्षण प्रदान गरेका थिए। युवाहरूमाझ लोकप्रिय कान्तिपुर साप्ताहिक एवं स्थानीय वेबपत्रिका एचकेनेपाल डटकम प्रतियोगिताका सञ्चार सहयोगी थिए।

# एसियाडमा नेपालको कमजोरी र अन्तरद्वन्द्व स्वीकार

● राजु घिसिङ

काठमाडौं- चीनको ग्वान्जाउमा कात्तिक २६ देखि मंसिर ११ गतेसम्म भएको १६ औं एसियाली खेलकुदमा नेपालले २० खेलमा नाम दर्ता गराएर १९ खेलमा सहभागिता जनाएको थियो। जम्बो टोली सहभागी भए पनि नेपालको एक मात्र पदकका रूपमा बक्सिङका दीपक महर्जनले कांस्य जिते। त्यसैले यसपल्ट नेपालको एसियाड यात्रालाई असफल मान्नुपर्छ।

ग्वान्जाउमा नेपाली खेलाडीको प्रदर्शन कमजोर मात्र रहेन, नेपाल ओलम्पिक कमिटी (एनओसी) तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) बीच विवादको जुहारी नै चल्यो। तयारीदेखि सुरु भएको जुहारी एसियाड सकिँदा पनि टुंगिएन। त्यही विवाद र नेपालको कमजोर प्रदर्शनका सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयले छानबिन गर्ने भएको छ। त्यो छानबिनले पक्कै पनि नेपालको असफलताका कारण र विवादका दोषीको पहिचान गर्ने अपेक्षा गरिएको छ, जसले भविष्यमा नेपाली खेलकुदलाई अघि बढ्न सहयोग गर्नेछ।

'चाहे राखेप होस् वा एनओसी मन्त्रिपरिषद्को निर्णय उल्लंघन गरेर मान्छे ग्वान्जाउ लगिएका छन्', एसियाडको समीक्षा बैठकमा युवा तथा खेलकुद मन्त्री गणेश तिवारीले गत आइतबार भने, 'राखेपको अध्यक्ष आफैं भएकाले त्यसको नैतिक जिम्मेवारी मेरै हो। यस्तोमा राजिनामा गर्नुपर्छ, तर त्यो परिस्थिति छैन।' अदालतले ब्यूताएको र काम गरिरहेको दुई एनओसी र राखेप-एनओसीबीचको अन्तरद्वन्द्व एसियाड सहभागितामा प्रस्टै देखिएको उनले बताए।

एसियाडमा नेपाली टोलीको नेतृत्व गर्न सेफ द मिसन तोक्ने कुरामा एनओसी र राखेपबीच चर्को विवाद भएको थियो। 'आ-आफ्नो लाज पचाउन सेफ द मिसनको विवाद मिलाउनुभन्दा राखेप र एनओसीले मन्त्रीको नेतृत्वमा ग्वान्जाउ जाने बताएको' पनि मन्त्री तिवारीले बताए। उनले थपे, 'नतिजामा सबै सन्तुष्ट छन्, मलाई भने आश्चर्य लाग्यो। अरूले कसरी हेरेका छन्, मलाई थाहा छैन। म आलोचित छु। त्यसैले कमजोरी छानबिन गर्ने निष्कर्षमा पुगेका छौं।'

उता युवा तथा खेलकुद् मन्त्रालयका सचिव सुशीलशमशेर जबराले खर्चमा पारदर्शिता नभएको गम्भीर आरोप लगाएका छन्। उनले भने, 'नकारात्मक काम र चलखेल भएको छ। पारदर्शिता छैन। यो निकै गम्भीर कुरा हो। कहाँबाट गए ? कसरी गए ? खर्च कहाँबाट आयो ? छानबिन गर्नु जरुरी छ।'

व्यवस्थापनको कमजोरीले राष्ट्रिय झन्डामुनि कोही एनओसी र कोही राखेपको भागबन्डामा उभिनु राम्रो नभएको बताउँदै सचिव सुशीलले भने, 'प्रतिनिधित्वको जिम्मेवारी सरकारको हो। त्यसैले पनि छानबिन हुनुपर्छ।' व्यवस्थापनमा कर्मचारी र संघका पदाधिकारी धेरै गएको उनले बताए। त्यसमा सरकारले पैसा दिन नहुने उनको भनाइ थियो।

एसियाडमा सहभागि खेलका संघलाई मन्त्रालयमा लिखित रिपोर्ट दिन आग्रह गर्दै सचिव राणाले कानुनी प्रक्रियालाई सर्वोपरि मानेर अघि बढ्नुपर्ने बताए। उनले भने, 'कानुन उल्लंघन गर्ने दोषी हुन्छ र दोषीलाई कारबाही हुनुपर्छ। नेपाल कानुनी राज्य भएकाले कानुनभन्दा बाहिर जानु हुँदैन। कानुनमा कमजोरी भए परिवर्तन गर्न सकिन्छ।' अदालतले मान्यता नदिएको एनओसीसँग राखेपले गरेको सहकार्यका सम्बन्धमा उनले भने, 'सम्पूर्ण तयारी गर भनेपछि कोसँग समन्वय गर्ने भन्ने कुरा राखेपको हो।'

एनओसीले गैरजिम्मेवार कार्य गरेको आरोप लगाउँदै राखेपका सदस्यसचिव हरिबाबु चौधरीले एनओसी र राखेप विवाद तथा बजेटको कमीले एसियाडमा नकरात्मक प्रभाव पारेको बताए। ४ करोड १७ लाख रुपैयाँ माग गरेकोमा सरकारले एसियाडका लागि ३ करोड ३३ लाख बजेट विनियोजन गरेको थियो। तयारी र सहभागिताका लागि बजेट अपुग भएको सबै संघका प्रतिनिधिले गुनासो गरे। राखेपले एसियाडमा सहभागिताका लागि सिफारिस गरेका १४ खेलमा ९८ खेलाडी, २० प्रशिक्षक, १५ व्यवस्थापक, २३ अफिसियल तथा ५ विशेष अतिथि ग्वान्जाउ गएका थिए।

**कमजोरी र विवाद स्वीकार**
**बजेट अपुग भएको गुनासो**
**खर्च पारदर्शी नभएको आरोप**
**तेक्वान्दोले माफी माग्यो**
**पदक नजिते पनि कराँते सन्तुष्ट**
**कांस्य विजेता दीपकको प्रशंसा**

बैठकमा सहभागी सबैले कांस्य पदक विजेता दीपकको प्रशंसा गरे। 'उनी आशालाग्दा खेलाडी हुन्', बक्सिङ संघका अध्यक्ष रविराज थापाले भने, 'उनलाई ओलम्पिकलगायत अन्तर्राष्ट्रिय प्रतियोगितामा अवसर दिनुपर्छ। विदेशमा राम्रो प्रशिक्षण दिने हो भने उनले नेपाललाई पहिलो ओलम्पिक पदक दिलाउन सक्नेछन्।' पहिलोपल्ट पदकविहीन भएकोमा तेक्वान्दो संघका कोषाध्यक्ष रविराज सिंहले क्षमा मागे।

लगातार तेस्रो संस्करणमा पदकविहीन भए पनि कराँते संघका अध्यक्ष पुरेन्द्र लाखेले भने खेलाडिको प्रदर्शनको खुलेर प्रसंशा गरे। राखेपअन्तर्गत तालिम तथा प्रशिक्षण विभागका निर्देशक नारायण यादवले नेपालको सहभागिता र उपलब्धिसम्बन्धी रिपोर्ट प्रस्तुत गर्दै भने, 'न्युन बजेट, पर्याप्त प्रशिक्षणको अभाव, परम्परागत उपकरण, राज्यको कम प्राथमिकता एवं सेफ द मिसन तोक्ने एनओसीको व्यक्तिवादी चरित्रले खेलाडिको प्रदर्शनमा नकरात्मक प्रभाव पार्‍यो।'

# अपांग बास्केटबल प्रतियोगिता

● शिव शर्मा

पोखरा- सपाङ्गहरूको बास्केटबल हेरिरहेका खेलप्रेमीहरूले यस पटक नौलो बास्केटबलको स्वाद लिन पाए। धेरैलाई कौतूहल जागीरहेको थियो अपाङ्गहरूले कसरी बास्केटबल खेल्लान्, तर गएको हप्ता पोखरामा सम्पन्न अपाङ्गहरूको बास्केटबल खेल हेरेर सबै दंग परे। उनीहरूको आत्मविश्वास र आँटको सबैले प्रशंसा गरे। यो अवसर जुटाएको थियो अपाङ्ग खेलकुद संघ जिल्ला समिति र नेपाल स्पाइनल कर्ड इन्जुरी स्पोर्ट्स एसोसिएसनले। खेलाडीहरू सपाङ्गसरह नै आत्मविश्वास र आँट लिएर प्रतियोगितामा सहभागी भएका थिए।

प्रतियोगितामा उपाधिका लागी ह्विलचियरको सहायतामा बल खोसाखोस गर्दै अपाङ्गहरू भिडे। उनीहरूको स्कोर गर्ने शैली र दौड कुनै व्यावसायिक बास्केटबल खेलाडीको भन्दा कम देखिएन। एक वर्षअघि काठमाडौमा अपाङ्गहरूबीच मैत्रीपूर्ण बास्केटबल खेल भए पनि प्रतियोगितात्मक रूपमा नेपालमै



पहिलो पटक यो प्रतिस्पर्धा भएको हो। राष्ट्रिय रूपमा भएको प्रतियोगितामा सहभागिताका लागि स्पाइनल कड इन्जुरी खेलकुद संघ काठमाडौंको पुरुष ए र बी तथा महिला टिमसँगै जिल्ला अपाङ्ग संघको ए र बी तथा महिला टिम गरी ६ टिमले प्रतिस्पर्धा गरेका थिए।

पोखराको पृथ्वीनारायण क्याम्पसको बास्केटबल कोर्टमा भएको प्रतियोगितामा पुरुष अपाङ्गतर्फ पोखरा सेतोले बाजी मारेको छ। खेलमा पोखराले ११ स्कोर बटुल्यो भने भने उपविजेता बनेको काठमाडौंले ०२ स्कोरमा चित्त बुझायो। पोखराका लागी भुवन गुरुङले ४, चेतप्रसाद अधिकारीले ४ तथा विष्णु अधिकारी र भरत कार्कीले १/१ स्कोर गरेका थिए। प्रतियोगितामा ४ स्कोर गरेका चेतप्रसाद अधिकारी प्रंतियोगिताका उत्कृष्ट खेलाडी घोषित भए। त्यस्तै तेस्रो स्थानका लागि भएको प्रतियोगितामा पोखरा नीलोले ०६ स्कोर गर्दै विजय हासिल गर्‍यो। तेस्रो चरणमा झलक अधिकारी म्यान अफ दी म्याच घोषित भए।

प्रतियोगिताको महिलातर्फको खेलमा काठमान्डौको टिम विजय भयो। काठमान्डौको टिमले १४ स्कोर गदै पोखराको टिमलाई ०२ स्कोरमा छाड्दै उपाधि हासिल गर्‍यो।



प्रतियोगिताभरि सर्वाधिक १२ स्कोर गरेकी काठमाडौंकी लक्ष्मी कुवर महिलातर्फ 'म्यान अफ दी म्याच' घोषित भइन्। कुल ४२ अपाङ्ग खेलाडीले सहभागिता जनाएको यो प्रतियोगितालाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइने आयोजक जिल्ला अपाङ्ग खेलकुद संघका अध्यक्ष भरतबिक्रम बानियाँले बताए। दुई दिनसम्म चलेको अपाङ्गहरूको राष्ट्रिय बास्केटबल खेल हेर्न सर्वसाधारणको भीड लागेको थियो।



विक्रम राई

## प्रसंग कतिपय

हालै थाइलैण्डका प्रधानमन्त्रीलाई उनका सल्लाहकारहरूले थाई जनताका तर्फबाट योजना, विकास निर्माण तथा त्यहाँको राजनैतिक समस्या एवं त्यसको समाधानसम्बन्धी लाखौं सुझाव संकलन गरी एक भव्य समारोहबीच हस्तान्तरण गरे। पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा समर्थक 'रातो कमिज' वालाहरू हुन् वा सेना समर्थित त्यहाँको सरकारमा बसेकाहरू हुन्, उनीहरूबीच एकआपसमा रस्साकसी त छूदैछ। 'गरी खान देऊ' भन्ने नारा थाइलैण्डको हकमा त्यहाँ लगानी गरेका पश्चिमा मुलुकका व्यापारीहरूलाई हामीले उधारो दिएका पनि होइनौं। फेरि त्यो हामीकहाँ कलिउडले जस्तो छेउको बलिउडबाट नक्कल पनि होइन तर सुरुसुरुमा इस्ट इण्डिया कम्पनीले व्यापार गर्न आएजस्तो गरी, पछि साम्राज्यको विस्तार गर्ने नीतिचाहिँ पक्कै हो।

आफ्नै भनाइमा मित्रराष्ट्रको असह्य हस्तक्षेपका विरुद्ध तर साँचो अर्थमा सत्ता पुन:प्राप्तिका निम्ति मई दिवसदेखि सुरु गरिएको एनेकपा माओवादीको विरोध प्रदर्शन झण्डैझण्डै 'रातो कमिज' को आन्दोलन बन्न खोज्दा उनीहरूकै शब्दमा 'कथित नागरिक समाज' को आडमा प्रतिकार हुनु स्वाभाविक नै थियो होला। उता माधव नेपालको सरकारले त्यो एनेकपा माओवादीको विरोध प्रदर्शनलाई झेलेका कारण थुप्रै सहानुभूति पाएकै थियो। तथापि उहिलेको दिल्ली सम्झौतादेखि अहिलेको तीनदलीय दिल्ली सम्झौतासम्म आइपुग्दा त्यही इस्ट इण्डिया कम्पनीवाला डक्ट्रिनलाई नमो नमः अनुसरण गर्दै आएका हाम्रा प्रतिनिधिहरूले 'लेण्डुप' बन्ने दौडमा आफूलाई नेताबाट नाइकेका रूपमा ढालेको सबैले देखेकै छन्। आफ्नो दलको सर्वसम्मत नेता बन्न नसक्नेहरू मुलुककै नेतृत्व गरी कसरी राजनेता बन्ला भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। परिणाम आज अधिकांश प्रतिनिधिहरू ठेकेदारी प्रथामा बनाइने स-साना गुट र झुण्डका नाइके बन्न पुगेका छन्। परिणाम नेपाली राजनीति शान्ति र समाधानतर्फभन्दा आपसी झैंझगडा र असफलतातर्फ उन्मुख भैरहेको छ।

गयामा श्राद्ध गरी पिण्ड दान गरेपछि सदाकाल पितृले मुक्ति पाएझैं माधव नेपालको सरकारले राजीनामा दिइसकेपछि उनमा पनि त्यही सोच पलाउनुले कुनै आश्चर्यबोध गराउँदैन। यद्यपि देशको प्रधानमन्त्री भैसकेको व्यक्तिले राजनैतिक निकासका निम्ति चुप लागेर बस्नु बदलाको भावनाबाट ओत्प्रोत भएको देखिनु हो। आफ्नै पार्टीको अध्यक्षलगायत अधिकांश कार्यकर्तालाई प्रभाव पार्न नसक्ने हाम्रा कामचलाउ प्रधानमन्त्रीले अन्य धेरै साना ठूला पार्टीका अध्यक्ष तथा तिनका कार्यकर्ताहरूलाई अति नै प्रभावमा पारेको देख्दा हैरान हुनुबाहेक के नै गर्न सकिन्छ र ? संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जान नपाएको झोंकमा विदेश भ्रमणका निम्ति निस्किएका प्रधानमन्त्रीले पुनः एकपटक पूर्वराजा ज्ञानेन्द्र शाहले उनको शासनको अन्तिम समयतिर गरेका विदेश भ्रमणलाई तरोताजा गराएका छन्।

गाउँको पल्ला घरे साहुलाई थर्काएर चन्दा उठाउनेहरूको दिनभरि खिस्सी-टिउरी गरी समय व्यतीत गर्ने यो सरकार जनताको संविधान बनाउने कार्यप्रति कति उत्सुक र जिम्मेवार छ, सबैले बुझेकै छन्। अध्यादेशबाट बजेट ल्याइसकेपछि यो कामचलाउ सरकार सेना र पुलिसको सरुवा र बढुवाको खेलमा लागिपरेको छ। सेना र पुलिसको चेन अफ कमान्डलाई प्रत्यक्ष प्रभावित हुने गरी 'आफ्नो मान्छे राम्रो मान्छे' सिद्धान्तलाई अनुसरण गर्दै राम्रा मानिएका ठाउँमा आफ्ना मान्छे नियुक्त गर्न ठूलै मात्रामा चलखेल भैरहेको छ। निजामती कर्मचारीहरू पहिलैदेखि त्यसको गोटी बन्दै आएका छन्। दक्षिण एसियामा अफगानिस्तानपछि दोस्रो भ्रष्ट कहलिएको हाम्रो देश नेपालमा माधव नेपालको सरकारले हरियो वन सबैभन्दा बढी नाश गरे पनि उनका वनमन्त्रीले यो कार्यकालमा सबैभन्दा बढी रूख रोपे। मूल खलनायकले समाजसेवा र राम्रो छवि बनाई राजनीति गर्ने तर उनका सहयोगी सह-खलनायकहरूले राति-राति उनलाई हप्तावारी बुझाउने दृश्य हामीले पर्दामा हेरेकै छौं। लोकतन्त्रको दुहाई दिने अनि सदन नबोलाउने र त्यसपछि अन्य दलहरूको समावेदनपश्चात् राष्ट्रपतिले सदन डाक्दा आफूले नियमित रूपमै सदन बोलाउनै लागेको तर महामहिमले नसोधी सदन बोलाइदिएको भनी गुनासो गर्दै हिँड्नु लाजमर्दो विषय हो। लोकतन्त्रमा जनमतको कदर गर्ने हो भने सरकारले समयमै सदन बोलाउने हिम्मत गर्नुपर्छ।

भारतमा इन्दिरा गान्धीले एउटा जबरजस्त शासकीय प्रचलनको सुरुवात गरेकी थिइन्। अझै त्यहाँका शासकहरू त्यसलाई प्रयोग गर्छन्। जब-जब इन्दिरा गान्धीलाई विपक्षीहरूले घेराबन्दी हाल्थे तब-तब उनी भारतलाई पाकिस्तानले हमला गर्नै लाग्यो भन्दै विषयलाई अन्तै मोड्थिन्। यो मामिलामा उनी केही हदसम्म सफल पनि भइन्। एनेकपा माओवादीको बहुलवादसम्बन्धी दृष्टिकोण अनि प्रचण्डको कलेज र विश्वविद्यालयलाई ब्यारेक अनि विद्यार्थीहरूलाई फौज बनाउने सपना साथै पछिल्लो समयको पूर्वयुवराज पारस शाह प्रकरणको प्रचारप्रसार र टिप्पणी कतै माधव नेपालको कामचलाउ सरकारले अपनाएको इन्दिरा गान्धी 'टोटका' त होइन ? अन्तरपार्टी संघर्षलाई आफ्नो पक्षमा पारेर आयु लम्बाउने प्रयासमा खप्पिस यो सरकारलाई हामी समवेदनाबाहेक के नै दिन सक्छौं र ? तर पनि आफैं धामी झाँक्री बनी मृत शरीरमा सास फर्काउन औषधिउपचारमा लाग्नु भनेको निर्लज्जताको पराकाष्ठा हो। त्यसो त हाम्रो धार्मिक ग्रन्थ रामायणमा भरतले बनवास गएका भगवान् रामको खडाउ सिंहासनमा राखेर शासन गरेका थिए भन्ने उल्लेख छ। नेपालकै इतिहासमा पनि साना बालकलाई राजा बनाई भाइ भारदारहरूले शासन गर्ने गरेका थिए। त्यसैले अब आमनेपालीले यो अर्धमृत सरकारलाई सिंहासनमा राखेर कसले शासन चलाउन खोज्दैछ बुझ्नु आवश्यक भएको छ।

prasangakatipaya@hotmail.com




**नवदीप अजनवी**

नुवाकोट। पर्यटन वर्ष २०११ लाई लक्षित गरी नुवाकोटमा हिमालय भ्यू क्रस कन्ट्री ओपन माउन्टेनबाइक च्याम्पियनसिप प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगितामा २ घन्टा २४ मिनेट निर्धारित दूरी पार गर्दै अजय पण्डित प्रथम, राजकुमार श्रेष्ठ द्वितीय तथा नारायणगोपाल महर्जन तृतीय भएका थिए। श्रेष्ठले उक्त दूरी २ घण्टा २९ मिनेट र महर्जनले २ घण्टा ३५ मिनेटमा पार गरेका थिए। नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा आयोजित भ्यू क्रस कन्ट्री ओपन माउन्टेनबाइक च्याम्पियनसिप प्रतियोगिता राजधानीको बुढानीलकण्ठदेखि नुवाकोटको नुवाकोट दरबारसम्म भएको थियो।

काठमाडौंदेखि नुवाकोट दरबारसम्मको ५३ दशमलव ३ सय ३० किलोमिटर दूरीको प्रतियोगितामा तीन महिलासहित ४७ जनाको सहभागिता थियो। प्रतियोगितामा नर्वे र संयुक्त राज्य अमेरिकाका गरी तीन विदशी पनि सहभागी थिए। जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितालाई नेपाल साइक्लिनिङ एसोसिएसन एवं नेपाल पर्यटन बोर्डले सघाएका थिए।

ऐतिहासिक स्थल नुवाकोट दरबार क्षेत्रलाई प्रचारप्रसार गर्न प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेलेको नुवाकोट सम्पदा मञ्चका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले बताए। प्राकृतिक सुन्दरताको अवलोकनका साथमा यात्रा गर्न पाइने बुढानीलकण्ठ-नुवाकोट माउन्टेनबाइक यात्राका लागि राम्रो रहेको नेपाल साइक्लिङ संघका महासचिव सन्दीप पाण्डेले बताए।

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इन्डीयन, चाईनिज, कन्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, वारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपिङ्ग आदि।
▸ ५ तारे होटलमाका प्रशिक्षकबाट तालिम।
▸ विदेश जानेहरुको लागी स्पेशल कोर्ष।
▸ Ex-practical को लागी होटलहरुमा पठाईने सक्षम नभएमा पुन: कक्षा गराएर सक्षम बनाईने।
अन्तर्राष्ट्रिय होटल तालिम प्रा. लि.
बालाजु चोक (Vision Institte) सँगै
फोन: 01- 4384548

Worldwide Valid Certificate
होटल तालिम
वेटर/वेट्रेस तालिम फ्रि
+ 5star Hotel मा काम दैनिक भत्ता रु. २००/-
* Cook * Waiter सिक्नेलाई English Lunguage फ्रि
* Bar man * Coffee Maker सिक्नेलाई Waiter फ्रि
1mth Special Indian Tandoori Course
हेण्डीक्रयाफट तालिम: कुसन, डल, फलावर पनि सिकाईन्छ
▸ नेपालको एक मात्र सेफद्वारा संचालित भएको हुदा।
▸ थप तालिमको लागि 5 Star Hotel मा पठाईन्छ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर Ph:4387405
बसुन्धरा चौकी अगाडि रिङरोड सँगै Ph:016212336

अर्जेन्ट आवश्यकता
हाम्रो यस NAO Company को लागि निम्न कर्मचारीको आवश्यकता परेको हुँदा बायोडाटासहित सम्पर्क गर्नुहोला।
पहिला आउनेलाई पहिलो प्राथमिकता

| पद | तलब | योग्यता | संख्या |
|---|---|---|---|
| Data Entry | 23,500 | SLC + above | 10/10 ladies/gents |
| Phone Operator | 6,500 +Bonus | 10+2 + above | 5/5 ladies/gents |

(Transportation Free)
सम्पर्क:
मित्रपार्क UTL टावरको पहिलो तल्ला
०१-२२५७२६०, ९८४११५९११९

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
☼ ल्यापटप, रेडियो क्यासेट DVD, VCD, TV
☼ कम्प्यूटर हार्डवेयर, सफ्टवेयर Guarantee
☼ एसी/फ्रिज, प्लम्बर लोडसेडिङ्ग नो प्रोब्लम
☼ हाउसवायरिङ्ग
☼ मोटरवाईण्डिङ्ग
१४ वर्ष पुरानो
Job को लागि सहयोग
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

Shaping Minds Group
Putalisadak 2222605 4233478
New Baneshwor 2292233 4782162
Kumaripati 2292244 5008632
Sarojina Scholarship Fund
नि:शुल्क शिक्षा
Exams & Hands out will be charged
सेपिङ्ग माइन्ड्स ग्रुप सोसल वेलफेएर (NGO) र सेपिङ्ग माइन्ड्स ग्रुप शिक्षा विभाग मिलेर विभिन्न विषयहरुमा १७२५ जनालाई नि:शुल्क शिक्षा प्रदान गर्दैछ।
IELTS
Special English*
Secretary Training
Accounting Package
Hardware & Networking
Personality Development
Admissions Strictly on: First Come First Serve Basis..
Itahari 025-584310
Birtamod 023-543102
Study in
UK / USA
Canada
Ireland
Germany
New Zealand
Switzerland
Many Others

जाँड-रक्सी
सुर्ति, चुरोटको कुलत
थाहै नदिई छुटाउन
मोटोपना घटाउन
तौल बढाउन
नेशनल हर्बो ट्रेड
फ्रि डेलिभरी
डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 98461-37418
चितवन: 9845159169, हेटौंडा: 057-526753

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १५ बर्षदेखि देशभर १४ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-५४१४६९, पुल्चोक : २०८२६४१, नारायणगढ ०५६-५७२१४४, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८, बागलुङ्ग ०६८-५२२७१० इटहरी चोक ०२५-५८०७५६

Global's Training in 5★ Hotel
ख्याती प्राप्त Hotelier बाट प्रयोगात्मक तालिम, So grab the opportunity
Vocational Course Detail
Learn & Earn Program
Hotel Management
F & B Management
Kitchen Management (Cook) (Continental/Chinese/Indian/ Bakery & Pastry) each 3 months
F & B Service Management (Waiter)
Bartender Management
Banquet Management
Front Office Management
Housekeeping Management
Internship compulsory in 5* Hotel
Trust a quality training
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4621098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट सँगै

Language/Computer/ Hardware /Networking
Computer : Basic, Office, Web, Graphics, Diploma, Programming, Accounting...
special & package programs:-
English, Japanese, French, German, Korean, Hebrew, Chinese, spanish, Italian...
TOEFL, IELTS, VISA / JOB INTERVIEW Pre. CLASSES
Osish Language & Computer Center (OLC)
New Baneshwor (opp.New Baneshwor Dept. store) 4785226
New Baneshwor (Opp.BICC water Tank) 4483414
Adwait Marg (Bagbazar) 4232866
Lagankhel (Bus park) 5004018

रोजगारीमूलक तालिम
१५ वर्षदेखि निरन्तर...
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
फोटोग्राफी
विवाह, व्रतबन्ध, टेलिफिल्म आदिमा भिडियो खिच्नुका साथै Editing गरिन्छ।
VISUAL EDITING & ANIMATION
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

SLC & above
1000 £
SCHOLARSHIP
Study in UK LONDON
IELTS optional
+2 with IELTS 6
50%
SCHOLARSHIP for Engineering
IELTS 90%
Scholarship for 1st Divisioners
Course Fee Rs. 5000.00 Books & CD's Included
If you score below 5.0 in IELTS Examination your IELTS exam Reg. fee will be 100% refunded
MY CAREER EDU. CON. PVT. LTD.
Contact for more information
4434136, 4440700
ECAN

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।